सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

७ मंसिर २०८०, बिहीबार (23 Nov 2023, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २१३ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

उपत्यकामा उच्च सुरक्षा सतर्कता

तीनकुनेमा युवा संघ र बल्खुमा प्रसाईं समूहले गर्ने प्रदर्शनलाई मध्यनजर गर्दै डिआइजीको नेतृत्वमा जेओसिसी गठन

करिब दश हजार सुरक्षाकर्मी परिचालन हुने

टेकराज थामी/नयाँ पत्रिका

एमालेको भ्रातृ संगठन युवा संघ र व्यवसायी दुर्गा प्रसाईं समूहले बिहीबार आयोजना गर्ने प्रदर्शनमा हुन सक्ने सम्भावित तनावलाई मध्यनजर गर्दै सरकारले उपत्यकामा उच्च सुरक्षा सतर्कता अपनाएको छ। सुरक्षाका लागि नेपाल प्रहरीका डिआइजीको नेतृत्वमा जोइन्ट अप्रेसन कमान्ड सेन्टर (जेओसिसी) गठन गरिएको छ।

सेन्टरको संयोजक काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका डिआइजी लालमणि आचार्यलाई तोकिएको छ। जसमा सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र सेनाका सात उच्च अधिकारी रहेका छन्।

संघले तीनकुने र प्रसाईंले बल्खु क्षेत्रमा प्रदर्शन गर्ने तय भएको छ। दुवै क्षेत्रमा सेन्टरकै कमान्डमा सुरक्षाकर्मी परिचालन हुनेछन्। नेपाल प्रहरी, सशस्त्र र राष्ट्रिय अनुसन्धान विभागका गरि करिब सात हजार सुरक्षाकर्मी फिल्डमा खटिदैछन्। यसबाहेक हेडक्वाटर र उपत्यकाभित्रका तीनवटै जिल्लामातहतका कार्यालयबाटसमेत खटिने गरि करिब १० हजार सुरक्षाकर्मी परिचालित हुनेछन्।

उपत्यका प्रहरी कार्यालय काठमाडौंका प्रवक्ता एसएसपी दिनेश मैनालीले तीनकुने र बल्खुमा हुने प्रदर्शनको सुरक्षार्थ सुरक्षाकर्मी परिचालन भइसकेको र सोही प्रयोजनका लागि डिआइजीको नेतृत्वमा जेओसिसी गठन भएको बताए। 'बिहीबार बल्खु र तीनकुनेमा प्रदर्शन हुने तय भएको छ। यसको सुरक्षाका लागि सुरक्षाकर्मी परिचालन भइसकेका छन्। डिआइजी लालमणि आचार्यको कमान्डमा कमान्ड सेन्टर गठन गरिएको छ,' उनले भने, 'सेन्टरमा सेना, प्रहरी, सशस्त्र र गुप्तचरका उच्च अधिकारी पनि सहभागी छन्। उनीहरूकै कमान्डमा सुरक्षार्थ सुरक्षाकर्मी परिचालन हुनेछन्। सुरक्षाको सबै प्रबन्ध तयार भएको छ।'



● **एसएसपी दिनेशराज मैनाली**, प्रवक्ता, उपत्यका प्रहरी कार्यालय काठमाडौं

बल्खु र तीनकुनेमा हुने प्रदर्शनलाई मध्यनजर गरेर डिआइजी लालमणि आचार्यको नेतृत्वमा ज्वाइन्ट कमान्ड सेन्टर गठन गरिएको छ। जसमा सेना, दुवै प्रहरी र गुप्तचरका उच्च अधिकारी पनि सहभागी छन्। उनीहरूकै कमान्डमा सुरक्षाकर्मी परिचालन हुनेछन्। सुरक्षाको सबै प्रबन्ध तयार भएको छ।

ड्रोनबाट पनि गरिनेछ निगरानी

प्रवक्ता मैनालीले प्रदर्शनको सुरक्षार्थ प्रविधिको समेत उच्चतम प्रयोग गरिने जानकारी दिए। उनका अनुसार प्रदर्शन हुने स्थानको सुरक्षार्थ ड्रोन क्यामेरा परिचालन गरिनेछन्। नारा-जुलुस हुने ठाउँमा पनि ड्रोन क्यामेरा

» पृष्ठ ११ मा क्रमशः

भूकम्पपीडितले अस्थायी आवासको अनुदान पाउन अझै डेढ साता लाग्ने

स्थानीय तहबाट लाभग्राहीको तथ्यांक संकलनमा ढिलाइ हुँदा संघीय सरकारले निकासा गरेको अस्थायी आवास निर्माणको अनुदान भूकम्पपीडितले अझै पाएनन्, मंसिरको चिसोमा पीडितहरू त्रिपालमुनि रात काट्न बाध्य छन्



रुकुम पश्चिमको सानीभेरी गाउँपालिका- १ चाइनाबगरका भूकम्पपीडित खेतमा पाल टाँगेर बसिरहेका छन्

● **प्रवेश बढुवाल**, सहायक प्रमुख जिल्ला अधिकारी, रुकुम पश्चिम



लाभग्राही छनोट, प्रमाणीकरण र खातामा रकम जम्मा गर्न अझै कम्तीमा १० दिनजति लाग्ने देखिन्छ। तर, चिसो अध्यधिक बढेकाले पीडितहरू बिरामी पर्न थालेपछि जतिसक्दो छिटो अस्थायी आवासको प्रक्रिया थाल्ने योजनामा छौं।

● **हरिश्चन्द्र शर्मा**, सहायक प्रमुख जिल्ला अधिकारी, जाजरकोट



२ मंसिरको जिल्ला विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको बैठकले सात दिनभित्र अस्थायी आवासका लागि घरसंख्या यकिन गरी समितिमा पठाउन स्थानीय तहलाई पत्राचार गरेको थियो। उक्त समय ९ मंसिरमा सकिँदै छ। तर, पालिकाले तोकिएको समयमा क्षतिको विवरण यकिन गर्न मुस्किल हुने बताइरहेको छ।

रुकुम पश्चिममा **मनीष खड्का**

सरकारले भूकम्पपीडितका लागि अस्थायी आवास निर्माणको घोषणा गरे पनि लाभग्राहीको तथ्यांक संकलनमा ढिलाइ हुँदा अनुदान पाएका छैनन्। निर्माण गर्नुपर्ने अस्थायी घरको विवरण पालिकाहरूले संकलन गर्न नसक्दा अनुदान वितरण हुन नसकेको हो।

चिसोबाट जाजरकोटमा १० पीडितको मृत्यु

गृहको तथ्यांकअनुसार १७ कात्तिकको जाजरकोट भूकम्पले जाजरकोट, रुकुम पश्चिम, बझाङ, बाजुरा र सल्यानमा ६२ हजारभन्दा बढी घर (२६ हजार पाँच सय ५७ घर पूर्ण र ३५ हजार चार सय ५५ घर आंशिक) भत्किएका छन्। तर, कतिपय परिवारको दुई वा दुईभन्दा बढी घर भत्किएकाले कति अस्थायी आवास आवश्यक छ भन्ने यकिन विवरण तयार भएको छैन।

» पृष्ठ ११ मा क्रमशः

■ कसरी जान्छ लाभग्राहीको खातामा पैसा ?

भूकम्पबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० अनुसार भूकम्पले पूर्ण वा आंशिक रूपमा घर क्षति गर्दा बसोवास गर्न योग्य नरहेका घरपरिवारका लागि एउटा अस्थायी आवासका लागि अनुदान दिइनेछ। यो अनुदान दुई किस्तामा ५० हजार हुनेछ। अस्थायी आवास आवश्यक रहेका घरपरिवारको पहिचान गरी वडाले पालिकामा पठाउनुपर्नेछ। त्यसमा हेरफेर र प्रमाणीकरण गरी पालिकाले जिल्ला विपत् समितिमा सिफारिस गर्नुपर्नेछ। जिल्ला विपत् समितिले छानबिन गरी राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पठाउनेछ। प्राधिकरणले छानबिनसहित प्रमाणीकरण गरेपछि जिल्ला विपत् कोषमा रहेको रकम स्थानीय विपत् कोषमा निकासा हुनेछ। अस्थायी आवास निर्माणका लागि पालिका र भूकम्पपीडितबीच सम्झौता भएपछि धमाधम पहिलो किस्ताबापत २५ हजार पीडितको खातामा जम्मा गरिनेछ। दोस्रो किस्ता भने घरको छानो हाल्ने तहसम्म पुगेपछि वा निर्माण सकिएपछि मात्र पाइनेछ। यी प्रक्रियामा ढिलाइका कारण जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडित त्रिपालमुनि रात काट्न बाध्य छन्।

गणतन्त्र कमजोर बनाउने काममा गठबन्धन सरकार नै संलग्न : एमाले



(विस्तृत पृष्ठ ३)

पृथ्वीका लागि हानिकारक छन् अर्बपति



अर्बपतिहरू आममानिसभन्दा धेरै शक्तिशाली छन्, त्यसलाई उनीहरू पृथ्वीलाई संकटमा पुऱ्याउने गरी प्रयोग गर्नसमेत हिचकिचाउँदैनन्

(रेबेका सोल्नटको लेख पृष्ठ ७)

मर्जरपछि पनि बिमाको पहुँच र नयाँ व्यवसायमा गिरावट

(विस्तृत पृष्ठ ९)

कोशीका तीन मन्त्री एक महिनादेखि जिम्मेवारीविहीन

मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेन, शनिबार प्रतिस्थापन विधेयक ल्याउने तयारी

झापामा **चिरञ्जीवी घिमिरे**



शमशेर राई



गणेश उप्रेती



कमलप्रसाद जबेगू

सरकार गठन भएको एक महिना बितिसक्दा पनि कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले मन्त्रिपरिषद् विस्तार गर्न सकेका छैनन्। तीन मन्त्री विनाविभागीय हुँदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँगै आठ मन्त्रालयको जिम्मेवारी कार्कीको काँधमा छ।

राजनीतिक अस्थिरताको परिणामस्वरूप मन्त्रीहरू विनाविभागीय बन्न पुगेका छन्। २७ असोजमा कांग्रेसबाट नियुक्त भएका शमशेर राई, १७ कात्तिकमा नियुक्त भएका माओवादीका गणेश उप्रेती र कमलप्रसाद जबेगू जिम्मेवारीविहीन छन्। त्यसअघि एमालेका रामबहादुर मगर २२ दिन विनाविभागीय मन्त्री भएर बिदा भए। मुख्यमन्त्री कार्कीले गठबन्धन दलबाट माओवादी र एकीकृत समाजवादीलाई भित्र्याएपछि एमालेले मगरलाई फिर्ता बोलाएको थियो।

विनाविभागीय तीन मन्त्रीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमै काम गर्न कार्यकक्षको व्यवस्थापन गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रवक्ता बद्रीकुमार कार्कीले बताए। मन्त्रालयको जिम्मेवारी नतोकिँदा काम गर्न अप्ठ्यारो महसुस भएको मन्त्री जबेगूले बताए। 'प्रतिस्थापन विधेयकका लागि मलाई भौतिक पूर्वाधार मन्त्रालयको बजेट बनाउने जिम्मा दिइएको छ। मुख्यमन्त्री कार्यालयमा बसेर काम गरिरहेको छु,' उनले भने, 'विभागीय जिम्मेवारी नहुँदा के काम गर्ने भन्ने समस्या छ। पहिला पनि काम गर्ने ऊर्जा हुँदाहुँदै सरकार ढल्यो। अहिले पनि विभाग नतोकिँदा अप्ठ्यारै महसुस हुने रहेछ।' जबेगू उद्धव थापाको सरकारमा पनि मन्त्री थिए।

» पृष्ठ ११ मा क्रमशः

राष्ट्रिय सभाका २० सिटमा निर्वाचनको तयारी

नयाँ मतभार सार्वजनिक, गठबन्धन अगाडि

गोलाप्रथाबाट ६ वर्षे पदावधि प्राप्त गरेका सांसदहरू बिदा हुँदै

कमलराज भट्ट/नयाँ पत्रिका

निर्वाचन आयोगले राष्ट्रिय सभाका २० सिटका लागि निर्वाचनको तयारी थालेको छ। २१ फागुनदेखि रिक्त हुने राष्ट्रिय सभाका २० सदस्यको पदका लागि माघमा निर्वाचन हुँदै छ। पद रिक्त हुनुभन्दा ३५ दिनअघि चुनाव गरिसक्नुपर्ने संवैधानिक व्यवस्थाअनुसार माघ दोस्रो साता निर्वाचन सम्पन्न गर्ने आयोगको तयारी छ।

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ बमोजिम पद रिक्त हुनुभन्दा ३५ दिन पहिले निर्वाचन गरिसक्नुपर्ने व्यवस्थाअनुसार आयोगले ११ माघमा चुनाव गर्ने मनस्थिति बनाएको छ। यद्यपि, मिति तोक्न बाँकी छ। नयाँ जनगणनाअनुसार मतभार कायम गरिसकेको आयोगले लगत्तै निर्वाचनको मिति तोक्न सरकारलाई सिफारिस गर्दै छ।

चुनावी तयारीअन्तर्गत आयोगले बुधबार राष्ट्रिय सभा सदस्य निर्वाचनका मतदाताको नयाँ मतभार सार्वजनिक गरेको छ। प्रदेश सांसद, नगरपालिका प्रमुख/उपप्रमुख र गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष मतदाता रहने निर्वाचनमा मतभार कायम गर्दा पछिल्लो राष्ट्रिय जनगणनाअनुसारको कुल जनसंख्यालाई आधार मान्नुपर्ने कानुनी व्यवस्था छ।

०७८ मा सम्पन्न राष्ट्रिय जनगणनाअनुसार कायम नयाँ जनसंख्याको आधारमा आयोगले निकालेको पछिल्लो मतभारमा एक प्रदेश सांसदको ५३ र एक पालिका प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्षको १९ मतभार कायम भएको हो। यसअघि प्रदेश सांसदको ४८ र स्थानीय तहका प्रमुख र उपप्रमुखको १८ मतभार थियो। आयोगका

» पृष्ठ ११ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ २१ फागुनदेखि बागमतीमा चार, गण्डकी, कर्णाली र सुदूरपश्चिममा तीन-तीन तथा कोशी, मधेश र लुम्बिनीमा दुई-दुई गरी २० सिट रिक्त हुँदै

■ **कुन प्रदेशमा कसको मतभार कति ?**

मतभार- सांसद : ५३, पालिका प्रमुख/उपप्रमुख : १९

कोशी कुल मतभार : **१० हजार १३५**

९३ प्रदेश सांसद र २७४ (प्रमुख/उपप्रमुख)

	सांसद	मतभार	पालिका प्रमुख/उपप्रमुख	मतभार	जम्मा मतभार
एमाले	४०	२९२०	११०	२०९०	४२१०
कांग्रेस	२९	१५३७	११५	२१८५	३७२२
माओवादी	१३	६८९	३१	५८९	१२७८
राप्रपा	६	३१८	४	७६	३९४
ए. समाजवादी	४	२१२	७	१३३	३४५
जसपा	१	५३	४	७६	१२९
स्वतन्त्र	०	०	३	५७	५७

मधेश कुल मतभार : **१० हजार ८३९**

१०७ प्रदेश सांसद र २७२ (प्रमुख/उपप्रमुख)

	सांसद	मतभार	पालिका प्रमुख/उपप्रमुख	मतभार	जम्मा मतभार
एमाले	२३	१२१९	५७	१०८३	२३०२
कांग्रेस	२२	११६६	१०२	१९३८	३१०४
जसपा	१६	८४८	५१	९६९	१८१७
लोसपा	९	४७७	२४	४५६	९३३
माओवादी	८	४२४	१८	३४२	७६६
जनमत	१३	६८९	३	५७	७४६
ए. समाजवादी	७	३७१	११	२०९	५८०
नागरिक उन्मुक्ति	१	५३	०	०	५३
राप्रपा	१	५३	०	०	५३
सं. समाजवादी	१	५३	०	०	५३
तमलोपा	०	०	१	१९	१९
विवेकशील	०	०	२	३८	३८
स्वतन्त्र	६	३१८	३	५७	३७५

बागमती कुल मतभार : **१० हजार ३५२**

११० प्रदेश सांसद र २३८ (प्रमुख/उपप्रमुख)

	सांसद	मतभार	पालिका प्रमुख/उपप्रमुख	मतभार	जम्मा मतभार
कांग्रेस	३७	१९६१	१०८	२०५२	४०१३
एमाले	२७	१४३१	६०	११४०	२५७१
माओवादी	२१	१११३	५७	१०८३	२१९६
राप्रपा	१३	६८९	१	१९	७०८
ए. समाजवादी	७	३७१	९	१७१	५४२
नेमकिपा	३	१५९	२	३८	१९७
हाम्रो नेपाली	२	१०६	०	०	१०६
स्वतन्त्र	०	०	१	१९	१९

» पृष्ठ ११ मा क्रमशः

भक्तपुरको एक सामुदायिक मावि : जसले आफ्ना विद्यार्थी दिएर छिमेकी विद्यालय बचाइरहेको छ

■ बागिश्वरीको सहयोगले बाँचे पाँच विद्यालय



● **ज्ञानसागर प्रजापति**
प्लस २ इन्चार्ज, बागिश्वरी मावि

पठनपाठनमा कमीकमजोरी नहुने गरी विद्यालय, अभिभावक र विद्यार्थीसँगको सहमतिमा नै छिमेकी विद्यालयमा विद्यार्थी पठाइरहेका छौं। विद्यार्थी पठाएको विद्यालयमा बागिश्वरीले समय-समयमा अनुगमन तथा अवलोकनसमेत गर्दै आएको छ। एउटा विद्यालयले विद्यार्थी दिएर सहयोग गरेको अन्यन्त्र उदाहरण छैन, छिमेको विद्यालय बन्द भएको हेर्न सक्दैनौं।

शिवहरि घिमिरे/नयाँ पत्रिका

देशभरका सामुदायिक विद्यालयहरूमा विद्यार्थी संख्या न्यून हुँदै गइरहेको छ। विद्यार्थी संख्या घट्दै जाँदा कतिपय विद्यालय बन्दसमेत भएका छन् भने कतिपयको अस्तित्व संकटमा छ। यस्तै, संकटग्रस्त विद्यालयहरूलाई भने भक्तपुरको अर्को विद्यालयले विद्यार्थी दिएर बचाइरहेको छ।

भक्तपुरको बागिश्वरी माविले आफ्नो विद्यालयमा पढ्न आएका विद्यार्थीलाई अन्य सामुदायिक विद्यालयमा पठाउँदै आएको छ। विद्यार्थी अभावका कारण बन्द हुने अवस्थामा पुगेका छिमेकी विद्यालयलाई विद्यार्थी दिएर बागिश्वरीले अभिभावकको भूमिका निभाएको

» पृष्ठ ११ मा क्रमशः



विद्यार्थी अभावका कारण बन्द हुने अवस्थामा पुगेका भक्तपुर नगरपालिकाका लिवालीमा रहेको भीम आदर्श मावि तथा सिद्धि शारदा प्रावि, भक्तपुर नगरपालिका- १० क्वाख्डौंमा रहेको ब्रह्मचारिणी आधारभूत मावि, ब्रह्मायणी आधारभूत विद्यालय र सरस्वती विद्यागृह माविलाई विद्यार्थी दिएर बागिश्वरीले अभिभावकको भूमिका निभाएको छ।

मेलम्चीको पानी आउने मिति अझै अनिश्चित

शान्ति तामाङ / नयाँ पत्रिका

अघिल्लो वर्षको २३ मंसिरमा उपत्यकावासीको धारामा मेलम्चीको पानी झरेको थियो । यसका लागि आयोजनाले १२ मंसिरमै मेलम्चीको मुहानस्थल अम्बाथानबाट सुरुङमा पानी प्रवेश गराएको थियो ।

पानी पठाएको एक सातापछि काठमाडौंको सुन्दरीजलमा आइपुगेको थियो । यसपछि उपत्यकावासीको घरघरमा पानी वितरण भएको थियो । यस वर्ष भने मेलम्चीको पानी काठमाडौंमा कहिले आउने कुनै टुंगो छैन । मेलम्ची खानेपानी आयोजनाको मुख्य बाँध (हेडवर्क्स)सम्म पुग्ने बाटो हालसम्म निर्माण नभएका कारण मेलम्चीको पानी काठमाडौं झर्ने मिति धकेलिने भएको छ ।

अस्थायी सडक निर्माणका लागि आयोजनाले कात्तिक तेस्रो सातादेखि नै काम सुरु गरेको थियो । तर, चाडबाडका कारण रोकिएको थियो । जुन भर्खरै पुनः सुरु भएको छ । त्यसैले, यो वर्ष मेलम्चीको पानी उपत्यका कहिले आउँछ निश्चित छैन । 'चाडबाडका कारण रोकिएको बाटो निर्माण दुई दिनअघि मात्र सुरु भएको छ । निर्माणस्थलमा ठुल्ठूला ढुंगा छन् । ती ढुंगा फुटाउन र हटाउन अप्ठ्यारो भइरहेको छ,' मेलम्ची खानेपानी विकास समितिका प्रवक्ता राजेन्द्रप्रसाद पन्तले भने, 'छठ सकिएपछि बल्ल काम सुरु गरिएको छ । अस्थायी बाटो बनाउन नै एक महिना लाग्छ होला । त्यसपछि प्राविधिक टोलीले क्षतिको यकीन विवरण निकाल्ने र काम अगाडि बढ्छ ।' हालसम्म अम्बाथानसम्म मात्रै अस्थायी बाटो निर्माण भएको छ ।

समितिका अनुसार बाँधस्थलसम्म पुग्ने बाटो बनाउन एक महिना लाग्छ । गत २७ र २८ साउनमा आएको बाढीले आयोजनाको हेडवर्क्स बगाएकाले अस्थायी रूपमा समेत पानी ल्याउन सकस भइरहेको छ । बर्खा सुरु भएसँगै सरकारले (असार पहिलो सातादेखि) मेलम्चीको पानी बन्द गरेको थियो । यसअघि, ०७८ को १ असार र १५ साउनमा पनि मेलम्ची नदीमा आएको बाढीले हेडवर्क्स र सुरुङमा क्षति पुगेको थियो ।

मेलम्ची बजारदेखि हेडवर्क्स क्षेत्र अम्बाथानसम्मको २२ किलोमिटरमध्ये आठ किलोमिटर सडक पूर्ण रूपमा क्षति भएको थियो भने यांग्री खोलातर्फ पाँच किलोमिटर सडकमा क्षति पुगेको थियो । काठमाडौं उपत्यकामा दैनिक ४३ करोड लिटर खानेपानीको माग छ । तर, काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)ले वर्षायाममा समेत जम्मा १६ करोड लिटर वितरण गर्दै आएको छ । सुक्खा मौसममा भने जम्मा १३ करोड लिटर पानी आपूर्ति गरिरहेको छ । आयोजनाले पहिलो चरणमा १७ करोड लिटर पानी उपत्यका ल्याएको थियो ।



■ **निमाग्याल्जेन ह्योल्मो,**
अध्यक्ष, हेलम्बु गाउँपालिका

पानी मात्र काठमाडौं पुऱ्याउने होइन, हाम्रो समस्या पनि हेर्नुपर्‍यो । पटक-पटकको बाढी र पहिरोले बगाएको बाटो अस्थायी रूपमा काम चलाइरहेका छौं । बस्ती संरक्षण हुन सकेको छैन । आयोजना सुरु भएदेखिकै माग अझै सम्बोधन हुन सकेको छैन । त्यसैले यसपटक माग पूरा नभएसम्म मेलम्चीको पानी पठाउँदैनौं ।

■ माग पूरा नभए आन्दोलन गर्ने हेलम्बु गाउँपालिकाको चेतावनी

आयोजना र संघीय सरकारले आफ्ना मागको सम्बोधन नगरेपछि हेलम्बु गाउँपालिका आन्दोलन गर्ने चरणमा पुगेको छ । हेलम्बुको माग सम्बोधन नभए यसको प्रत्यक्ष असर आयोजनामा समेत पुग्नेछ । जसकारण फेरि उपत्यकामा पानी आउने मिति धकेलिनेछ । ११ चैत ०७७ मा उपत्यकावासीको धारामा पहिलोपटक मेलम्चीको पानी आएको थियो । असार ०७८ मा आयोजनास्थलमा आएको बाढीले हेलम्बु क्षेत्रमा ठूलो धनजनको क्षति भएपछि गाउँपालिकाले क्षतिपूर्तिसहित विभिन्न मागअघि सारेको थियो । जुन हालसम्म पूरा हुन नसकेको गाउँपालिका अध्यक्ष निमाग्याल्जेन ह्योल्मोले बताए । गाउँपालिकाले मेलम्ची पानी बिक्रीको २५ प्रतिशत रोयल्टी माग गरेको छ ।

मेलम्चीको पानी काठमाडौं लगेबापत रोयल्टी र बिक्री मूल्यको प्रतिशतमा मुनाफा बाँडफाँटबापतको २५ प्रतिशत सम्बन्धित गाउँपालिकालाई उपलब्ध गराउन उनीहरूको माग छ । मेलम्चीमा आएको बाढी र पहिरोले करिब चार सय घर पूर्ण रूपमा क्षति भएकाले प्रतिपरिवार १५ देखि २० लाख रकम उपलब्ध गराउनुपर्ने र बाढीबाट मृत्यु भएका आश्रित परिवारलाई क्षतिपूर्तिस्वरूप प्रतिपरिवार १० लाख उपलब्ध गराइदिनुपर्ने गाउँपालिकाको माग छ । अध्यक्ष ह्योल्मोले हेलम्बुवासीले काठमाडौंलाई पानी दिएबापत केही न केही पाउनुपर्ने बताए ।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय कटारी, उदयपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति २०८०/०८/०७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/०५/२४ को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण

उदयपुर जिल्ला, कटारी न.पा./गा.पा. वडा नं. ०५, कटारी स्थित रजिष्टर्ड कार्यालय रही प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, उदयपुरमा मिति २०७०/०५/०४ मा प्रा.फ.र.नं. १०५५/०७०/७१ तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय लाहान र करदाता सेवा कार्यालय, गाईघाटमा मिति २०६९/०४/२४ मा स्थायी लेखा नम्बर (PAN) ६००६८१९१३ अन्तर्गत दर्ता कायम भएको **जि.के. जेनरल स्टोर्स** ।
प्रोप्राइटर : गोकर्ण दनुवार

व्यक्तिगत जमानीकर्ताको विवरण

१. मैत बहादुर दनुवारको नाती, विर बहादुर दनुवारको छोरा, उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा वडा नं. ०५ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **गोकर्ण दनुवार** (ना.प्र.नं.१९७, जारी मिति २०६२/०१/१२, जि.प्र.का. उदयपुर) ।	२. मान बहादुर दनुवारको नाती, मैत बहादुर दनुवारको छोरा, उदयपुर जिल्ला, साविक कटारी गाउँ पञ्चायत वडा नं. ०८ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **विर बहादुर दनुवार** (ना.प्र.नं. २१५३/२३६३, जारी मिति २०४३/०९/२२, जि.प्र.का. उदयपुर) ।
३. विर बहादुर दनुवारको बुहारी, सुमन दनुवारको पत्नी, उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. ०४ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **धन माया दनुवार** (ना.प्र.नं. १४-०२-७४/०११८७, जारी मिति २०७४/०४/३२, इ.प्र.का.कटारी, उदयपुर) ।	४. विर बहादुर दनुवारको बुहारी, यम बहादुर दनुवारको पत्नी, उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. ०७ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **पर्मिला दनुवार** (ना.प्र.नं. १४२०३६/४१८०, जारी मिति २०७२/०३/२१, इ.प्र.का. कटारी, उदयपुर) ।
५. मैत बहादुर दनुवारको नाती, विर बहादुर दनुवारको छोरा, उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. ०५ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **सुमन दनुवार** (ना.प्र.नं. १४१०३६/१०१३१४, जारी मिति २०६६/११/०४, जि.प्र.का. उदयपुर) ।	६. विर बहादुर दनुवारको बुहारी, दल मान दनुवारको पत्नी, उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. ०५ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **दिल कुमारी दनुवार** (ना.प्र.नं. १४-०७-०३६/२६९, जारी मिति २०६३/११/०७, जि.प्र.का. उदयपुर) ।
७. मैत बहादुर दनुवारको बुहारी, विर बहादुर दनुवारको पत्नी, उदयपुर जिल्ला, साविक कटारी गाउँ पञ्चायत वडा नं. ०८ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **लाली दनुवार** (ना.प्र.नं. २१५४, जारी मिति २०४३/०९/२८, जि.प्र.का. उदयपुर) ।	८. मैत बहादुर दनुवारको नाती, विर बहादुर दनुवारको छोरा, उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. ०५ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **यम बहादुर दनुवार** (ना.प्र.नं. ५१६९२/३४८०, जारी मिति २०५८/०७/१६, जि.प्र.का. उदयपुर)
९. विर बहादुर दनुवारको बुहारी, गोकर्ण दनुवारको पत्नी, उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. ०७ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **रिता दनुवार** (ना.प्र.नं. १४२०३६/४४०१, जारी मिति २०७२/०४/२८, इ.प्र.का. कटारी, उदयपुर) ।	

धितोको विवरण

१. उदयपुर जिल्ला, कटारी न.पा./गा.पा. वडा नं. ०५, कटारी स्थित रजिष्टर्ड कार्यालय रही प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, उदयपुरमा मिति २०७०/०५/०४ मा प्रा.फ.र.नं. १०५५/०७०/७१ तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय लाहान र करदाता सेवा कार्यालय, गाईघाटमा मिति २०६९/०४/२४ मा स्थायी लेखा नम्बर (PAN) ६००६८१९१३ अन्तर्गत दर्ता कायम भएको जि.के. जेनरल स्टोर्सको स्वामित्वमा रहेको मालसमान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
२. मान बहादुर दनुवारको नाती, मैत बहादुर दनुवारको छोरा, उदयपुर जिल्ला, साविक कटारी गाउँ पञ्चायत वडा नं. ०८ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने विर बहादुर दनुवार (ना.प्र.नं. २१५३/२३६३, जारी मिति २०४३/०९/२२, जि.प्र.का. उदयपुर) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको उदयपुर जिल्ला साविक कटारी गा.वि.स./न.पा. वडा नं. ८ हाल उदयपुर जिल्ला, कटारी गा.पा. वडा नं. ०४ स्थित कि.नं. १५६९, ३४२८ र २२९ को क्षेत्रफल क्रमशः ०-०-५-०, ०-३-१५.५-० र ०-३-६-० (बिघा) बमोजिमको जग्गा एवं सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय कटारी, उदयपुरबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८०/०८/२१ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय कटारी, उदयपुरमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८०/०८/२२ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय कटारी, उदयपुरमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय कटारी, उदयपुरमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : कटारी, उदयपुर
फोन : ०३५-४५०४३४
Website : www.siddharthabank.com

कुमारी बैंक लिमिटेड शाखा कार्यालय धुलिखेल, काभ्रेको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०८/०७ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय धुलिखेल, काभ्रेबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

ऋणीको विवरण:
पन्च सिं तामाङको नाति, बिचार सिं तामाङको छोरा काभ्रे जिल्ला धुलिखेल न.पा. वडा नं. १ (हाल काभ्रे जिल्ला धुलिखेल न.पा. वडा नं. ८) बस्ने **राम बहादुर लामा (तामाङ)** (ना.प्र.नं. ३०१०३७/१६८१३६, जारी मिति २०६५/०१/१३, जिल्ला प्रशासन कार्यालय, काभ्रे)

व्यक्तिगत जमानीकर्ताहरुको विवरण
१. हर्क सिं तामाङको नाति, पन्च सिं तामाङको छोरा, काभ्रे जिल्ला धुलिखेल न.पा. वडा नं.१ (हाल काभ्रे जिल्ला धुलिखेल न.पा. वडा नं.८) बस्ने **जय बहादुर तामाङ** (ना.प्र.नं.११५७२, जारी मिति २०४२/०१/३१, जिल्ला प्रशासन कार्यालय काभ्रे) ।
२. पन्च सिं तामाङको बुहारी, पूर्ण बहादुर तामाङको छोरी, बिचार सिं तामाङको पत्नी काभ्रे जिल्ला धुलिखेल न.पा. वडा नं. १ (हाल काभ्रे जिल्ला धुलिखेल न.पा. वडा नं. ८) बस्ने **ठूली तामाङ** (ना.प्र.नं. ४०/२०६०, जारी मिति २०४४/१०/२०, जिल्ला प्रशासन कार्यालय, काभ्रे)
३. हर्क सिं तामाङको नातिनी, पन्च सिं तामाङको छोरी काभ्रे जिल्ला धुलिखेल न.पा. वडा नं. १ (हाल काभ्रे जिल्ला, धुलिखेल न.पा. वडा नं.८) बस्ने **सन्चमाया तामाङ** (ना.प्र.नं. ३९/१९०२ मिति २०४४/१०/२०, जिल्ला प्रशासन कार्यालय, काभ्रे)

धितोको सुरक्षणको विवरण
१. **जयबहादुर तामाङ...१, ठूली तामाङ...१ र सन्चमाया तामाङ...१** समेत जना ३ को सयुक्त नाममा मालपोत कार्यालय, काभ्रेमा दर्ता कायम रहेको काभ्रे जिल्ला धुलिखेल न.पा वडा नं. १ स्थित कि.नं. ४६६ को क्षेत्रफल ३-५-०-२ (रो.आ.पै.दा.) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय धुलिखेल, काभ्रे फोन नं. ०११ ४९०६१४/१५

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्वाधीन विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आहवान गरिएको सम्बन्धी २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८०/०८/०७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/०८/२७ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय मलेखु, धादिङबाट तपसिलको कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी, जमानीकर्ता समेतको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरणः
१) **ऋणीको नाम : प्रेम प्रसाद पाण्डे** बाबुको नाम : मित्र लाल पाण्डे बाजेको नामः कुवलय राज पाण्डे ठेगानाः गजुरी-०२, धादिङ ना.प्र.नं.: ३/२४५८, जारी मितिः २०५९/१०/२३ जारी गर्ने कार्यालयः जि.प्र.का., धादिङ **कर्जा शिर्षक : सरल आवाधिक कर्जा** **कर्जा लिएको शाखा : मलेखु, धादिङ**	**क) नाम : यम कुमारी सिलवाल पाण्डे** बाबुको नाम : एकराज सिलवाल पतिको नामः प्रेम प्रसाद पाण्डे ससुराको नामः मित्र लाल पाण्डे ठेगानाः गजुरी-०२, धादिङ ना.प्र.नं.: १/३२०३९ जारी गर्ने कार्यालयः जि.प्र.का., धादिङ

सुरक्षणमा रहेको धितोको विवरणः श्री मालपोत कार्यालय धादिङमा श्री प्रेमप्रसाद पाण्डेको नाममा दर्ता कायम रहेको जिल्ला धादिङ गजुरी-०२/क स्थित कि.नं. ६३३ को क्षेत्रफल १०१.३४ व.मी. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शर्तहरु :
१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ०६१-९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नम्बर ०६१-९२०६५०१०७०५०१ को "SADBL – Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फाराम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय मलेखु, धादिङमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन । उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन ।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।

सामुदायिक विद्यालयमा प्रतिस्पर्धाबाट प्रधानाध्यापक नियुक्ति नगर्न आदेश



काठमाडौं/ तत्काल खुला प्रतिस्पर्धाबाट सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति नगर्न काठमाडौं महानगरलाई उच्च अदालत पाटनले अन्तरिम आदेश दिएको छ । आदेशसँगै महानगरले सुरु गरेको खुला प्रतिस्पर्धाबाट प्रधानाध्यापक नियुक्ति प्रक्रिया तत्काल कार्यान्वयन नहुने भएको छ ।

खुला प्रतिस्पर्धाबाट प्रअ नियुक्ति गर्न लागेको भन्दै परेको मुद्दामा उच्च अदालत पाटनले मंगलबार 'नियम कार्यान्वयन नगर्न' अन्तरिम आदेश जारी गरेको हो । महानगरका मेयर बालेन्द्र साहले खुला प्रतिस्पर्धाबाट प्रअ नियुक्ति गर्न कार्यविधि नै तयार पारेका थिए । अदालतको आदेशसँगै मुद्दाको अन्तिम टुंगो नलागेसम्म खुलाबाट प्रअ नियुक्ति गर्ने बाटो रोकिएको छ । मंगलबार उच्च अदालत पाटनका न्यायाधीश श्यामजी प्रधानको एकल इजलासले उक्त आदेश जारी गरेको हो । काठमाडौं महानगरपालिकाले महानगरभित्र रहेको ८७ वटा सामुदायिक विद्यालयमा नयाँ मापदण्डअनुसार प्रअ नियुक्तिका लागि कार्यविधि तयार पारिसकेको छ । महानगरपालिकाले १७ कात्तिकमा नयाँ मापदण्डबाट प्रअ नियुक्तिका लागि आवेदन माग गरेको थियो । तर, त्यसविरुद्ध विद्यालय व्यवस्थापन समिति र शिक्षकहरूको टोली अदालत पुगेका थिए । महानगरपालिकाले पहिलो चरणमा ७१ विद्यालयमा नयाँ प्रअ छान्ने तयारी गरेको थियो ।

शिक्षा नियमावली ०५९ को नियम ९३ ले विद्यालयको प्रधानाध्यापक नियुक्तिसम्बन्धी अधिकार सम्बन्धित विद्यालयको व्यवस्थापन समितिलाई दिएको छ । हाल विद्यालय शिक्षा ऐनको विधेयकमाथि छलफल चलिरहेको छ । तर, महानगरपालिकाले विद्यमान नियमावली क्रियाशील रहेकै अवस्थामा आफूले तर्जुमा गरेको कार्यविधिअनुसार काम गर्दा ऐनसँग बाझिएको छ ।

■ मोटरसाइकल नियन्त्रण गर्दै महानगर



काठमाडौं जिल्ला अदालतअगाडिको फुटपाथमा पार्किङ गरिएका मोटरसाइकल नियन्त्रणमा लिँदै महानगर प्रहरी । महानगर प्रहरीले पदयात्रीलाई अवरोध पुग्ने गरी फुटपाथमा जथाभावी पार्किङ गरेका सवारीसाधनलाई नियन्त्रणमा लिने कार्य तीव्र बनाएको छ । तस्बिर : नयाँ पत्रिका

ललितपुर महानगरले ल्यायो २५ तलासम्म आगो निभाउन सक्ने दमकल

ललितपुर/ ललितपुर महानगरपालिकाले २५ तलासम्म अगो निभाउन सक्ने दुईवटा नयाँ दकमल ल्याएको छ । पाँच पाँच करोड ६५ लाख रुपैयाँमा इजुसी कम्पनीबाट खरिद गरिएका यी अत्याधुनिक प्रविधियुक्त दमकलको उद्घाटन महानगरका मेयर चिरिबाबु महर्जनले बुधबार गरेका छन् ।

नयाँ दमकलसँगै महानगरपालिका अग्नि नियन्त्रण तथा विपत् व्यवस्थापन न्यूनीकरणमा प्रयोग हुने दमकल संख्या ६ वटा भएको छ । महानगरका प्रहरी प्रमुख सीताराम हाछेथुका अनुसार यी दमकल निकै प्रभावकारी र बहुउपयोगी छन् । 'पुराना दमकलमा बाटोमै बिग्रनेजस्ता समस्या थिए, सबै प्रकारका विपत्मा प्रयोग गर्न मिल्ने थिएन, तर यी दमकल निकै उपयोगी छन्, उकालो ओरालोमा सहजै गुड्ने, २५ तलासम्म आगो नियन्त्रण गर्न सक्ने, पेट्रोल पम्पमा भएको आगलागीसमेत नियन्त्रण गर्न सक्नेछन्,' उनले भने, 'दमकलमा चहकिलो लाइट पनि फिट गरिएको छ ।' यी दमकलमा दुई हजार पाँच सय लिटर पानी अट्ने र तीन सय लिटर फोम अट्ने ट्यांकी छ । उनका अनुसार नयाँ दमकल थपिएसँगै विपत् व्यवस्थापनमा सहज हुने अनुमान गरिएको छ ।

मदन भण्डारी कलेजको पुस्तकालय सार्वसाधारणका लागि खुला

काठमाडौं/ नयाँ बानेश्वरस्थित मदन भण्डारी मेमोरियल कलेजले सञ्चालन गरेको पुस्तकालय कलेजका विद्यार्थीका लागि मात्र नभएर सर्वसाधारणका लागि पनि खुला गरिएको छ । सामुदायिक शैक्षिक संस्थाका रूपमा सञ्चालित यस कलेजले समुदायप्रतिको दायित्व महसुस गरी सबैका लागि पुस्तकालय खुला गर्ने निर्णय गरेको निमित्त क्याम्पस प्रमुख डा. बाबुराम अधिकारीले जानकारी दिए । अध्ययन गर्न चाहने जोसुकै अध्येताका लागि पुस्तकालयको सुविधा उपलब्ध हुने व्यवस्था गरिएको छ । समाज, संस्कृति, साहित्य, भाषालगायत विविध विषयमा नेपाली र अंग्रेजी भाषामा लेखिएका करिब १० हजार पुस्तक कलेजको पुस्तकालयमा उपलब्ध छन् । पुस्तकालय प्रयोगकर्ताले त्रिवि केन्द्रीय डिजिटल पुस्तकालय र यसमार्फत विश्वका विभिन्न डिजिटल डाटाबेस 'सर्च' गरी अध्ययन गर्न पाइने प्रबन्ध मिलाइएको निमित्त क्याम्पस प्रमुख डा. अधिकारी बताउँछन् । अध्ययन-अनुसन्धान तथा खोज कार्यलाई प्रश्रय दिन कलेजले 'जर्नल अफ प्रोडक्टिभ डिस्कोर्स' र 'श्वेतशार्दूल'जस्ता जर्नल पनि प्रकाशन गर्दै आएको छ ।

गणतन्त्र कमजोर बनाउने काममा गठबन्धन सरकार नै संलग्न : एमाले



● **केपी ओली**
अध्यक्ष, एमाले

देशलाई प्रतिगमनतिर जाने अनुकूल परिस्थितिको सिर्जना गर्ने निकम्मापन हामीलाई स्वीकार्य छैन । अहिलेको सरकारको यो निकम्मापनले प्रतिगमनतर्फ जान अनुकूल वातावरण सिर्जना गर्ने र प्रतिगामी शक्तिलाई हौस्याउने काम गरिरहेको छ, त्यो स्वीकार्य हुन सक्दैन । कि उपयुक्त ढंगले सरकारले देश चलाउनुपर्छ, होइन भने सरकार छोड्नुपर्छ ।



नयाँ पत्रिका

प्रमुख प्रतिपक्ष दल एमालेले अहिलेको गठबन्धन सरकार नै लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीलाई कमजोर बनाउने काममा लागेको आरोप लगाएको छ । काठमाडौंमा बिहीबार शक्ति प्रदर्शनपूर्व बुधबार बसेको केन्द्रीय कमिटी बैठकले सरकारले नै विशृंखल र अराजक गतिविधिलाई बढवा दिइरहेको आरोप लगाएको हो ।

'यति वेला नेपाली समाजमा अराजकता बढ्दै गएको छ । नेपाली समाजलाई विभिन्न ढंगले विभाजित गर्ने र राष्ट्रलाई कमजोर बनाउने शृंखलाबद्ध प्रयासहरू भइरहेका छन् । जनताले बलिदान गरेर ल्याएको लोकतान्त्रिक गणतन्त्र र नेपालको संविधानविरुद्ध समाजलाई दिग्भ्रमित पार्ने, राजनीतिक लेपनको आडमा विभिन्न राजनीतिक अपराधहरूबाट उन्मुक्ति खोज्ने, राजनीतिक नेतृत्वका विरुद्ध निराधार लाञ्छना, गालीगलौज र चरित्रहत्या गर्ने, समाजलाई प्रदूषित पार्ने, जातीय र धार्मिक सहिष्णुतामा खलल पुऱ्याउनेजस्ता अराजक गतिविधि बढिरहेका छन्,' बैठकबाट पारित प्रस्तावमा भनिएको छ, 'यसबीचमा कतिपय ठाउँमा धार्मिक दंगाहरूसमेत गराइएका छन् । तर, यस्ता अराजक क्रियाकलापप्रति गम्भीर भएर नियन्त्रणमा लान्नुको साटो वर्तमान गठबन्धन सरकार त्यस्ता गतिविधिहरूलाई उल्टै बढावा दिइरहेको छ । यसबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीलाई कमजोर बनाउन सरकार स्वयं संलग्न त छैन भन्ने गम्भीर आशंका पैदा भएको छ ।'

सत्तागठबन्धनको स्वार्थका लागि राज्यका निकायहरूमा हस्तक्षेप गर्ने, तिनलाई कमजोर बनाउने र राज्यका निकायको विश्वसनीयता समाप्त पार्ने काम सरकारबाटै भइरहेको एमालेको आरोप छ । बैठकले अराजकतालाई प्रोत्साहन गर्ने, आर्थिक मन्दी बढाउँदै लैजाने, सामाजिक वैमनस्यलाई बढावा दिने र राज्यका निकायहरूलाई कमजोर बनाउँदै जनतामा निराशा बढाउने सरकारको रबैया रहेको दाबी गरेको छ ।

त्यसैबीच, पार्टी केन्द्रीय कमिटीको बैठकलाई सम्बोधन गर्दै एमाले अध्यक्ष केपी ओलीले गठबन्धन सरकारको निकम्मापनले देशलाई प्रतिगमनतर्फ लैजानका लागि अनुकूल वातावरण सिर्जना गरेको आरोप लगाएका छन् । 'देशलाई प्रतिगमनतिर जाने अनुकूल परिस्थितिको सिर्जना गर्ने निकम्मापन हामीलाई स्वीकार्य छैन । अहिलेको सरकारको यो निकम्मापनले प्रतिगमनतर्फ जान अनुकूल वातावरण सिर्जना गर्ने र प्रतिगामी शक्तिलाई हौस्याउने काम गरिरहेको छ, त्यो स्वीकार्य हुन सक्दैन,' ओलीले भने, 'कि उपयुक्त ढंगले सरकारले देश चलाउनुपर्छ, होइन भने सरकार छोड्नुपर्छ ।'

उनले मध्यपहाडी लोकमार्ग अभियान सकिएपछि एमाले निरन्तर सरकारविरुद्धको आन्दोलनमा केन्द्रित हुनुपर्ने परिस्थिति निर्माण हुँदै गएको पनि प्रस्ट्याए । बैठकमा ओलीले वाम एकताको कुनै औचित्य नभएको पनि बताए । एमालेले अर्को निर्वाचनमा बहुमत ल्याउने दाबी गर्दै गरे ।

एमालेले १४ मंसिरबाट तीन हप्ता पुष्पलाल (मध्यपहाडी) लोकमार्गकेन्द्रित विशेष अभियान (झुलाघाट-चिवाभञ्ज्याङ : समृद्धिका लागि संकल्प यात्रा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ । बिहान साढे ८ बजे बैतडीको झुलाघाटमा अध्यक्ष केपी ओलीले राष्ट्रिय झन्डाको झन्डोत्तोलन गरी सुरु हुने अभियान पाँचवटा प्रश्नको जवाफ खोज्न केन्द्रित हुने प्रचार विभागका प्रमुख राजेन्द्र गौतमले बताए ।

पहाडमा समस्या कहाँ छन् ? किन पूर्वाधार र उत्पादनको विषय जोडिन सकेको छैन ? हाम्रो विकास र पूर्वाधार निर्माणको ढाँचामा नै पो कुनै समस्या छन् कि ? छन् भने समाधान कसरी गर्न सकिन्छ ? र, पहाडलाई विकास र समृद्धिको नमुना कसरी बनाउन सकिन्छ ? जस्ता पाँच प्रश्नको जवाफ अभियानमार्फत खोज्न कोसिस गरिने विज्ञप्तिमा जनाइएको छ ।

अभियानको सन्दर्भ झल्काउने गरी निश्चित स्मृति चिह्न स्थापनासँगै पाँचथरको चिवाभञ्ज्याङमा अभियानको समापन हुनेछ । संकल्प यात्रामा अध्यक्ष ओलीको नेतृत्वमा पदाधिकारी, केन्द्रीय निकायका अध्यक्ष/प्रमुखहरू, भूगोल कार्यक्षेत्र नभएका स्थायी कमिटीका सदस्यहरू र तोकिएका व्यक्तिहरू केन्द्रीय टोलीमा रहने पनि गौतमले जानकारी दिए ।

जटिल भौगोलिक संरचना, छरिएका बस्तीहरू, प्राकृतिक विपत्तिको उच्च जोखिम, वन्यजन्तुहरूका कारण कृषि उत्पादनमा ह्रास तथा जलवायु संकट पहाडको विकासका मुख्य चुनौती रहँदै आएको जनाउँदै एमालेले पहाड पूर्वाधार, विद्युतीकरण, खानेपानी र स्वास्थ्य तथा शिक्षामा पहुँचका दृष्टिले उल्लेख्य ढंगले रूपान्तरित हुँदै आएको दाबी गरेको छ । तीव्र बसाइँसराइ पहाडको मुख्य समस्या बन्न थाले पनि एकातिर विकासका योजनाहरू पहाड चढ्दै जाने, अर्कातिर पहाडबाट जनसंख्याको ठूलो हिस्सा तराई, सहर हुँदै बिदेसिँदै जाने चुनौती नै अर्थ-राजनीतिको सर्वाधिक जटिल प्रश्न समाधानका लागि अभियानकेन्द्रित हुने जनाइएको छ ।

अभियानले सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई बलियो बनाउन योगदान गर्ने एमालेको दाबी छ । मुलुक बन्छ, बन्दै छ भन्ने दह्रो आत्मविश्वास निर्माण गर्नु, प्राप्त उपलब्धिहरूको रक्षा एवं सम्वर्द्धन गर्नु तथा समाजमा आशावाद र सकारात्मक मनोविज्ञान निर्माण गर्नु अभियानको उद्देश्य रहेको एमालेले जनाएको छ नेपाल कम्युनिस्ट पार्टी स्थापनाको ७५औँ वर्षमा पार्टीले पुऱ्याएको योगदान जनतालाई प्रस्ट्याउँदै बलियो राष्ट्रिय शक्तिको निर्माण गर्न सहयोग पुऱ्याउनु अभियानको अर्को उद्देश्य रहेको पनि एमालेको भनाइ छ । अभियानमा हुने जनसंवादमार्फत सुझाव लिने र त्यसबाट सिक्ने पनि विज्ञप्तिमा जनाइएको छ । अभियानका क्रममा जनसभा, जनभेला तथा भेटघाटहरू, कलेज तथा विद्यालयका विद्यार्थीहरूसँग छलफल, किसानहरूसँग अन्तर्क्रिया, विकास कार्यहरूको अवलोकन र नमुना काम गरिरहेका उद्यमीहरूसँग भेटघाट, ऐतिहासिक, धार्मिक र सांस्कृतिक स्थलहरूको अवलोकन, जनताका अनुभूति, गुनासा संकलन गरिने विज्ञप्तिमा जनाइएको छ ।

गणतन्त्र उल्ट्याउने सपना नदेख्न प्रधानमन्त्रीको चेतावनी

काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संघीय लोकतान्त्रिक गणतन्त्र उल्ट्याउने सपना नदेख्न चेतावनी दिएका छन् । नेपाल संवत् मूल समारोह समितिले बुधबार राजधानीमा आयोजना गरेको कार्यक्रममा प्रचण्डले व्यवस्थाका विरुद्ध षड्यन्त्र गरिरहे थप कठोर हुन बाध्य हुने चेतावनी दिए ।



उनले गणतन्त्र उल्टाउन दुष्प्रयास गर्नेहरूले फेरि अर्को मूल्य चुकाउनुपर्ने बताए । पराजित भइसकेका सामन्तीहरूले अन्तिमपटक टाउको उठाउन खोज्ने भन्दै प्रचण्डले अहिले पनि त्यही कोसिस भइरहेको बताए । 'आजको परिवर्तन साना दुःखले आएको होइन । यो व्यवस्थाका निम्ति हजारौंले रगत बगाएका छन् । हजारौंले जेलनेल भोगेका छन् । लाखौं जनताले संघर्ष गरेका छन् । यो व्यवस्था कसैले उल्टाउन खोज्छ भने त्यो सपना मात्रै हो । तिनीहरूको सपना कहिल्यै पूरा हुँदैन,' प्रचण्डले भने, 'संसारकै नियम हो- पराजित भइसकेका सामन्ती तत्त्वहरूले अन्तिमपटक टाउको उठाउन खोज्छन् । अहिले पनि त्यही कोसिस हुँदै छ । संघीय लोकतान्त्रिक गणतन्त्र उल्टाउने सपना कसैले नदेख्दा हुन्छ । यस्तो दुष्प्रयास गर्नेहरूले फेरि अर्को मूल्य चुकाउनुपर्नेछ ।'

व्यवस्थाका विरुद्ध षड्यन्त्र गरिरहे थप कठोर हुन बाध्य हुने उनले बताए । 'एकथरी मान्छेहरू लोकतन्त्र र संस्कारको कुरा गर्दै छन् । उनीहरूको संस्कार के हो ? लोकतन्त्र कस्तो थियो ? भन्ने कुरा हामीले राम्रोसँग देखिसकेका छौं । लुटको स्वर्ग गुमेको छटपटी उनीहरूको होला । तर, व्यवस्थाका विरुद्ध षड्यन्त्र गरिरहे हामी थप कठोर हुन बाध्य हुनेछौं,' उनले भने ।

प्रचण्डले नेपाल संवत्लाई राष्ट्रिय संवत्को रूपमा विकसित तुल्याउनुपर्नेमा जोड दिए । 'हामीले विक्रम संवत् प्रयोग गरिरहेका छौं । कतिपय सन्दर्भमा अंग्रेजी संवत् पनि लेखिन्छ । तर, नेपाल संवत् नेपालको आफ्नै मौलिक संवत् हो । यसलाई राष्ट्रिय संवत्को रूपमा विकसित तुल्याउनुपर्छ,' उनले भने ।

फिफिया एपमार्फत १८२ जनालाई ठगी, ४८ विरुद्ध मुद्दा दायर

काठमाडौं/ नेटवर्किङ शैलीमा फिफिया एपमार्फत अनलाइन सट्टेबाजीबाट एक सय ८२ जना ठगिएका छन् । ठगीमा संलग्न ४८ जनाविरुद्ध प्रहरीले मुद्दा दायर गरेको छ ।

अन्तर्राष्ट्रिय गिरोहमा आबद्ध भई नेपालमा कम्पनी नै दर्ता गरेर यससम्बन्धी ठगीमा संलग्न भोजपुर घर भई काठमाडौं बस्ने दादिकी शेर्पा र रामेछापका जीवनकुमार श्रेष्ठलाई प्रहरीले पक्राउ गरी मुद्दा दायर गरेको हो ।

उनीहरूको गिरोहमा अन्य ४६ जनाको संलग्नता देखिएको र उनीहरूलाई फरार प्रतिवादी बनाई जिल्ला प्रहरी परिसर, काठमाडौंले सरकारी वकिलमार्फत जिल्ला अदालत काठमाडौंमा ठगी तथा संगठित अपराधको कसुरअनुसार मुद्दा दायर गरेको छ । उनीहरूले एक सय ८२ जनालाई तीन करोड ७४ लाख ५४ हजार नौ सय ९८ रुपैयाँबराबरको बिगो कायम गरी मुद्दा दायर गरिएको छ । ठगीका लागि फिफिए अनलाइन प्रालि नामक कम्पनी नै दर्ता गरी सेमिनारसमेत गरेर सर्वसाधारणलाई झुक्याएर ठगिएको हो । यसको मुख्य व्यक्ति दादिकी भएको प्रहरीले जनाएको छ ।

फेसबुकमार्फत चिनजान भएको व्यक्तिको प्रस्तावअनुसार आफूले यो काम गरेको दादिकीको बयान छ । चेन फी नामक व्यक्तिले आफूलाई फेसबुकमा रिक्वेस्ट पठाई फिफिया एपमार्फत नेटवर्किङको काममा लगाएको उनले बताएकी छिन् । यसबाट आफूले साढे तीन लाख कमाएको उनको बयान छ ।

सहजै आम्दानी गर्न सकिने भन्दै सामाजिक सञ्जालमा विज्ञापन नै गरेर ठूलो संख्यामा नेपालीलाई ठगी भएको हो । सुरुमा एउटा लिंक पठाएर अकाउन्ट खोल्न लगाउने र त्यसमा तीन सय रुपैयाँ बोनस दिने गरिन्छ । त्यो निकाल्न पाँच सय चाहिने भन्दै बेटिङलगायतमा उत्प्रेरित गर्ने र फसाउँदै लगेर ठगी हुने गरेको हो । जति धेरैलाई सो एपमा सिफारिस गऱ्यो, त्यति धेरै बोनस आउने भनेर नेटवर्किङ शैलीमा उनीहरूले ठगी गरेको प्रहरीले जनाएको छ । कतिपयले हजारौं रकम जम्मा गरेकोमा त्यो रकम फिर्ता नपाएको भनेर उजुरी गरेका छन् ।

सुरुमा तीनजनाले ११ लाख ठगी भएको भनेर दिएको उजुरीका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले शेर्पालाई पक्राउ गरेको थियो । थप अनुसन्धानको क्रममा संगठित गिरोहकै संलग्नता देखिएको हो । प्रहरीले बोधविक्रम मण्डल, नरेन्द्र गुरुङ, ज्ञानबहादुर राई, साङ्गे शेर्पा, सरोज थापा, चन्द्रबहादुर भण्डारी, सुप्रिया पाण्डे, विशाल देउजा, रेणु चौधरी, सुशील कार्की, सुमान्त केसीलगायतलाई फरार प्रतिवादी बनाएर मुद्दा दायर गरेको छ ।

संक्षेप

दुईवटा मोटरसाइकल जुध्दा तीनजनाको मृत्यु

सिराहा/ हुलाकी राजमार्गअन्तर्गत सिराहाको सन्हैठामा दुईवटा मोटरसाइकल आपसमा जुध्दा तीनजनाको मृत्यु भएको छ । सिराहा नगरपालिका-१९ सन्हैठा नयाँ चौकमा पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको से.२प ४५३१ नम्बरको मोटरसाइकल र विपरीत दिसातर्फ जाँदै गरेको प्रदेश २-०१-००१ प १८५० नम्बरको मोटरसाइकल जुध्दा दिनेशकुमार यादव, रामवृक्ष यादव र मुकेशकुमार सिंहको मृत्यु भएको हो । तीनैजनाको उपचारका क्रममा प्रादेशिक अस्पताल सिराहामा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ । दुर्घटनामा युवराजकुमार यादव गम्भीर घाइते भएको र थप उपचार गर्न विराटनगर रेफर गरिएको जिल्ला प्रहरी कार्यालय सिराहाका प्रवक्ता डिएसपी रवीन्द्रराज पाण्डेले बताए ।

युट्युबसहित १७ मिडियालाई प्रेस काउन्सिलको पत्र

काठमाडौं/ प्रेस काउन्सिलले सञ्चार माध्यमको आवरणमा सर्वसाधारणलाई त्रसित र आतंकित गर्ने सामग्री सम्प्रेषण गरेको भन्दै युट्युबसहितका १७ वटा मिडियालाई २४ घन्टे स्पष्टीकरण सोधेको छ । विभिन्न सामाजिक अभियन्ताको प्रदर्शनीको विषयलाई लिएर प्रायोजित एवं जनमानसलाई उत्तेजित, त्रसित पार्ने भाषाशैलीमा हिंसा, आतंकलाई प्रश्रय पुग्ने सामग्री सम्प्रेषण गरेको भन्दै काउन्सिलले बुधबार आचारसंहिताबमोजिमको कारबाही गरेको जनाएको छ । काउन्सिलका सहप्रशासकीय अधिकृत रामशरण बोहराद्वारा जारी विज्ञप्तिमा दर्ता सूचीकरण भएका सञ्चारमाध्यमअन्तर्गत सामाजिक सञ्जालबाट अवाञ्छित सामग्री सम्प्रेषण भएको हकमा २४ घन्टाभित्र स्पष्टीकरण सोधिएको जनाइएको छ ।

काउन्सिलले कुनै मिडियाअन्तर्गत आबद्ध नभएका र आचारसंहिताविपरीत सामग्री सम्प्रेषण गरेका सञ्चार माध्यम (युट्युब च्यानल)लाई त्यस्ता सामग्री हटाई काउन्सिलमा जानकारी गराउन निर्देशन दिनुका साथै थप अनुसन्धान गरी कारबाही गर्न नेपाल प्रहरी (साइबर ब्युरो)मा पत्राचार गरेको छ ।

इन्साइडर ट्रेडिङ गर्ने न्यौपाने र नेपालविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा

काठमाडौं/ गैरकानुनी रूपमा इन्साइडर ट्रेडिङ गरी त्यसबाट आर्जित सम्पत्ति शुद्धीकरण गरेको आरोपमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले गुरुप्रसाद न्यौपानेविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । उनीविरुद्ध एक करोड ९९ लाख १० हजार रुपैयाँ बिगो दाबी गरेर विभागले २३ कात्तिकमा मुद्दा दायर गरेको हो ।

इन्साइडर ट्रेडिङ गरेको आरोपमा उनीविरुद्ध गत चैतमा अदालतमा मुद्दा दायर भएको थियो । सम्बद्ध कसुरमा मुद्दा दायर भएपछि सम्पत्ति शुद्धीकरणमा पनि विभागले अनुसन्धान अघि बढाएको थियो । रिडी पावर कम्पनी लिमिटेडका तत्कालीन अध्यक्ष न्यौपानेले पदमा बहाल रहेकै बखत उक्त कम्पनीको सेयर खरिद बिक्री गरेको छानबिनबाट पुष्टि भएको विभागको दाबी छ । उनले १९ चैत ०७७ देखि २४ साउन ०७८ सम्म सेयर खरिद-बिक्री गरेका थिए । कुवेरमणि नेपालको सहजीकरण र मिलेमतोमा एक करोड ९९ लाख १० हजार रुपैयाँको इन्साइडर कारोबार गरी उक्त रकमको प्राप्ति, धारण एवं निःसर्गसमेत गरी सम्पत्ति शुद्धीकरण गरेको आरोप विभागको छ ।

पार्टी एकताका लागि भट्टराईको नेतृत्वमा संयोजन समिति गठन

काठमाडौं/ नेपाल समाजवादी पार्टीले बृहत् समाजवादी केन्द्र निर्माणका लागि माओवादीलगायत विचार मिल्ने राजनीतिक शक्तिसँग एकता र ध्रुवीकरण गर्दै जाने निर्णय गरेको छ । राजधानीमा बुधबार बसेको केन्द्रीय समितिको चौथो पूर्ण बैठकले एकता र ध्रुवीकरणका लागि संयोजन समितिसमेत गठन गरेको छ । अध्यक्ष डा. बाबुराम भट्टराईको संयोजकत्वमा गठित समितिमा अर्का अध्यक्ष महिन्द्र राय यादव, सहअध्यक्ष गंगानारायण श्रेष्ठ, उपाध्यक्ष दुर्गा सोव, महासचिव रमेशप्रसाद यादव र कार्यकारिणी सदस्य जनकराज शाह छन् । पार्टी एकता संयोजन समिति बनाउने, माओवादीसँग एकता र अन्य पार्टीसँग छलफल गर्दै जाने निर्णय भएको अध्यक्ष यादवले बताए ।

संगठन निर्माण तथा विस्तार अभियानको समयावधि दुई महिना थप गरी फागुन मसान्तसम्म पुऱ्याउने निर्णय पनि बैठकले गरेको छ । यस्तै, सबै स्थानीय तहको बैठक, समिति गठन र पुनर्गठन पुस मसान्तसम्म गरिसक्ने निर्णय पनि भएको छ । मंसिर-पुसमा वडा र पालिकाको भेला-सम्मेलन, माघ-फागुनमा प्रदेशको सम्मेलन र वैशाखमा राष्ट्रिय सम्मेलन गर्ने निर्णय बैठकले गरेको छ । बैठकले जाजरकोट भूकम्पमा परी घाइते भएकाको उपचार, भूकम्पपीडितलाई राहत र पुनर्स्थापनाका लागि सरकारसँग आग्रह गरेको छ ।

चितवनमा एकै दिन भेटिए तीनवटा शव

भरतपुरमा बोराभित्र महिला र पुरुषको शव, खैरहनीमा मृत अवस्थामा वृद्ध

भरतपुरमा **विवेक पोखेल**

चितवनमा एकै दिन तीनजनाको शव फेला परेको छ । पूर्व-पश्चिम (महेन्द्र) राजमार्गअन्तर्गत भरतपुर महानगरपालिका- १२ मिलनचोकनजिकै कल्भर्टमा बोराभित्र दुईवटा शव फेला परेको हो ।

खैरहनी नगरपालिका- ९ मा रहेको नमुना टायर सोलिङ ग्यारेजको छेउमा रहेको झाडीमा घोप्टो अवस्थामा गोरखाको सहिद लखन गाउँपालिका- ९ नामजुङ घर भएका ५१ वर्षका ऋषिराम बस्नेत बुधबार मृत फेला परेका हुन् । बाहिरी चोटपटक नदेखिएकाले बस्नेतको मृत्युलाई प्रहरीले स्वाभाविक मृत्युका रूपमा लिएको छ । तर, भरतपुरमा भेटिएको दुईवटा शव भने हत्या गरेर फालिएको प्रहरीको प्रारम्भिक अध्ययनले देखाएको छ । जुटको दुई छुट्टाछुट्टै बोरामा रहेका शव एक महिलाको र अर्को पुरुषको भए पनि थप पहिचान भएको छैन । तीनवटै शव अहिले भरतपुर अस्पतालको पोस्टमार्टम घरमा राखिएको छ ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी नायब उपरीक्षक (डिएसपी) विजयराज पण्डितका अनुसार भरतपुरमा भेटिएको शव अन्यत्रै हत्या गरेर ल्याई फालेजस्तो देखिन्छ । खोलामा माछा मार्न पुगेका मानिसले बोराबाट गन्धसँगै मानिसको हात देखेपछि शंका लागेर प्रहरीलाई खबर गरेका थिए । डिएसपी पण्डितका अनुसार हातखुट्टा बाँधिएको अवस्थामा छुट्टाछुट्टै बोरामा रातमा लगाउने वस्त्रसहितको महिला र पुरुषको शव फेला परेको छ । 'शवको प्रकृति हेर्दा चार-पाँच दिनअघि हत्या भएजस्तो देखिन्छ,' उनले भने, 'शव गलिसकेकाले पहिचान गर्नसमेत मुस्किल देखिएको छ । अन्दाजी ३५ वर्षका तराई मूलका पुरुष र ३० वर्षमुनिका मंगोलियन समुदायको महिलाको जस्तो शव छ ।' प्रहरीले दुवै घटनाबारे अनुसन्धान सुरु गरेको जनाएको छ ।



भरतपुर महानगरपालिका- १४ बरौजीमा घरभित्रै मृत अवस्थामा फेला परेका वृद्धबारे एक हप्ता बित्दा पनि प्रहरीले अनुसन्धान टुंगो लगाउन सकेको छैन । डिएसपी पण्डितका अनुसार ६७ वर्षीय विष्णुप्रसाद तिवारी २६ कात्तिक बिहान मृत भेटिएका थिए । उनको अघिल्लो दिन हत्या भएको अनुमान छ । 'साँझको समयमा घरभित्र लक्ष्मीपूजा गर्दै गरेको वेला इँटाले हानेर मारेको जस्तो देखिन्छ । कन्चटको एक भागमा इँटाले हानेको गहिरो डोब पनि थियो,' पण्डितले भने, 'शव नजिकै इँटा पनि थियो ।' प्रहरीले घटनाबारे अनुसन्धान भइरहेको जनाएको छ । अनुसन्धानका लागि तालिमप्राप्त कुकुरसहित प्रहरी टोली घटनास्थल पुगेको थियो ।

होटेलको कोठामा अचेत अवस्थामा भेटिएकी महिलाको मृत्यु

कास्की/ पोखराको एक होटेलमा अचेत अवस्थामा भेटिएकी महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा तनहुँ भिमाद स्थायी घर भएकी ३८ वर्षीया सुकु विक रहेको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी श्रवणकुमार विकले जानकारी दिए ।

पोखरा महानगरपालिका- ८ नागढुंगास्थित शिला रेस्टुरेन्टमा दुई वर्षदेखि काम गर्दै आएकी उनी होटेलमै अचेत अवस्थामा भेटिएकी थिइन् । होटेल सञ्चालिकाले उनलाई होटेलको कोठामा अचेत अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेकी थिइन् । जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरी टोलीले उनको उद्धार गरी उपचारका लागि चरक मेमोरियल अस्पताल लगेकोमा चिकित्सकले चेकजाँच गर्ने क्रममा मृत्यु घोषणा गरेका थिए । प्रारम्भिक अनुसन्धानपछि उनको मृत्यु शंकास्पद रहेको प्रहरीले जनाएको छ ।

भारतबाट आइपुगे १५ वटा मुर्रा राँगा

नेपालगन्ज, पोखरा र लहानमा राखिने

भोजराज भण्डारी/नयाँ पत्रिका

भारतले अनुदानमा दिएको उन्नत जातको १५ वटा मुर्रा राँगा बुधबार नेपाल आइपुगेको छ । नेपाल-भारतबीच कृषि तथा पशुपक्षीको क्षेत्रमा भएको पूर्वसमझदारीअनुसार नेपालगन्ज जमुनाहा नाका भएर मुर्रा राँगा भित्रिएको हो । गत जेठमा भएको प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमणका क्रममा भारतले अनुदानमा मुर्रा राँगा दिने बताएको थियो । नेपाल आइपुगेको उक्त राँगालाई पूर्वसहमतिअनुसार तीनवटा नेपालगन्ज, पाँचवटा लहान र सातवटा पोखराको पशु क्वारेन्टिन शाखामा राखिने नेपालगन्ज पशु क्वारेन्टिन शाखा कार्यालयका प्रमुख डा. विनयकुमार कर्णले बताए ।

राँगा लिन पशुसेवा विभाग, पशु क्वारेन्टिन र केन्द्रीय पशु प्रयोगशालाका अधिकारीहरू नेपालगन्ज भन्सार कार्यालय पुगेका थिए । यो नश्लको राँगाले नेपालको दूध उत्पादन क्षमता तथा भैंसीको नश्ल सुधारमा फड्को मार्ने



नेपालगन्जस्थित क्वारेन्टिनको होल्डिङ यार्डमा राखिएका राँगा । तस्बिर : **विश्वराज पछ्लडङ्गया**/नयाँ पत्रिका

कर्णले बताए । भारतीय सेन्ट्रल इन्स्टिच्युट फर बफेलोले विकास गरेको मुर्रा प्रजातिको भैंसीको जात विश्वमै उन्नतमध्येको एक मानिएको पशुसेवा विभागका निर्देशक डा. चन्द्र ढकालले बताए । भारतको हरियाणामा रैथाने प्रजातिलाई आनुवंशिक विकास गर्दै लामो अध्ययनबाट उन्नत बनाइएको यो जात दूध उत्पादनका लागि सबैभन्दा राम्रो मानिने उनको भनाइ छ ।

यो जातको भैंसीले एक बेतमा पाँच हजार लिटरसम्म दूध दिने अनुमान गरिएको छ । यस्तो भैंसीको कारण भारतले दुग्ध उत्पादनमा तीन गुणा वृद्धि गरेसँगै संसारभर भारतबाट मुर्रा जातको नश्लका लागि माग बढेको पशुसेवा विभागको भनाइ छ । नेपालमा अहिले पालिएका उन्नत जातका भैंसीहरूबाट औसत प्रतिबेत १४ सय लिटर मात्रै दूध उत्पादन क्षमता रहेको विभागको भनाइ छ ।

तत्कालीन प्रधानमन्त्री केपी ओलीकै पालामा मुर्रा जातको राँगा ल्याउने सहमति भएको थियो । ०७५ मै नेपाल-भारत संयुक्त कृषि प्राविधिक कार्य समूहको बैठकमा ३० वटा उन्नत जातका मुर्रा राँगा नेपाल सरकारबाट माग भए थियो । सोहीअनुसार जेठ ०७७ मा भारतीय पशु मन्त्रायलाई नेपालले उच्च प्रजनन क्षमता भएका नश्ल राँगो आपूर्तिका लागि औपचारिक प्रस्ताव गरेको थियो ।

जसपाकी यादवले लिइन् शपथ

जनकपुरधाम/ जनता समाजवादी पार्टीकी नेतृ प्रदेश सभा सदस्यमा मनोनीत सन्जिलाकुमारी यादवले पद तथा गोपनीयताकी शपथ लिएकी छिन् । बुधबार दिउँसो प्रदेश सभामुख रामचन्द्र मण्डलले यादवलाई प्रदेश सभा सदस्यको शपथ गराए । जसपाको समानुपातिक सांसद बिन्दुकुमारी यादवको क्यान्सरको कारण निधन भएको थियो । पार्टीले यादवको स्थानमा सन्जिलाकुमारी यादवलाई प्रदेश सांसदमा मनोनीत गरेको थियो ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-५५७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	१) नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा प्रा.फ.र.नं. ११२३२५/०७०/०७१ अन्तर्गत मिति: २०७०/०४/१३ मा प्राइभेट फर्म रेजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २२ स्थित श्री **हिरा ट्रेडर्स** **प्रोप्राइटर तथा जमानिकर्ता: सन्तोष अधिकारी** स्थायी ठेगाना : गोरखा जिल्ला, आँपपिपल गा.वि.स. वडा नं. ८ हालको ठेगाना : काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ३ बाबु : मान बहादुर अधिकारी बाजे : पदम बहादुर अधिकारी

जमानीकर्ताहरुको विवरण

१) मान बहादुर अधिकारी	२) करिश्मा ढकाल अधिकारी	३) सुमन अधिकारी	४) नानी माया अधिकारी
स्थायी ठेगाना:गोरखा जिल्ला, आँपपिपल गा.वि.स. वडा नं. ८ हालको ठेगाना : काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ३ बाबु : पदम बहादुर अधिकारी बाजे : नवल सिंह अधिकारी	स्थायी ठेगाना:गोरखा जिल्ला, पालुङटार न.पा. वडा नं. १३ हालको ठेगाना : काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ३ बाबु : पितामबर ढकाल ससुरा: मान बहादुर अधिकारी पति : सन्तोष अधिकारी	स्थायी ठेगाना : गोरखा जिल्ला, आँपपिपल गा.वि.स. वडा नं. ८ हालको ठेगाना:काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ३ बाबु : मान बहादुर अधिकारी बाजे : पदम बहादुर अधिकारी	स्थायी ठेगाना : गोरखा जिल्ला, आँपपिपल गा.वि.स वडा नं. ८ हालको ठेगाना:काठमाडौं जिल्ला, टोखा न.पा वडा नं. ३ बाबु : रुद्र बहादुर थपलिया ससुरा : पदम बहादुर अधिकारी पति : मान बहादुर अधिकारी

ऋणीको विवरण

२) करिश्मा ढकाल अधिकारी
स्थायी ठेगाना : गोरखा जिल्ला, पालुङटार न.पा. वडा नं. १३
हालको ठेगाना : काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ३
बाबु : पितामबर ढकाल
ससुरा: मान बहादुर अधिकारी
पति : सन्तोष अधिकारी

जमानीकर्ताहरुको विवरण

१) मान बहादुर अधिकारी	२) सन्तोष अधिकारी	३) सुमन अधिकारी	४) नानी माया अधिकारी
स्थायी ठेगाना:गोरखा जिल्ला, आँपपिपल गा.वि.स. वडा नं. ८ हालको ठेगाना : काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ३ बाबु : पदम बहादुर अधिकारी बाजे : नवल सिंह अधिकारी	स्थायी ठेगाना:गोरखा जिल्ला, आँपपिपल गा.वि.स. वडा नं. ८ हालको ठेगाना:काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ३ बाबु : मान बहादुर अधिकारी बाजे : पदम बहादुर अधिकारी	स्थायी ठेगाना : गोरखा जिल्ला, आँपपिपल गा.वि.स. वडा नं. ८ हालको ठेगाना:काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ३ बाबु : मान बहादुर अधिकारी बाजे : पदम बहादुर अधिकारी	स्थायी ठेगाना : गोरखा जिल्ला, आँपपिपल गा.वि.स वडा नं. ८ हालको ठेगाना:काठमाडौं जिल्ला, टोखा न.पा वडा नं. ३ बाबु : रुद्र बहादुर थपलिया ससुरा : पदम बहादुर अधिकारी पति : मान बहादुर अधिकारी

धितोको विवरण

१) रुद्र बहादुर थपलियाकी छोरी, पदम बहादुर अधिकारीकी बुहारी, मान बहादुर अधिकारीकी पत्नि, गोरखा जिल्ला, आँपपिपल गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ३ बस्ने नानी माया अधिकारीको नाममा मालपोत कार्यालय, टोखा, काठमाडौं लगातमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, सरस्वति गा.वि.स वडा नं. २ (हाल टोखा न.पा वडा नं. ३) स्थित कित्ता नं. २७ को क्षेत्रफल १५४.६० (व.मि.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) पितामबर ढकालकी छोरी, मान बहादुर अधिकारीकी बुहारी, सन्तोष अधिकारीकी पत्नि, गोरखा जिल्ला, पालुङटार न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ३ बस्ने करिश्मा ढकाल अधिकारीको नाममा मालपोत कार्यालय चाबहिल, काठमाडौं लगातमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, गोठाटार गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं १०८, ३०, १९, ३३, ११०, १७ र ३१ को क्षेत्रफल क्रमश: १२३.६०, ९१.४१, ९१.४२, १२७.१६, १२८.९९, ९२.३९ र ७५.५१ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
३) श्री हिरा ट्रेडर्स को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण

३) शान्ती अधिकारी
स्थायी ठेगाना : गोरखा जिल्ला, आँपपिपल गा.वि.स. वडा नं. ८
हालको ठेगाना : काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ३
बाबु : मान बहादुर अधिकारी
बाजे : पदम बहादुर अधिकारी

जमानीकर्ताहरुको विवरण

१) मान बहादुर अधिकारी	२) सुमन अधिकारी
स्थायी ठेगाना : गोरखा जिल्ला, आँपपिपल गा.वि.स. वडा नं. ८ हालको ठेगाना : काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ३ बाबु : पदम बहादुर अधिकारी बाजे : नवल सिंह अधिकारी	स्थायी ठेगाना : गोरखा जिल्ला, आँपपिपल गा.वि.स. वडा नं. ८ हालको ठेगाना : काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ३ बाबु : मान बहादुर अधिकारी बाजे : पदम बहादुर अधिकारी

ऋणीको विवरण	जमानीकर्ताको विवरण
२) प्रदेश सरकार, प्रदेश नं. २, नेपाल, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सप्तरी, राजविराजमा सा.फा.प्रा.फ.र.नं. : ८४०५/०७७/०७८ अन्तर्गत मिति २०७७/०९/१६ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८, स्थित **श्री कृष्ण इन्टर प्राइजेज** **प्रोप्राईटर तथा जमानीकर्ता: शोभिता कुमारी** स्थायी ठेगाना : सप्तरी जिल्ला, बनौला गा.वि.स. वडा नं. ९ हालको ठेगाना : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ बाबु : बाल कृष्ण साह ससुरा : लखन साह पति : सुरेश कुमार साह	**सुरेश कुमार साह** स्थायी ठेगाना : सप्तरी जिल्ला, बनौला गा.वि.स. वडा नं. ९ हालको ठेगाना : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ बाबु : लखन साह बाजे : असर्फि साह

धितोको विवरण

१) बाल कृष्ण साहकी छोरी, लखन साहकी बुहारी, सुरेश कुमार साहकी पत्नि, सप्तरी जिल्ला, बनौला गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ बस्ने शोभिता कुमारीको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीको लगातमा दर्ता कायम रहेको सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ५/क (हाल राजविराज न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३९५९ को क्षेत्रफल ०-१-०-० (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) बाल कृष्ण साहकी छोरी, लखन साहकी बुहारी, सुरेश कुमार साहकी पत्नि, सप्तरी जिल्ला, बनौला गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ८ बस्ने शोभिता कुमारीको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीको लगातमा दर्ता कायम रहेको सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ५क (हाल राजविराज न.पा. वडा नं. ८) स्थित कित्ता नं. ५२३ को क्षेत्रफल ०-१-०-० (विगाहा) को जग्गा र सप्तरी जिल्ला, सीतापूर गा.वि.स. वडा नं. ३ ख (हाल अजीसाइर कृष्णसवरन गा.पा. वडा नं. २) स्थित कित्ता नं. २०१, २०६ र २०८ को क्षेत्रफल क्रमश : ०-१-१-०, ०-१-१-० र ०-१-१-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
३) श्री कृष्ण इन्टर प्राइजेजको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण

३)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय कास्कीमा प्रा.फ.र.नं. १९८११/०७७/०७८ स्थानीय व्यापार अन्तर्गत मिति २०७७/०६/१५ मा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएको कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १७ स्थित **अग्राता फेन्सी एण्ड कस्मेटिक** **प्रोप्राइटर तथा जमानीकर्ता: अनिता शर्मा (मैनाली)**	**२) अनिता शर्मा (मैनाली)** स्थायी ठेगाना : सर्लाही जिल्ला, हजरिया गा.वि.स. वडा नं. ३ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १७ बाबु : होमनाथ पाध्या ससुरा : इब नाथ मैनाली पति : गणेश मैनाली

जमानीकर्ताको विवरण	धितोको विवरण
देबी शर्मा स्थायी ठेगाना : पर्वत जिल्ला, आथरडाँडाखर्क गा.वि.स. वडा नं.७ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १७ बाबु : नेत्रनिधी पन्त ससुरा : होमनाथ पाध्य पति : धर्मराज शर्मा	१) होमनाथ पाध्याकी छोरी, इब नाथ मैनालीकी बुहारी, गणेश मैनालीकी पत्नि, सर्लाही जिल्ला, हजरिया गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १७ बस्ने अनिता शर्मा (मैनाली) को नाममा मालपोत कार्यालय कास्की, पोखराको लगातमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १७ स्थित कित्ता नं. २५७ को क्षेत्रफल १३२.०० (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) अग्राता फेन्सी एण्ड कस्मेटिक को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

■ नक्कली भुटानी शरणार्थी प्रकरण

थुनामा रहेकाहरूको निवेदन हेर्दाहेर्दैमा, आज पनि थुनछेक बहस

नयाँ पत्रिका

नक्कली भुटानी शरणार्थी प्रकरणमा थुनामा रहेकाहरूको निवेदन बुधबार पनि हेर्दाहेर्दैमा राखिएको छ । मंगलबारदेखि उच्च अदालत पाटनको संयुक्त इजलासमा सुनुवाइ सुरु भएकोमा बुधबार पनि बहस नसकिएकाले हेर्दाहेर्दैमा राखिएको छ ।

पाटनका न्यायाधीशद्वय जनक पाण्डे र प्रकाश खरेलको इजलासले यो निवेदनमाथि सुनुवाइ गर्दै छ । बिहीबार पनि सुनुवाइ निरन्तर रहनेछ । नक्कली भुटानी शरणार्थीबारे २१ वटा निवेदन विभिन्न मितिमा उच्चमा दर्ता भएका हुन् । जसमध्ये दुईवटा सरकारी पक्षले दर्ता गराएको हो । जिल्ला अदालत काठमाडौंले धरौटीमा छाडेका टंक गुरुङ र केशव तुलाधरलाई प्रतिवादी बनाउँदै निवेदन दर्ता भएको हो ।

निवेदन लिएर जाने अन्य १९ जना भने प्रतिवादी हुन् । जिल्ला अदालत काठमाडौंले टेकनारायण पाण्डे, सानु भण्डारी, आडटावा शेर्पा, इन्द्रजित राई, हरिभक्त महर्जन, सन्देश शर्मा, शमशेर मियाँ, गोविन्द चौधरी, आशिष बुढाथोकी, सन्दीप रायमाझी, टेकनाथ रिजाल, केशवप्रसाद दुलाल, बालकृष्ण खाण, टोपबहादुर रायमाझी, सागर राई र रामशरण केसीलाई १ असारमा काठमाडौं अदालतले थुनामा पठाउने आदेश गरेको थियो । यसैगरी, जिल्ला न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासले लक्ष्मी महर्जन र टंकबहादुर गुरुङलाई धरौटीमा रिहा गरे पनि उनीहरू पनि उच्च पुगेका हुन् । जिल्ला अदालतबाट भएको आदेश बदर हुनुपर्ने माग वादीहरूको छ ।

यी निवेदनमाथि यसअघि कैफियत प्रतिवेदन झिकाउने आदेश भएकोमा सबै निवेदकको प्रतिवेदन प्राप्त भएपछि सुनुवाइ सुरु भएको हो । पाटनको संयुक्त इजलासले बिहीबार पनि यस विषयमा सुनुवाइ गर्नेछ । तिहारअघि यस निवेदमाथि ५ मंसिरको मिति नै किटेर पेसी तोकिएको थियो । नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाइदिने भन्दै करोडौं ठगेको अभियोगमा जिल्ला अदालत काठमाडौंमा मुद्दा विचाराधीन छ ।

जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले गत १० जेठमा ३० जनालाई प्रतिवादी बनाई मुद्दा दर्ता गराएको थियो । प्रतिवादीहरूविरुद्ध ठगी, संगठित अपराध, लिखत किर्ते र राज्यविरुद्धको अपराधमा मुद्दा चलाइएको छ । यस प्रकरणमा सबै प्रतिवादीमाथि गरी कुल २८ करोड ८१ लाख ७४ हजार रुपैयाँभन्दा बढी बिगो मागदाबी गरिएको छ ।

■ उपप्राध्यापक चलाउनेको मुद्दामा सुनुवाइ सुरु

त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक प्रेमबहादुर चलाउनेको मुद्दामा सुनुवाइ सुरु भएको छ । काठमाडौं जिल्ला अदालतमा बुधबारबाट सुनुवाइ सुरु भएको हो । यस मुद्दालाई बिहीबारका लागि हेर्दाहेर्दैमा राखिएको निवेदक चलाउनेले जानकारी दिए ।

उपप्राध्यापक चलाउनेमाथि २० असोज ०७७ मा सांघातिक आक्रमण भएको थियो । जसमा कांग्रेसनिकट विद्यार्थी नेताहरू योगेन्द्र रावल, हरि आचार्यलगायतले योजनाबद्ध आक्रमण गरेको भन्दै जिल्ला अदालत काठमाडौंमा मुद्दा चलिरहेको छ । कुल सातजना प्रतिवादीमाथि २० कात्तिक ०७७ मा ज्यान मार्ने उद्योगको कसुर गरेको भन्दै मुद्दा दर्ता भएको छ । यसैमाथि सुनुवाइ सुरु भएको हो ।

बुधबार तीनजना सरकारी वकिलसहित चलाउनेका तर्फबाट नौजनाले बहस गरेका थिए भने प्रतिवादीका तर्फबाट चारजना कानुन व्यवसायीले बहस गरेका छन् । बिहीबार अझै पनि केही कानुन व्यवसायीले प्रतिवादीको प्रतिरक्षा गर्नेछन् । जसपछि निवेदकका तर्फबाट जवाफी बहस हुनेछ र फैसला आउने सम्भावना छ ।

'उपत्यकाबाहिरबाट आएका महिलालाई राति सुतिरहेको पार्टी प्यालेसबाट लखेटियो'

काठमाडौं/ उपत्यकाबाहिरबाट आएका महिलालाई मंगलबार राति युवा संघका कार्यकर्ताले दुर्व्यवहार गरेको भन्दै 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान'ले भर्त्सना गरेको छ । अभियानका संयोजक दुर्गा प्रसाईंले लखेटिएका महिलाकै उपस्थितिमा बुधबार भक्तपुरमा पत्रकार सम्मेलन गर्दै युवा संघप्रति आक्रोश प्रकट गरे ।

प्रसाईंले विज्ञप्ति नै जारी गरेर आफूहरूको अभियानलाई रोक्न आक्रमण र अमानवीय कार्य हुन सक्ने भन्दै बिहीबारको कार्यक्रमबारे मानव अधिकारकर्मी, नागरिक समाज र पत्रकारलाई प्रत्यक्ष अनुगमन र निगरानी गरिदिन अपिल नै गरेका छन् । 'अहिलेसम्म सरकारले हामी नागरिकको आवाजलाई बन्द गराउन गरेका अमानवीय कुकृत्य र एमाले र उसको भ्रातृ संगठनले गरेका हिंसात्मक गतिविधि र देखाएका व्यवहारप्रति समेत सरकार मौन भएर बस्नुले सरकार र एमाले पार्टीको मिलेमतोमा भोलिको जनविद्रोहलाई दबाउन जस्तोसुकै अमानवीय कार्य गर्न सक्ने देखिएको छ,' विज्ञप्तिमा भनिएको छ, 'हाल भइरहेको आक्रमण र अमानवीय कार्यका साथै भोलिदेखि हुने हरेक घटनाको प्रत्यक्ष अनुगमन र निगरानी गरी विश्व जगत्लाई सत्य-तथ्य जानकारी गराइदिनुहुन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार आयोग, नेपालस्थित वैदेशिक कूटनीतिक नियोग, मानव अधिकारकर्मी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चारमाध्यम र नागरिक समाजमा हार्दिक अपिल गर्दछौं ।'

बुधबार साँझ उपत्यकाबाहिरबाट अभियानको समर्थनमा आएका ३५ महिला भक्तपुर लोकन्थलीको इन्द्रसान पार्टी प्यालेसमा सुतिरहेको अवस्थामा युवा संघका कार्यकर्ता बताउने केही युवाले उनीहरूलाई दुर्व्यवहार गर्दै लखेटेका थिए । पछि प्रहरीले उनीहरूको उद्धार गरेर सोही प्यालेसमा सुरक्षासहित राखेको थियो । महिलाहरूलाई लखेटेको भिडियो बाहिरिएपछि सामाजिक सञ्जालमा आलोचना भइरहेको छ ।

भिजिलान्ते प्रयोग गरेर बदनाम गराउन खोजियो : युवा संघ

राष्ट्रिय युवा संघले दुर्गा प्रसाईं समूहका प्रदर्शनकारीलाई वास बस्ने स्थानबाट निकालेको घटनामा आफ्नो संगठनको कुनै संलग्नता नरहेको प्रस्ट्याएको छ । संघका अध्यक्ष क्षितिज थेबेले बिहीबार विज्ञप्ति जारी गरी घटनामा कुनै संलग्नता नरहेको दाबी गर्दै भिजिलान्ते प्रयोग गरेर संगठनलाई बदनाम गर्ने कोसिस गरिएको उल्लेख गरेका छन् ।

'युवाहरूको सर्वाधिक लोकप्रिय संगठन राष्ट्रिय युवा संघ नेपाललाई बदनाम गराउने र भोलि हुने सरकारविरुद्धको आन्दोलनको कार्यक्रमलाई सफल बनाउन नदिने नियतका साथ भिजिलान्ते प्रयोग गरी राति वास बसेको समयमा घटेको अमानवीय घटना कुनै हिसाबले क्षम्य छैन,' थेबेले भनेका छन्, 'हामी नै यतिखेर समाजमा देखिएका अनेकौं अराजकताको विरुद्धमा छौं भने यस्ता अमानवीय व्यवहारप्रति संगठनको कुनै संलग्नता नरहेको व्यहोरासहित भर्त्सना व्यक्त गर्दछौं ।' उनले त्यस्ता खालको गतिविधि गर्नेलाई खोजिरहेको र थप अनुसन्धान गरिरहेको, अमानवीय व्यवहार गर्ने, गुन्डागर्दी गर्ने गिरोहलाई प्रहरी प्रशासनमा बुझाउने प्रतिबद्धतासमेत जनाएका छन् ।

संघका पूर्वअध्यक्ष महेश बस्नेतले संघको संलग्नताका विषयमा गलत प्रचार गरिएको दाबी गर्दै प्रहरीको समन्वयमा संघले नै वास बस्ने व्यवस्था गरेको बताएका छन् । 'दुर्गा प्रसाईंजस्ता आपराधिक व्यक्तिले सर्वसाधारण र महिलालाई कुनै दल र व्यक्तिविरुद्ध परिचालन गरी अमर्यादित ढंगले उचालेर काठमाडौंमा खुला दिसापिसाब गराउनेजस्ता हर्कत गराउँदा स्थानीयले त्यस्तो नगर्न र आफ्नो क्षेत्रमा नबस्न गरिएको आग्रहलाई अन्यथा प्रचार गर्नु बेठीक छ,' बस्नेतले सामाजिक सञ्जालमा भनेका छन्, 'याद होस्, ती व्यक्तिहरूलाई प्रहरीको समन्वयमा युवा संघका साथीहरूले नै वास बस्ने व्यवस्था गरेका हुन् । युवा संघ सधैं मर्यादित र मानवीय हिसाबले अगाडि लम्कन्छ । कसैले अन्यथा प्रचार गर्न खोजेर केही हुनेवाला छैन ।'

सांसद पौडेलको टोली जाजरकोटमा



जाजरकोट/ कांग्रेस सांसद प्रदीप पौडेल नेतृत्वको टोली भूकम्प प्रभावित जाजरकोटमा अस्थायी आवास निर्माणमा खटिएको छ । कांग्रेसको श्रमदानको निर्णयअनुसार पौडेल नेतृत्वको टोलीले पुगेर नलगाड नगरपालिका- ५ स्थित रघुनाथ टोलमा मंगलबारदेखि अस्थायी टहरा निर्माणको कामलाई निरन्तरता दिइरहेको छ ।

टोलीका सदस्य सुशील भट्टका अनुसार पौडेल नेतृत्वको टोलीले करिब सय अस्थायी आवास निर्माणमा सहयोग गर्ने लक्ष्य लिएको छ । पौडेल नेतृत्वमा रहेको १५० जनाको टोलीले क्षतिग्रस्त भएका घरहरूको भग्नावशेष पन्छाउन सहयोग गरिरहेका छन् । पौडेलले आफ्नो टोलीले लक्ष्यअनुसार काम गरिरहेको बताए । मंगलबार कांग्रेसले श्रमदानको औपचारिक निर्णय लिएको थियो । निर्णयसँगै भूकम्प प्रभावित क्षेत्रमा श्रमदानका लागि पुगेको पहिलो टोली हो । टोलीमा नेता पौडेलसहित प्रदेश सभा सदस्य दिल्लीराम सुवेदी, महासमितिहरू सदस्यहरू सुशील भट्ट र महेन्द्र शाह, कांग्रेस कार्यालय सचिव मुक्ति आचार्यलगायत छन् । पौडेल नेतृत्वको टोलीले नलगाड नरगपालिका ४ र ५ वडामा खटिनेछ । टोलीमा नेपालगन्ज र सुर्खेतबाट ३५ जना सिकर्मी-डकर्मी, ६ जना इन्जिनियर समावेश छन् ।

१० मंसिरलाई रंगभेदविरुद्ध दिवस मनाउन राउतको संकल्प प्रस्ताव



काठमाडौं/ जनमत पार्टीका अध्यक्ष सिके राउतले रंगभेदविरुद्ध एकता दिवस मनाउन संकल्प प्रस्ताव गरेका छन् । १० मंसिरमा रंगभेदविरुद्ध एकता दिवस मनाउन र रंगभेद नगर्ने राष्ट्रिय संकल्प लिन अध्यक्ष राउतले बुधबार प्रतिनिधिसभामा संकल्प प्रस्ताव दर्ता गराएका हुन् ।

प्रतिनिधिसभा नियमावली, २०७९ को नियम ७९ बमोजिम अध्यक्ष राउतले प्रतिनिधिसभाका सचिवलाई बुधबार संकल्प प्रस्ताव बुझाएका हुन् । नेपालको संविधानले परिकल्पना गरेको समतामूलक समाजविपरीत भइरहेको नश्ल, रंग र वर्णका आधारका विभेदलाई अन्त्य गर्न राज्य गम्भीर हुनुपर्ने प्रस्तावमा उल्लेख छ । 'हिमाल, पहाड तथा मधेशका विभिन्न समुदायमाथि पटक-पटक नश्ल, रंग र वर्णका आधारमा विभेद राज्य पक्ष र शासक वर्गबाट हुँदै आएको छ,' प्रस्तावमा भनिएको छ, 'नश्ल, रंग र वर्णको आधारमा उनीहरूविरुद्ध अनेकौं अपमानजनक शब्द प्रयोग गरिनुका साथै दैनिक व्यवहारदेखि लिएर राज्यका प्रक्रियामा समेत उनीहरू विभेदको सिकार हुनुपरेको छ । संविधानविपरीत भइराखेको यस विभेदलाई राज्यले गम्भीरताले लिएर विभेदलाई अन्त्य गर्ने दिशातर्फ कदम चाल्नुपर्नेमा राज्य आफैं पनि विभेद गर्न नै संलग्न हुँदै आएको छ ।'

१० मंसिर ०७१ काठमाडौंको सुन्धारा क्षेत्रबाट नेपाल प्रहरीले रंग र वर्णकै आधारमा छुट्याइ-छुट्याई करिब तीन सय मधेशीलाई गिरफ्तार गरेकाले उक्त दिनलाई रंगभेदविरुद्धको दिवसका रूपमा मनाउन राउतले प्रस्ताव गरेका छन् ।

ठूला सरकारी अस्पतालमा एमबिबिएस पढाउने तयारी

काठमाडौं/ सरकारले ठूला सरकारी अस्पताललाई नर्सिङ, पारामेडिक्स र एमबिबिएस अध्यापन गराउने जिम्मेवारी दिने योजना अघि सारेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सयदेखि तीन सय शय्यासम्मका सरकारी अस्पतालमा यी तहको अध्ययन गराउने प्रस्ताव चिकित्सा शिक्षा आयोगमा पठाइसकेको छ ।

मन्त्रालयले एक महिनाअघि नै सो प्रस्ताव चिकित्सा शिक्षा आयोगलाई गरेको हो । बुधबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले यस सम्बन्धमा जानकारी दिँदै योजनाबारे प्रधानमन्त्रीलाई पनि जानकारी गराइसकिएको र यसको ठोस निष्कर्ष छिट्टै निस्कने बताए ।

'यो प्रस्ताव प्रधानमन्त्री र आयोगका पदाधिकारीसँग राखिसकेको छु । सयदेखि तीन सय शय्यासम्मका सरकारी अस्पतालमा अब पारामेडिक्स र नर्सिङ पढाउने यो योजना छ,' उनले भने, 'शय्या पुगेका अस्पतालहरूले के-के पढाउन सक्छन् त्यसको विवरण पनि माग गरेका छौं ।' चिकित्सा शिक्षा आयोगको तथ्यांकअनुसार हाल सरकारी सेवामा पाँच हजार चिकित्सक, २९ हजार नर्स, २२ हजार पारामेडिक्सको आवश्यकता छ । आवश्यक जनशक्तिका लागि स्वास्थ्य मन्त्रालयले दरबन्दी बढाउन प्रधानमन्त्री तथा अर्थमन्त्रीसँग छलफल पनि गर्ने तयारी गरेको जनाएको छ ।

ठूला उपकरण नकिन्न निर्देशन

मन्त्री बस्नेतले ठूला अस्पताललाई अनावश्यक तथा तत्काल प्रयोगमा ल्याउन नसकिने ठूला उपकरण नकिन्न निर्देशन दिए । उनले सस्तोमा पाइने कतिपय उपकरण महँगोमा खरिद गरिएको भन्दै आर्थिक भार पर्ने गरी खरिद नगर्नसमेत आग्रह गरे । 'चाहिने उपकरण सकेसम्म सस्तोमा किनौं, किन्दै नकिनौं भनेको पनि होइन,' उनले भने, 'सरकारले ७५३ वटै स्थानीय तहका स्वास्थ्य संस्थाका लागि आवश्यक उपकरण खरिद गर्न लागेको छ, पालिकास्तरमा पनि स्वास्थ्य सेवालाई सहज पारिन्छ ।'

डंकीको गीत सार्वजनिक

शाहरुख खान स्टारर फिल्म डंकीको गीत 'लुट पुट गया' सार्वजनिक भएको छ । गीतमा शाहरुख खानसँगै अभिनेत्री तापसी पन्नु पनि देखिएकी छिन् । यस गीतलाई पञ्जाबमा छायांकन गरिएको हो । डंकी २१ डिसेम्बरमा रिलिज हुनेछ । राजकुमार हिरानीले निर्देशन गरेको यस फिल्ममा बिक्की कौशल, बोमन इरानीलगायत कलाकारको अभिनय छ ।



एकता कपुरलाई एमी अवार्ड

भारतीय निर्माता तथा निर्देशक एकता कपुरलाई एमी इन्टरनेसनल अवार्डअन्तर्गत डाइरेक्टरेट अवार्डबाट सम्मानित गरिएको छ । टेलिभिजन क्षेत्रमा पुऱ्याएको योगदानका लागि उनलाई सम्मान गरिएको हो । बेलायतका मार्टिन फ्रिम्यानले उत्कृष्ट अभिनेता तथा मेक्सिकोकी कार्ला सुजाले उत्कृष्ट अभिनेत्रीको अवार्ड जिते । कमेडीतर्फ भारतका वीर दासले अवार्ड जिते ।



बालबालिकाको सन्तुलित आहार

डाक्टरको सल्लाह



प्रा.डा. आरपी चौधरी
प्रमुख बाल सर्जन, ईशान बाल तथा महिला अस्पताल

बच्चाको विकासका लागि सन्तुलित आहार अपरिहार्य छ । ६ महिनासम्म आमाको दूध मात्रै दिनुपर्छ । अरू दूध दिनुहुँदैन । कतिपयले आमाको दूध नदिएर बट्टाको दूध पनि दिने गर्छन् । तर, आमाको दूधजस्तो पोषिलो केही हुँदैन । बच्चालाई झोलिलो खानेकुरा दिनुपर्ने हुन्छ । बच्चा ठूलो हुँदै गएपछि खानाको मात्रा पनि बढाउनुपर्छ । खानामा प्रोटिन, कार्बोहाइड्रेट खनिज पदार्थ, फ्याटको मात्रा मिलाउनुपर्छ ।



- आमाको दूध बच्चाका लागि स्वस्थ र तन्दुरुस्त पार्ने सबैभन्दा उत्तम आहार हो । त्यसैले स्तनपान बच्चाका लागि सबैभन्दा महत्त्वपूर्ण हुन्छ । स्तनपानले सुत्केरी आमा र बच्चा दुवैको स्वास्थ्यका लागि सकारात्मक भूमिका खेलिरहेको हुन्छ । आमाको दूधले रोगसँग लड्ने क्षमताको विकास गर्छ । ६ महिनासम्म बच्चाको रोगसँग लड्ने क्षमता विकास भएको हुँदैन ।
- ६ महिनापछि दूधसँगै अन्य ठोस खानेकुरा पनि खुवाउन सकिन्छ । त्यसपछि आमाको दूध मात्रै खुवाएर पुग्दैन । आमाको दूधले मात्रै पोषण पुगिरहेको हुँदैन । हामीले खाइरहेको खानेकुरा खुवाउँदा राम्रो हुन्छ । घरमा पकाइएका स्वस्थकर खानेकुरामा जहिले पनि जोड दिनुपर्छ । नरम बनाएर खुवाउँदा निकै राम्रो हुन्छ । कार्बोहाइड्रेड, प्रोटिन, फ्याट पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । साथै, फाइबर डाइट पनि महत्त्वपूर्ण हुन्छ ।
- बच्चालाई प्रोटिनयुक्त खानेकुरामा माछा, मासु, अन्डा, दाल तथा गेडागुडी नियमित खुवाउनुपर्छ । अन्डाको सेतो र पहेँलो भाग मिसाएर दिन सकिन्छ । ६ महिनामाथिका बच्चालाई एउटा अन्डाले आवश्यक पर्ने क्यालोरी, प्रोटिन र भिटामिन पुग्छ ।
- बिस्तारै ठूलो हुँदै गएपछि सागसब्जी, गेडागुडी दिनुपर्छ । फलफूल र सागसब्जीका माध्यमबाट शरीरमा चाहिने आवश्यक प्रोटिन, भिटामिन, फाइबरलगायत परिपूर्ति गर्न सहयोग गर्छ । शरीरमा रोगसँग लड्ने क्षमताको विकास गर्नुका साथै सम्भावित रोगबाट समेत बचाउँछ । जसले गर्दा बच्चालाई खानेकुरामा फलफूल र सागपात समावेश गर्न जरुरी हुन्छ ।
- मनतातो पानी खुवाउनुपर्छ । चिसो पानी हुँदैन । भिटानमिन डी प्राप्त हुने खानेकुरा पनि शरीरका लागि आवश्यक हुन्छ । साग, गेडागुडी, ताजा फलफूल आवश्यक पर्छ ।
- एक वर्ष पूरा भएपछि बच्चाहरूमा कब्जियतको समस्या भएको पनि पाइन्छ । तीन-चार दिनसम्म दिसा नहुने, दिसा गर्दा पनि एकदमै साह्रो खालको गर्ने । यो पनि आहारमै निर्भर रहन्छ । त्यसैले सन्तुलित आहार एकदमै जरुरी हुन्छ । हिजोआज बिस्कुट पनि खुवाउने गरिन्छ । यो राम्रो होइन । सागसब्जी र गेडागुडी पर्याप्त खुवाउनुपर्छ ।

बच्चाले खान नमाने के गर्ने ?

- सानो बच्चालाई खाना खुवाउनु चुनौतीपूर्ण हुन्छ । भोक लाग्दा उनीहरूले भोक लाग्यो भन्न सक्दैनन् । अहिलेको जीवनशैली व्यस्त रहेकाले बुबा आमा दुवैले बिहान-बेलुकी अफिसमा काम गर्नुपर्ने हुन्छ । त्यसकारण उनीहरूले पर्याप्त समय पनि दिन सकिरहेका हुँदैनन् । अधिकांशले बच्चालाई खाना खुवाउनै गाह्रो पर्छ भनेर गुनासो गर्ने गरेका छन् । खाना खुवाउन नसकेर बाबुआमाले अनेक उपाय रचेका हुन्छन् । प्रायजसो बच्चाले अभिभावकको माया खोज्छन् । आमाबुबाले प्रशस्त समय दिनुपर्छ, खाना खुवाउने वेलामा ।
- आमाहरूले पकाएको खानेकुरा एकैपटक खाओस् भन्ने सोच्छन् । तर, खाने नली सानो हुन्छ, आन्द्रा सानो हुन्छ, खाने क्षमता पनि कम हुन्छ । त्यसैले एकैपटक धेरै खान दिनुहुँदैन । तालिका बनाएर खाना खुवाउनुपर्छ । उनीहरूले खानाको स्वाद परिवर्तन गर्न खोज्छन् । एउटै खाना पनि पटक-पटक दियो भने खान मान्दैनन् । त्यसैले उनीहरूले कस्तो खाना रुचाउँछन् भन्ने कुराको विचार गरेर खुवाउनुपर्छ ।
- तीन-चार घन्टाको ग्यापमा खुवाउनुपर्छ । खानाको स्वादमा विषेश ध्यान दिनुपर्छ ।

अनि आउँछ पुरुषको व्यक्तित्वमा निखार

महिला मात्र होइन, पुरुष पनि सुन्दर बन्न खोज्छन् । आफ्नो व्यक्तित्वमा निखार ल्याउनका लागि हामीले दैनिक जीवन शैलीमा ध्यान दिनुपर्छ ।



बडी पोस्चर

अरूको ध्यान आफूतर्फ आकर्षित गर्न र चार्मिङ बढाउन पोस्चरमा ध्यान दिनुपर्छ । यसका लागि नियमित एक्सरसाइज आवश्यक हुन्छ । बस्ने, सुत्ने, उठ्ने तरिकाले पनि सही पोस्चरमा ठूलो भूमिका निर्वाह गर्छ । धेरै मानिसले आफ्नो पोस्चरमा ध्यान दिएको देखिँदैन । जसका कारण व्यक्तित्व खराब देखिने मात्रै होइन, विभिन्न शारीरिक समस्या सामना गर्नुपर्ने हुन्छ ।



सुरेश सुवेदी
अध्यक्ष, काठमाडौं शारीरिक सुगठन तथा फिटनेस संघ

पर्याप्त निद्रा

पर्याप्त निद्राले शारीरिक र मानसिक रूपमा फाइदा पुऱ्याउँछ । पूरै निद्रा लियो भने बिरामी पनि परिँदैन । र, तौल नियन्त्रण गर्नसमेत सहयोग पुग्छ । पर्याप्त निद्राका कारण मधुमेह र मुटुरोगजस्ता गम्भीर स्वास्थ्य समस्याको जोखिम पनि कम हुन्छ । यति मात्र होइन, आवश्यक निद्रा लिँदा तनावमा कमी आउँछ । जसले चार्मिङ बढाउन भूमिका रहन्छ । त्यसैले, विभिन्न रोगबाट बच्न र चार्मिङ क्रिएट गर्न निद्रामा हेलचेक्रयाइँ गर्नुहुँदैन ।

खानपान

आफूलाई स्वस्थ राख्न बाहिर खाने बानी हटाउनुपर्छ । घरमा पाकेको खाँदा स्वस्थ रहन सकिन्छ । आवश्यकताअनुसार खानामा कार्बोहाइड्रेटको मात्रा घटाई प्रोटिन र फ्याट हुने खानेकुरा खानुपर्छ । जस्तै, नट्स, सिड्स ।

जाडोमा यस्ता स्वेटर

चिसोबाट बच्नका लागि शरीरमा धेरै कपडा लगाउनुपर्ने भएकाले भद्दा देखिने भय महिला र विशेषगरी किशोरीहरूमा हुन्छ । तर, जाडोमा ज्याकेट र स्वेटरलाई मिक्स म्याच गरेर लगाउँदा निकै खुल्छ र स्टाइलिस देखिन्छ ।



फलाटिन : फलाटिनको कपडाले न्यानो बनाउँछ । हेर्दा उलनजस्तो देखिने भएकाले स्टाइलिस पनि देखिन्छ । प्रायः कार्यालय वा औपचारिक कार्यक्रममा जाँदा फलाटिनको सर्ट मानिसको रोजाइमा पर्छ । दिउँसोको समयमा ब्लेजर वा कोटभित्र यसलाई लगाउँदा हुन्छ । तर, अति चिसोमा यसले प्रभावकारी काम दिँदैन ।

टर्टल नेक स्वेटर : अहिले टर्टल नेक स्वेटर निकै चलेको छ । टर्टल नेक स्वेटर लगाउँदा न्यानो पनि हुन्छ । जिन्स पाइन्ट वा स्कर्टमा म्याच गरेर लगाउँदा यसले तपाईंलाई सानदार लुक्स दिन्छ ।

कास्मिरी पस्मिना : शारीरिक रूपमा मोटा युवतीका लागि यो उपयुक्त हुन्छ । यसलाई ओढ्दा शरीर ढाकिने भएकाले न्यानो दिन्छ । अर्कोतर्फ, तपाईंलाई हल्का स्लिम पनि देखाउँछ । हुन त नेपाली पस्मिना पनि राम्रै हुन्छ । तर, यो एकातर्फ महँगो पर्न जान्छ भने अर्कोतर्फ बजारमा पनि कम पाइन्छ । कास्मिरी पस्मिना भने केही सस्तोमा पाइन्छ । त्यसकारण यो निकै चलेको छ । कुर्था-गाउन तथा पार्टीवेयरमा पनि म्याच गरेर यसलाई प्रयोग गर्न सकिन्छ ।


कटक मल्लको 'न्याय-अन्याय' सार्वजनिक

काठमाडौं/अन्तर्राष्ट्रिय मामिला तथा वातावरण कानुनका ज्ञाता डा. कटक मल्लको 'न्याय-अन्याय कानुन : भूराजनीति र कूटनीति' पुस्तक सार्वजनिक भएको छ । मल्ल स्विडेनको स्टकहोम, काल्सटा र उमियो विश्वविद्यालयमा अध्यापनमा सक्रिय छन् । मल्लको किताबमा कानुन, राजनीति, मानव अधिकार, न्यायपालिका, भूराजनीति/कूटनीति, पर्यावरणलगायतका विषय समेटिएका छन् ।

राजधानी काठमाडौंमा मल्लको किताब सार्वजनिक गर्दै सर्वोच्च अदालतका पूर्वन्यायाधीश प्रकाश वस्तीले मल्लको किताब कानुनी दर्शनको दस्ताबेज भएको बताए । उनले भने, 'नेपालमा कानुनसम्बन्धी पहिलो किताब २०१ वर्षअगाडि लेखिएको थियो । त्यसयता धेरै किताब लेखिए, तर, कानुनी दर्शनका आधारमा लेखिएका थिएनन् । यो किताब कानुनी दर्शनको किताब हो ।'

पुस्तकमाथि टिप्पणी गर्दै पूर्वन्यायाधीश डा. प्रभा बस्नेतले मल्लको किताबमा न्यायिक विषयलाई आलोचनात्मक र रचनात्मक शैलीमा प्रस्तुत गरिएको बताइन् । 'किताबमा न्यायलाई आलोचनात्मक, रचनात्मक मात्र नभई मौलिक शैलीले प्रस्तु गरिएको छ,' बस्नेतले भनिन् । त्यसैगरी विश्लेशक डा. चन्द्रदेव भट्टले मल्लको किताब कानुन, समाज, लोकतन्त्र र भू-राजनीतिक दार्शनिक दस्ताबेज भएको टिप्पणी गरे । इन्डिगो इन्कले प्रकाशित गरेको ३९८ पृष्ठको यस पुस्तकको मूल्य ९ सय ९९ रुपैयाँ छ ।

अध्ययनले बढाउँछ निद्राको गुणस्तर



धेरैजसो मानिस रातको समय इलेक्ट्रोनिक डिभाइसमा झुम्मिरहेका हुन्छन् । यस्ता डिभाइसले ब्लु लाइट फ्युँक्छन्, जसले राम्रो निद्रा लगाउने 'मेलाटोनिन' नामक हर्मोनको उत्पादनमा असर गर्छ । पुस्तक पढ्दा तपाईं ब्लु लाइटको असरबाट जोगिनुहुन्छ र निद्रा राम्रो लाग्छ । अध्ययनले मस्तिष्कलाई सक्रिय राख्छ । यसले तपाईंको कल्पना शक्ति र ज्ञान बढाउँछ । स्मरणशक्ति र मस्तिष्कको कार्यक्षमता बढाउँछ । तपाईंको निद्राको गुणस्तर राम्रो हुन्छ र शरीरले आराम महसुस गर्छ । तपाईंले शान्त महसुस गर्नुहुन्छ र भोलिपल्ट नयाँ सुरुवात गर्न ऊर्जा मिल्छ ।

दिनभरको थकान, चिन्ता र व्यस्ततालाई बिर्सिएर तपाईं पुस्तक वा कथाको पात्रका विषयमा सोच्न थाल्नुहुन्छ । तपाईं फरक दुनियाँमा पुग्नुहुन्छ र फरक संस्कार र फरक दृष्टिले सोच्न थाल्नुहुन्छ ।

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८० साल मंसिर महिना ७ गते बिहीबार)

यस विकास बैंक लि.को तपसिलका शाखा कार्यालयहरुबाट उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चाँसो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारवाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१. शाखा कार्यालय : कटारी शाखा — **कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : **शान्त बहादुर भुजेल** बाबुको नाम : जंग बहादुर भुजेल बाजेको नाम : आइत सि. भुजेल स्थायी ठेगाना : सिन्धुली जिल्ला सिर्थौली गा.वि.स. वडा नं. ५ हालको ठेगाना : सिन्धुली जिल्ला दुधौली न.पा वडा नं. ४ ना.प्र.नं. : ५०८/२१०३३ जारी मिति र जिल्ला : २०५८/०८/०४, सिन्धुली	१. नाम : **जङ्ग बहादुर भुजेल** बाबुको नाम : आइत सि. भुजेल बाजेको नाम : धन बहादुर भुजेल स्थायी ठेगाना : सिन्धुली जिल्ला सिरथौली गा.वि.स. वडा नं. ४ हालको ठेगाना : सिन्धुली जिल्ला दुधौली न.पा वडा नं. ४ ना.प्र.नं. : ३२३५/३०८९ जारी मिति र जिल्ला : २०४६/०३/०९, सिन्धुल २. नाम : **सुष्मा भुजेल** बाबुको नाम : होम बहादुर धिमिरे पतिको नाम : शान्त बहादुर भुजेल ससुराको नाम : जंग बहादुर भुजेल स्थायी ठेगाना : सिन्धुली जिल्ला सिर्थौली गा.वि.स. वडा नं. ५ हालको ठेगाना : सिन्धुली जिल्ला दुधौली न.पा. वडा नं. ४ ना.प्र.नं. : २०-०१-७१-००१६९ जारी मिति र जिल्ला : २०७१/०१/ १०, सिन्धुली

२. शाखा कार्यालय : नारायणगढ शाखा — **कर्जा शिर्षक : व्यवसायिक अधिविकर्ष कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : **दिक्षा लेडिज कलेक्सन** प्रोप्राइटरको नाम : पार्वती श्रेष्ठ दर्ता नं. : १७५/०६५/०६६ दर्ता मिति : २०६५/०५/३१ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय प्रदेश नं. ३ भरतपुर, चितवन स्थायी लेखा नं. : ३०३०७०२१८ ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ३	१. नाम : **पार्वती श्रेष्ठ** बाबुको नाम : वीर बहादुर श्रेष्ठ पतिको नाम : दिपेन्द्रराज श्रेष्ठ ससुराको नाम : नरेन्द्रराज श्रेष्ठ स्थायी ठेगाना : चितवन जिल्ला बघौडा गा.वि.स. वडा नं. ३ हालको ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १ ना.प्र.नं. : १६०२/०३४ जारी मिति र जिल्ला : २०५७/०७/१४, चितवन २. नाम : **दिपेन्द्रराज श्रेष्ठ** बाबुको नाम : नरेन्द्रराज श्रेष्ठ बाजेको नाम : राम पसाद श्रेष्ठ स्थायी ठेगाना : चितवन जिल्ला बघौडा गा.वि.स. वडा नं. ३ हालको ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १ ना.प्र.नं. : १९९१ जारी मिति र जिल्ला : २०४६/०२/१३, चितवन

३. शाखा कार्यालय : मनहरी शाखा — **कर्जा शिर्षक : व्यापारिक अधिविकर्ष कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : **ई.पि.पि. जनरल अर्डर सप्लायर्स** प्रोप्राइटरको नाम : दुर्ग बहादुर भोम्जन प्रा.फ.र.नं. : १५४०/२६/२०६५/०६६ दर्ता मिति : २०६५/०४/१५ स्थायी लेखा नं. : ३०१४९३०१३ जरी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर, हेटौडा ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ५	१. नाम : **दुर्ग बहादुर भोम्जन** बाबुको नाम : जगत बहादुर भोम्जन बाजेको नाम : नन्दलाल भोम्जन स्थायी ठेगाना : मकवानपुर जिल्ला बुढीचौर वडा नं. ७ हालको ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. २ ना.प्र.नं. : ६२८१ जारी मिति र जिल्ला : २०४३/१०/१४, मकवानपुर
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
२. नाम : **सन्जु माया घलान** बाबुको नाम : सन्त सिं पतिको नाम : दुर्ग बहादुर भोम्जन ससुराको नाम : जगत बहादुर भोम्जन स्थायी ठेगाना : मकवानपुर जिल्ला आमभन्जयाङ गा.वि.स. वडा नं. ५ हालको ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. २ ना.प्र.नं. : ९३१८ जारी मिति र जिल्ला : २०४४/०९/२६, मकवानपुर	३. नाम : **उमा आले** बाबुको नाम : त्यानेन्द्र आले पतिको नाम : ईमान भोम्जन ससुराको नाम : दुर्ग बहादुर भोम्जन स्थायी ठेगाना : मकवानपुर जिल्ला हटीया गा.वि.स. वडा नं. ९ हालको ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. २ ना.प्र.नं. : ३१३०१३/४४४ जारी मिति र जिल्ला : २०६३/११/२१, मकवानपुर
४. नाम : **पुर्णिमा भोम्जन** बाबुको नाम : दुर्ग बहादुर भोम्जन बाजेको नाम : जगत बहादुर भोम्जन स्थायी ठेगाना : मकवानपुर जिल्ला मकवानपुरगढी गा.पा. वडा नं. ८ हालको ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. २ ना.प्र.नं. : ३१-०१-७५-१०७६७ जारी मिति र जिल्ला : २०७५/११/०६, मकवानपुर	५. नाम : **ईमान भोम्जन** बाबुको नाम : दुर्ग बहादुर भोम्जन बाजेको नाम : जगत बहादुर भोम्जन स्थायी ठेगाना : मकवानपुर जिल्ला बुढीचौर वडा नं. ७ हालको ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. २ ना.प्र.नं. : १००८/६५८३४ जारी मिति र जिल्ला : २०६६/०८/०४, मकवानपुर

४. शाखा कार्यालय : मनहरी शाखा — **कर्जा शिर्षक : साधारण कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : **दुर्ग बहादुर भोम्जन** बाबुको नाम : जगत बहादुर भोम्जन बाजेको नाम : नन्दलाल भोम्जन स्थायी ठेगाना : मकवानपुर जिल्ला बुढीचौर वडा नं. ७ हालको ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. २ ना.प्र.नं. : ६२८१ जारी मिति र जिल्ला : २०४३/१०/१४, मकवानपुर	
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
१. नाम : **सन्जु माया घलान** बाबुको नाम : सन्त सिं पतिको नाम : दुर्ग बहादुर भोम्जन ससुरा नाम : जगत बहादुर भोम्जन स्थायी ठेगाना : मकवानपुर जिल्ला आमभन्जयाङ गा.वि.स. वडा नं. ५ हालको ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. २ ना.प्र.नं. : ९३१८ जारी मिति र जिल्ला : २०४४/०९/२६, मकवानपुर	२. नाम : **विरमान सिन्तान** बाबुको नाम : जमान सिं सिन्तान बाजेको नाम : कालु सिं सिन्तान स्थायी ठेगाना : मकवानपुर जिल्ला नामटार वडा नं. ८ हालको ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. ५ ना.प्र.नं. : ६८१ जारी मिति र जिल्ला : २०५१/०८/१५, मकवानपुर

५. शाखा कार्यालय : भिमाद शाखा — **कर्जा शिर्षक : आवास कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : **रीमा कुमारी श्रेष्ठ** बाबुको नाम : सुव्वा कुमार श्रेष्ठ पतिको नाम : तिल बहादुर श्रेष्ठ ससुराको नाम : जग बहादुर श्रेष्ठ स्थायी ठेगाना : तनहुँ जिल्ला गजरकोट गा.वि.स. वडा नं. ८ हालको ठेगाना : तनहुँ जिल्ला भिमाद न.पा. वडा नं. ६ ना.प्र.नं. : ८१२७० जारी मिति र जिल्ला : २०६२/०२/३०, तनहुँ	
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
१. नाम : **तिल बहादुर श्रेष्ठ** बाबुको नाम : जग बहादुर श्रेष्ठ बाजेको नाम : तेज नारायण श्रेष्ठ स्थायी ठेगाना : तनहुँ जिल्ला गजरकोट गा.वि.स. वडा नं. ८ हालको ठेगाना : तनहुँ जिल्ला भिमाद न.पा. वडा नं. ६ ना.प्र.नं. : ३९३५३ जारी मिति र जिल्ला : २०५६/०८/१९, तनहुँ	२. नाम : **हुमकुमारी श्रेष्ठ** बाबुको नाम : सुव्वा कुमार श्रेष्ठ पतिको नाम : सागर प्रसाद श्रेष्ठ ससुराको नाम : लक्ष्मण श्रेष्ठ स्थायी ठेगाना : तनहुँ जिल्ला गजरकोट गा.वि.स. वडा नं. २ हालको ठेगाना : तनहुँ जिल्ला भिमाद न.पा. वडा नं. ६ ना.प्र.नं : ९४७२० जारी मिति र जिल्ला : २०६३/०७/१२, तनहुँ

६. शाखा कार्यालय : भिमाद शाखा — **कर्जा शिर्षक : मुक्तिनाथ सहुलियत कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : **गजरकोट होटल** प्रोप्राइटरको नाम : रीमा कुमारी श्रेष्ठ दर्ता नं. : ४०५९/०७१/०७२ दर्ता मिति : २०७१/०४/२० दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय, तनहुँ स्थायी लेखा नं. : ६०८३१९६३८ रजिष्टर्ड ठेगाना : तनहुँ जिल्ला भिमाद गा.वि.स. वडा नं. १	१. नाम : **रीमा कुमारी श्रेष्ठ** बाबुको नाम : सुव्वा कुमार श्रेष्ठ पतिको नाम : तिल बहादुर श्रेष्ठ ससुराको नाम : जग बहादुर श्रेष्ठ स्थायी ठेगाना : तनहुँ जिल्ला गजरकोट गा.वि.स. वडा नं. ८ हालको ठेगाना : तनहुँ जिल्ला भिमाद न.पा. वडा नं. ६ ना.प्र.नं. : ८१२७० जारी मिति र जिल्ला : २०६२/०२/३०, तनहुँ
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
२. नाम : **तिल बहादुर श्रेष्ठ** बाबुको नाम : जग बहादुर श्रेष्ठ बाजेको नाम : तेज नारायण श्रेष्ठ स्थायी ठेगाना : तनहुँ जिल्ला गजरकोट गा.वि.स. वडा नं. ८ हालको ठेगाना : तनहुँ जिल्ला भिमाद न.पा. वडा नं. ६ ना.प्र.नं. : ३९३५३ जारी मिति र जिल्ला : २०५६/०८/१९, तनहुँ	३. नाम : **हुमकुमारी श्रेष्ठ** बाबुको नाम : सुव्वा कुमार श्रेष्ठ पतिको नाम : सागर प्रसाद श्रेष्ठ ससुराको नाम : लक्ष्मण श्रेष्ठ स्थायी ठेगाना : तनहुँ जिल्ला गजरकोट गा.वि.स. वडा नं. २ हालको ठेगाना : तनहुँ जिल्ला भिमाद न.पा. वडा नं. ६ ना.प्र.नं : ९४७२० जारी मिति र जिल्ला : २०६३/०७/१२, तनहुँ

"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values
Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

जलवायु परिवर्तनका दुष्प्रभाव

जलवायु परिवर्तनमा आफ्नो खासै भूमिका नभए पनि केही विकसित मुलुकको उच्च औद्योगिकीकरणले गर्दा विपन्न मुलुकले ठूलो क्षति व्यहोर्नुपरिरहेको छ



● कृष्णमणि पराजुली

अग्रलेख

केही वर्षयता विश्वमै जलवायु परिवर्तनले समस्या निम्त्याएको छ। यसको न्यूनीकरणका लागि विश्व समुदाय नै चिन्तित भएको अवस्था छ। जलवायु परिवर्तनको समस्या ल्याउनमा विकसित मुलुक जिम्मेवार भए पनि त्यसको असर नेपालजस्ता अतिकम विकसित देशले भोग्नुपरेको छ। केही विकसित मुलुकको उच्च औद्योगिकीकरणले गर्दा विपन्न मुलुकले ठूलो क्षति व्यहोर्नुपरिरहेको छ।

जहाँसम्म नेपालको प्रश्न छ, जलवायु परिवर्तन र त्यसको असरबाट नेपाल निकै टाढा रहनुपर्ने हो। तर, त्यस्तो अवस्था देखिँदैन। देशमा उद्योगधन्दा, कलकारखाना र औद्योगिक उत्पादन न्यून भए पनि यहाँ जलवायु परिवर्तनको असर भने निकै चर्को परेको देखिन्छ। किनभने, सगरमाथा र अन्य हिमशृंखलामा जलवायु परिवर्तनको चर्को असर देखिन थालेको छ। यसलाई आफ्नो लयमा फर्काउन तथा यथावत् कायम राख्न नेपालसामु गम्भीर चुनौती खडा भएको छ।

जलवायु परिवर्तनको मुख्य कारक तत्त्व भनेको मानवीय पक्ष हो। मानिसका अमानवीय क्रियाकलापबाटै प्रकृतिमा परिवर्तन आउने हो। अहिले विश्वका विकसित मुलुकले अन्धाधुन्ध विकासलाई तीव्र गति दिएका कारण जलवायु परिवर्तनले उग्ररूप लिँदै आएको छ। विज्ञान र प्रविधिलाई मानवमैत्री बनाउन सकिएको छैन। आणविक भट्टी, आणविक हातहतियार, कार्बन उत्सर्जन, खनिज उत्खनन् तथा जीवाश्म इन्धनको खपतलाई न्यूनीकरण नगर्दा विश्व नै अहिले जलवायु परिवर्तनको संकटबाट गुज्रिरहेको छ।

नेपाल अहिले नै जलवायु परिवर्तनबाट त्यति जोखिममा नदेखिए पनि यसका असर देखिन थालिसकेका छन्। किनभने, अमेरिकापछिको दोस्रो ठूलो औद्योगिक देश चीन नेपालको उत्तरी छिमेकमै छ। त्यहाँको तीव्र औद्योगिकीकरण जलवायु परिवर्तनका लागि गम्भीर रूपमा जिम्मेवार छ। दक्षिणी छिमेकी मुलुक भारत पनि औद्योगिकीकरणमा चीनसँगै अघि बढिरहेको छ। भारत र चीनमा उत्पादनका लागि प्रयोग हुने कोइलाबाट जलवायु परिवर्तनमा ठूलो असर परेको छ। विभिन्न विकसित देशले आआफ्नो अर्थतन्त्रलाई विशिष्ट बनाउने होडबाजी गरेर यो ब्रह्माण्डलाई नै कुरूप बनाएर आफैंलाई विनाशतिर धकेल्दै छन्। पश्चिमा देशले तीव्र रूपमा कार्बन उत्सर्जन गरिरहेका छन्, तर न्यूनीकरणतर्फ भने यिनले कुनै प्रयास गरेका छैनन्। परिणामतः जलवायु परिवर्तनबाट विश्वले नै ठूलो क्षति व्यहोर्ने दिन अब धेरै टाढा देखिँदैन।


जलवायु परिवर्तनको असर एकैचोटी र तत्कालै नदेखिने भए पनि क्रमिक रूपमा देखिने गर्छ, जुन हामीलाई थाहा नहुन पनि सक्छ। तर, बुझ्नुपर्ने तथ्य के छ भने यसले केही समयमै मानव जीवनलाई तहसनहस बनाएकै हुन्छ। छिमेकी भारतमा कृषकले हरेक वर्ष खेतबारीमा पराल पोल्छन्। त्यसको धुवाँले भारतलाई मात्र नभई नेपाललाई समेत गम्भीर असर पार्दै आएको छ।

जलवायु परिवर्तनको कुरा गर्दा हालै संयुक्त राष्ट्रसंघका महासचिव एन्टेनियो गुटेरेसको चारदिने नेपाल भ्रमणसँग पनि जोडिएको छ। उनले भ्रमणलाई मूलतः नेपालको संक्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुऱ्याउन र नेपालमा भइरहेको जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्ने सम्बन्धमा संसद्को संयुक्त सदनलाई नै सम्बोधन गरेको हुनाले यी दुई विषयले विशेष अर्थ राखेका छन्। जनताका प्रतिनिधि बस्ने थलोमै सम्बोधन गरेका विषयलाई जनप्रतिनिधिले कुन रूपमा हेर्नेछन् र यसको कार्यान्वयन सम्बन्धमा केकस्ता ऐन-नियम आउनेछन्, त्यो भने हेर्न बाँकी नै छ।

जलवायु परिवर्तन न्यूनीकरणका लागि नेपालले गरेका प्रयासलाई महासचिव गुटेरेसले प्रशंसा गरेका छन्। भलै कार्यान्वयनमा आउन नसके पनि जलवायु परिवर्तनसम्बन्धी ऐन-नियम संसद्बाट पारित भइसकेका छन् र सन् २०४५ सम्ममा नेपालले शून्य कार्बन उत्सर्जनमा पुग्ने लक्ष्य लिएकामा खुसी पनि व्यक्त गरेका छन्। हुन त नेपालजस्ता विपन्न देशले जलवायु परिवर्तनको संकट बढाउन भूमिका खेलेका हुँदैनन्। यद्यपि, आफू बस्ने पृथ्वीलाई जोगाइराख्ने काम भने गर्नैपर्छ। त्यसकारण नेपालले यसप्रति समयमै अग्रसरता लिनुलाई राम्रै अर्थमा लिन सकिन्छ।

शून्य कार्बन उत्सर्जनमा पुग्ने नेपालको लक्ष्य त्यति सजिलो भने देखिँदैन। नेपालको वन-जंगलको संरक्षण भएको अवस्था देखिए पनि त्यसलाई दिगो रूप दिनु चुनौतीपूर्ण देखिन्छ। अहिले युवा जनशक्ति पलायन भएका कारण खेतबारी बाँझै छन्। खेती गर्ने जनशक्तिको चरम अभाव छ। गाउँघरमा सामुदायिक वनजंगल संरक्षण भएकाले वातावरणमा पर्ने असर न्यूनीकरण भएको छ। देशको कुल भूभागको करिब ५० प्रतिशत जंगल हुनु भनेको वातावरण संरक्षणका लागि ठूलो योगदान हो। मुख्य प्रश्न भनेको यसलाई कसरी दिगो बनाउने र कसरी बढाउने भन्ने नै हो।

जलवायु परिवर्तनको प्रश्न उठाउँदा आगामी कोप-२८



को महत्त्वपूर्ण भूमिका रहेको छ। यो अंग्रेजी तीन अक्षर(सिओपी) ले बनेको छ। जसको पूर्ण रूप 'कन्फरेन्स अफ पार्टिज' हो। जलवायु परिवर्तनबारे राष्ट्रसंघले आयोजना गर्ने आगामी बैठक २८औं भएको हुनाले यसलाई कोप-२८ भनिएको हो। यही नोभेम्बर ३० देखि १२ डिसेम्बरसम्म युएईमा आयोजना हुने बैठकमा विश्वका २०० भन्दा बढी देशका प्रतिनिधिको सहभागिता हुने अनुमान छ। मूलतः यस सम्मेलनमा यसअघि पेरिस सम्मेलनमा गरिएका निर्णयको सिंहावलोकन तथा सन् २०३० सम्ममा हरितगृह ग्यास उत्सर्जन कटौती गर्नेबारे बृहत् रूपमा छलफल हुने एजेन्डा तय भएको छ। साथै, यस्तो ग्यास बढी उत्सर्जन गर्ने कार्य धनी देशबाट हुने र त्यसको खतरा गरिब देशले भेल्नुपर्नेजस्ता विषय प्राथमिकतामा पर्नेछन्। यसका लागि धनी देशले ग्यास उत्सर्जनबाट पीडित देशलाई उत्सर्जन न्यूनीकरणका लागि रकम उपलब्ध गराउनुपर्ने विषय पनि एजेन्डामा परेको देखिन्छ।

> विकसित देशले अन्धाधुन्ध कार्बन उत्सर्जन गरिरहने, त्यसको असर अन्य देशलाई पनि पर्ने र त्यसको न्यूनीकरणका लागि कबोल गरिएको रकम उपलब्ध नगराउने हो भने हामी बसेको पृथ्वी पनि हाम्रो नहुने निश्चित छ

अहिलेकै अवस्थालाई मध्यनजर गर्दा पनि भविष्यमा जलवायु परिवर्तनबाट नेपालजस्ता देशमा हुने क्षतिको सम्भावना विकराल हुने देखिन्छ। विकसित देशले अन्धाधुन्ध कार्बन उत्सर्जन गरिरहने, त्यसको असर अन्य देशलाई पनि पर्ने र त्यसको न्यूनीकरणका लागि कबोल गरिएको रकम उपलब्ध नगराउने हो भने हामी बसेको पृथ्वी पनि हाम्रो नहुने निश्चित छ। यसमा मुख्य समस्या भनेका धनी देश नै हुन्। त्यसैले कोप-२८ को बैठकमा अमेरिका, चीन, भारतजस्ता धनी र ठूला देशको सहभागिता हुनेमा शंका गर्न थालिएको छ। तैपनि पर्यावरणसम्बद्ध संस्था, बौद्धिक समुदाय, सामुदायिक समूह, व्यवसायी, धार्मिक संस्था एवं सरोकारवालाहरूको सहभागिता हुने भएका कारण बढी कार्बन उत्सर्जन गर्ने धनी देशलाई दबाब सिर्जना हुनेछ।

युएईमा हुने कोप-२८ को बैठकमा नेपालले बुलन्द आवाज उठाउन प्रधानमन्त्री पुष्पकमल दाहालले परराष्ट्र, वन तथा वातावरण सचिव र उच्च पदाधिकारीसँग गहन छलफल गरिसकेका छन्। यसका लागि नेपालले विश्वलाई नै नेतृत्व गर्न सक्ने गरी प्रस्तुत हुन निर्देशन दिएकाले पनि नेपालका तर्फबाट आवश्यक गृहकार्य गरिएको र प्रस्तुति दमदार हुने अनुमान गर्न सकिन्छ। साथै, प्राप्त हुने सहयोग र क्षतिपूर्ति पनि सीधै सरकारी कोशमै आउनुपर्ने बताइएकाले पनि प्राप्त रकम पूर्ण रूपले सदुपयोग हुने देखिन्छ।

संयुक्त राष्ट्रसंघका महासचिव गुटेरेसको चारदिने भ्रमणले ठूलो महत्त्व राखेको देखिन्छ। जलवायु परिवर्तनको असरको प्रारम्भिक चरणदेखि नै नेपालले विषय उठाएको र महासचिवले पनि चासो लिएर सगरमाथाको खुम्बु र अन्नपूर्ण क्षेत्रको अवलोकन भ्रमण गरेको सन्दर्भमा उनको आफ्नै प्रत्यक्ष अनुभवले पनि विश्व समुदायलाई जानकारी गराउन थप प्रभावकारी हुनेछ। तापक्रममा अत्यधिक वृद्धि भएका कारण हाम्रा हिमशृंखला काला पत्थरमा परिणत हुँदै छन्। पर्वतारोहीले हिउँमा टेक्न नपाउने अवस्था सिर्जना हुँदै छ। हिउँ पग्लिएर हिउँको सट्टा कालो चट्टानमा पर्वतारोहीको लौरो ठोकिन्छ। हिमनदी पग्लिँदा वरपरका बस्ती जोखिममा परेका छन्। यसरी नै हिमाल पग्लँदै जाने हो भने नेपाल मात्र जोखिममा पर्ने होइन, यहाँबाट बग्ने नदीको एकातिर प्रवाह बढ्नेछ भने अर्कातिर समुद्रको सतह पनि बढ्नेछ। जसले गर्दा तटीय क्षेत्रहरू डुबानमा पर्ने सम्भावना बढ्छ।

अहिले नेपालको हिमाली क्षेत्रमा वनजंगलको अवस्था पनि दयनीय देखिन्छ। पहाडमा पनि भूक्षय, बाढीपहिरो, अतिवृष्टि, अनावृष्टि, सुक्खा, खडेरी, भूस्खलनजस्ता विपत्ले जनजीवन अस्तव्यस्त भएर दुर्घटना निम्त्याएका देखिन्छन्। तापक्रम बढेकै कारणले गर्दा धेरै धनजनको क्षति भइरहेको छ। यस्तो क्षति आउनुमा प्रकृतिको कम भूमिका छ भने हामी मानवका कैयौं गुणा बढी भूमिका छ। मानिसले वातावरण विनाश हुने काम नगर्ने हो भने प्रकृति आफैंले यस्तो विनाश निम्त्याउँदैन।

जलवायु परिवर्तनमा विकसित मुलुकले जस्तो आफ्नातर्फबाट योगदान नगरे पनि नेपाल पनि यसबाट मुक्त हुन सक्दैन। किनभने पृथ्वीको तापक्रम बढ्दै गएको छ। यसरी तापक्रम बढ्नुमा हामी सबै जिम्मेवार छौं। पेरिसमा सम्पन्न कोप-२७ को बैठकमा पृथ्वीमा बढ्दो तापक्रमलाई १.५ डिग्री सेल्सियसभन्दा बढी हुन नदिने भनिएकामा युएईमा हुने सम्मेलनमा त्यसको लेखाजोखा हुनेछ। पृथ्वीको तापक्रम बढ्न नदिने एजेन्डाको सम्बन्धमा ठूला देशको सहमतिमा त्यति विश्वास गरिहाल्न सकिँदैन।

नेपालमा पनि केही वर्षयता वन विनाश, रासायनिक मलको अत्यधिक प्रयोग, औद्योगिक प्रदूषण, सहरी प्रदूषण, कीटनाशक औषधि प्रयोगलगायतले उर्वराशक्तिमा प्रतिकूलता आएको छ। यिनले वातावरणलाई मात्र असर पारेका छैनन्, ओजन तहलाई समेत क्षति पुऱ्याएको वैज्ञानिकको भनाइ छ।

तापक्रम बढेकै कारण जलवायुमा परिवर्तन आउने र जलवायु परिवर्तनले वर्षा, हिमताल विस्फोटन, विपत्जस्ता विषयले प्रत्यक्ष रूपमा खाद्य उत्पादन, जलस्रोत र मानिसको दैनिकीमा संकट ल्याउँदै गरेको अहिलेको नेपालको अवस्था हो। निश्चय नै नेपालले जलवायु परिवर्तनमा उल्लेख्य भूमिका निभाएको देखिँदैन। तर, विपत् निम्त्याउने ठूला देशको कार्बन उत्सर्जनबाट उत्पन्न क्षति भने नेपालले पनि सहनुपर्ने निर्विवाद छ। त्यसकारण नेपालजस्ता मुलुकले जलवायु परिवर्तनबाट हुने असर न्यूनीकरण गर्न अहिले उपलब्ध हुने क्षतिपूर्ति बजेटमा वृद्धि गर्न सामूहिक दबाब सिर्जना गर्न सक्नुपर्छ।

(पराजुली नेपाल सरकारका पूर्वउपसचिव हुन्)

---

३ प्रश्न

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष **प्राडा. पुष्प कँडेल**लाई



देशको अर्थतन्त्रको अवस्था कस्तो देख्नुहुन्छ ?

सबैजसो छिमेकी देशको आर्थिक वृद्धि ६-७ प्रतिशतले भइरहेको अवस्थामा हाम्रो गतवर्ष २.१६ प्रतिशतमा सीमित रह्यो। यो वर्ष १ प्रतिशतभन्दा कम हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) ले गरिसकेको छ। राजस्व चार महिनामा २० प्रतिशत मात्र उठेको छ। पुँजीगत खर्च १० प्रतिशत मात्र भएको छ। राजस्व नउठ्दा आन्तरिक ऋण लिएर राज्य सञ्चालन गर्नुपरेको छ। बजेट अहिल्यै घाटामा गइसक्यो। व्यापारी, व्यवसायीहरू आत्तिएका छन्। बैंकमा पैसा थुप्रिएको छ। तर, लगानी गर्ने मान्छे र लगानीयोग्य वातावरण छैन। सबैतिर नैराश्य बढेको छ।

यस्तो नैराश्य हटाउन के गर्नुपर्ला त ?

यो सरकारप्रति जनताको विश्वासै छैन। प्रधानमन्त्रीले अधिकांश जनताको प्रतिनिधित्व गर्न सक्नुभएकै छैन। सबैभन्दा ठुलो दल कांग्रेसले समर्थन गरिदिँदा सरकारले विश्वासको मत पाएको भए पनि स्वयं कांग्रेसकै कार्यकर्ताले पनि सरकारलाई विश्वास गरेको देखिँदैन। निराशा चिर्न आमसहमति चाहिन्छ। ०६२/६३ मा पनि त्यस्तै आमसहमतिले जनतामा विश्वास जगाएको थियो। अहिले पनि ठुला दलहरू मिलेर सरकार बनाउने हो भने जनतामा व्याप्त नैराश्य चिर्न सकिन्छ।

यो संकटबीच पनि रेमिट्यान्स त बढिरहेको छ नि ?

यही त चिन्ताको विषय हो नि ! नर्मल अवस्थामा बढ्नुपर्ने राजस्व बढिरहेको छैन। तर, रेमिट्यान्स भने बढिरहेको छ। अर्थतन्त्रका अन्य सूचकहरू घटिरहेको समयमा रेमिट्यान्स बढ्नु भनेको एउटा मात्र पिलरमा अडिनुपर्ने अवस्था हो। यसले अर्थतन्त्र मजबुत हुन सक्दैन।

प्रेरक प्रसंग

शिक्षाप्रतिको समर्पण

यो केही वर्षअघिको एक वास्तविक र अत्यन्त प्रेरणादायी घटना हो, जहाँ एक शिक्षिकाको लगनले धेरैलाई आश्चर्यचकित बनायो। मेक्सिकोको ग्वानाजुवाटो भन्ने ठाउँमा एकजना ने नामकी शिक्षिका बस्थिन्। उनी अल-पासियो अल अल्टो विद्यालयमा फरक क्षमता भएका र अटिजम भएका विद्यार्थीलाई पढाउने गर्थिन्। जब कोरोना भाइरसको संक्रमण संसारभर फैलियो, त्यसपछि मानिसको भिडभाड हुने ठाउँ बन्द हुन थाल्यो। सार्वजनिक स्थलहरूमा मानिसको आवागमन लगभग ठप्प भयो। फलस्वरूप स्कुल-कलेजको पठनपाठन पनि बन्द भयो। सहरी क्षेत्रमा भएका विद्यालयले इन्टरनेटको माध्यमबाट पढाइ सुरु गरे। ग्रामीण क्षेत्रका विद्यार्थी इन्टरनेटको सुविधाबाट वञ्चित भएकाले तिनले पढाइलाई निरन्तरता दिन पाएनन्। शिक्षिका नेले पढाउने विद्यार्थीसँग पनि इन्टरनेटको सुविधा थिएन। उनीहरू पनि शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्थामा पुगेका थिए। त्यस्तो परिस्थितिमा आफ्ना विद्यार्थीको पढाइमा असर नपरोस्, उनीहरूको पठनपाठन नछुटोस् भनेर नेले पिकअप ट्रकमा घन्टौं लामो यात्रा गरेर त्यस्ता विद्यार्थीलाई पढाउन थालिन्।



उनी घरघरबाट विद्यार्थी जम्मा गर्ने र उनीहरूलाई ट्रकको पछाडि राखेर पढाउने गर्थिन्। कोरोनाबाट बच्न उनले स्वास्थ्यका उपयुक्त मापदण्ड पनि अपनाएकी थिइन्।

उनले वैकल्पिक तरिकाले शिक्षा दिएको तस्बिर ट्विटरमा सार्वजनिक भएपछि धेरै ठाउँबाट उनको कामले प्रशंसा पायो। यस्तो प्रशंसाबारे सुनेपछि शिक्षिका नेले भने आफूले खासै ठूलो काम नगरेको बताइन्। उनले आफ्ना विद्यार्थी फरक क्षमता भएकै कारण किन पढाइबाट छुटून् भन्ने सोचले यस्तो कार्य गरेको बताइन्।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

महानगरमा खानेपानीको समस्या

काठमाडौं महानगरका कतिपय टोलमा खानेपानीको चर्को अभाव छ। खानेपानीको अभावले गर्दा टोलटोलमा रातभरि जाग्राम बसेर पानी संकलन गर्नुपर्ने बाध्यता छ। सकभर धाराबाट पानी नै आउँदैन र कथं आइहाले पनि एक-दुई गाग्री भर्न पनि सकस हुन्छ। यस्तो अभावमा सरसफाइ कसरी गर्ने ? पिउने, खाना पकाउने, नुवाइधुवाइ गर्ने पानी कसरी जोहो गर्ने ? के काठमाडौं महानगरको नेतृत्वले यसबारे गम्भीर भई सोच्नुपर्दैन ? अनि, जनताका दैनिक समस्या समाधानमा ध्यान दिनुपर्दैन ? महानगरले काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) सित मिलेर यसको दीर्घकालीन समाधानका लागि वितरण प्रणाली, स्थानीय मुहान तथा हिर्टी संरक्षणलगायत कार्यमा ध्यान दिनु जरुरी देखिन्छ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

सुरक्षाकर्मी फिर्ता गर्नु स्वागतयोग्य

सरकारले मापदण्डविपरीत विशिष्ट व्यक्तिहरूको सुरक्षाका नाममा खटिएका सुरक्षाकर्मीलाई फिर्ता गर्न थालेको र कतिपय फिर्ता भइसकेको समाचार पढियो। विशिष्ट व्यक्तिहरूले व्यक्तिगत प्रभावका बलमा निजी निवासमा सुरक्षाकर्मी राखेर आफूलाई 'भिआइपी' देखाउँदै आएका छन्। तिनले ऐन-नियमअनुसार पाउने सुविधासम्म त ठिकै हो। तर, यसरी नियम र मापदण्डविपरीत सुरक्षाकर्मी राख्न भने बन्द गरिनुपर्छ। र, भविष्यका लागि प्रस्ट मापदण्ड बनाउनुपर्छ।

● **गौरव महर्जन**
सानोभञ्ज्याङ, काठमाडौं

घोषणा कार्यान्वयन होला त ?

प्रधानमन्त्री प्रचण्डले देशको गिर्दो अर्थतन्त्र सुधार्न ११ बुँदे घोषणा गरेका रहेछन्। तर, मन्त्रिपरिषद्बाट लिखित प्रस्ताव गरी विधिपूर्वक गरिएका कैयौं र महत्त्वपूर्ण घोषणा बीचमै अलपत्र परेका उदाहरण धेरै छन्। राम्रा-राम्रा योजना घोषणा गरे पनि तिनलाई कार्यान्वयन गर्ने दिशामा भने हाम्रो सरकार निकै सुस्त छ। त्यसैले प्रधानमन्त्री प्रचण्डले गरेको यो घोषणा पनि कार्यान्वयन हुनेमा भने शंकै छ।

● **मुना विक**
सानोठिमी, भक्तपुर

टिकटकबारे पुनर्विचार गरियोस्

टिकटकले सामाजिक सद्भाव खलबलायो भन्ने सरकारको तर्क सही नै होला। तर, टिकटक बन्द गर्ने नियत भने बिल्कुलै गलत छ। टिकटक एउटा चिनियाँ एप हो। अहिले पश्चिमी देशमा विभिन्न बहाना बनाएर टिकटकमाथि प्रतिबन्ध लगाउने लहर नै चलेको छ। त्यसैलाई सरकारले पनि पछ्याइरहेको स्पष्ट देखिन्छ।

सरकारलाई प्रस्ट थाहा छ, केही साताअघि नेपालगन्जमा जुन सामाजिक सद्भाव बिगार्ने प्रयास भएको थियो, त्यसमा टिकटकको होइन, ह्वाट्सएपको मुख्य भूमिका थियो। तर, सरकारले त्यसको नामै लिएन। किनकि त्यो पश्चिमा देशको एप हो। जोकोहीले पनि ठोकुवासाथ भन्न सक्छ, टिकटक चिनियाँ एप नभएर पश्चिमी देशको एप भएको भए आज टिकटक बन्द गर्ने आँट सरकारसँग हुँदैनथ्यो। तर्कहरू सही वा गलत हुन सक्छन्, तर यथार्थ यही हो। विश्वमा चिनियाँ एपकै कारण फेसबुक, ट्विटरजस्ता पश्चिमा एपका प्रयोगकर्ता दिनदिनै घट्दै गइरहेको विभिन्न तथ्यांकले बताएका छन्। यसरी प्रयोगकर्ता घट्नु भनेको तिनको आम्दानी घट्नु हो। आफ्नो आम्दानी घटेकामा कुनचाहिँ व्यापारी सन्तुष्ट होला र ? फेरि टिकटक बन्द हुँदैमा नेपालमा सामाजिक सद्भाव कहिल्यै खलबलिनेछैन भन्ने के ग्यारेन्टी छ ? त्यस्तै अन्य एपबाट चाहिँ सामाजिक सद्भाव बिग्रिँदैन भन्ने के ग्यारेन्टी छ ? विगतमा सामाजिक सञ्जाल नहुँदा पनि नेपालगन्जमा वेला-वेलामा सामाजिक सद्भाव बिथोल्ने प्रयास भएकै थियो। अतः सामाजिक सञ्जालको सही प्रयोग गर्नेलाई सम्मान गरौं र दुरुपयोग गर्नेलाई कडा कारबाही गरौं। तर, हचुवाका भरमा बन्द गर्ने निर्णय भने नगरौं।

● **मान लामा**, काठमाडौं

दुराशययुक्त सूचनाले लोकतन्त्रको अवमूल्यन गर्छ

पुरातनपन्थी समूह र खुला बजार अर्थतन्त्रसम्बद्ध थिंक ट्यांकको समूहले विज्ञानलाई अस्वीकार गर्छ र विज्ञानमा आधारित नियमलाई 'स्वतन्त्रता'को अतिक्रमण मान्छ



देश / विदेश

● स्टेफन लेवेन्डोस्की ● जोन कुक

मिथ्या सूचना (मिसइन्फोर्मेसन) बारे बहस हुँदै आएको छ। मिथ्या सूचनाले आममानिसलाई ध्रुवीकृत गर्न सक्छ, मास्क वा खोप लगाउनेजस्ता स्वास्थ्य सुरक्षाका अभ्यास घटाउन सक्छ र विज्ञानको विश्वसनीयतामा क्षति पुऱ्याउन सक्छ। धेरैजसो मिथ्या सूचना दुर्घटनावश नभई संगठित राजनीतिक अभियानबाट आउने गर्छ र यसलाई हामी दुराशययुक्त सूचना (डिसइन्फोर्मेसन) भन्छौं। ध्रुवीकरण र विश्वसनीयताका अलावा मिथ्या र दुराशययुक्त सूचनाको प्रभाव थप विनाशकारी छन्। यस्ता सूचनाले लोकतन्त्रकै अवमूल्यन गर्छन्। हालै 'करेन्ट ओपिनियन इन साइकोलोजी'मा प्रकाशित शोधपत्रमा हामीले दुराशययुक्त सूचनाले लोकतन्त्रका दुई महत्त्वपूर्ण पक्षलाई कमजोर बनाउँछ भन्ने निचोड निकालेका छौं।

निर्वाचनको अखण्डता : पहिलो पक्ष, चुनावको विश्वसनीयता अर्थात् शक्तिको वितरणको सुनिश्चिततासँग सम्बन्धित छ। अमेरिकाको हालैका सर्वेक्षणले करिब ७० प्रतिशत रिपब्लिकन सन् २०२० को राष्ट्रपतीय चुनावको वैधतामा शंका गर्छन्। सो चुनावमा पराजित डोनाल्ड ट्रम्पले फैलाएको दुराशययुक्त सूचनाका कारण यो सन्देह उत्पन्न भएको हो। निर्वाचनपछि शान्तिपूर्ण रूपमा सत्ता हस्तान्तरण हुने-नहुनेमा लोकतन्त्र निर्भर हुन्छ। सन् २०२० को 'ठूलो झुट' भनेर चिनिने दुराशययुक्त सूचनाले अमेरिकी लोकतन्त्रमाथिको विश्वासलाई घटाएको छ।

विश्वसनीय सूचनामा निर्भरता : लोकतन्त्रको दोस्रो महत्त्वपूर्ण पक्ष भनेको विभिन्न नीतिगत विकल्प तर्जुमा गर्न आवश्यक विश्वसनीय सूचना हो। हामीले अधिनायकवादको सट्टा लोकतन्त्र रोज्छौं, किनभने निर्णय र परिणाम उत्पादन गर्ने मामिलामा लोकतान्त्रिक व्यवस्था उत्कृष्ट छ। यो उत्कृष्टता एक व्यक्ति विवेक नभई आमजनताको सामूहिक विवेकले सम्भव भएको हो। तर, जब आममानिसमाझ निरन्तर दुराशययुक्त सूचना पस्किइन्छ, सामूहिक विवेकको प्रभावकारिता कम हुन्छ।

दुराशययुक्त सूचनाको दस्ताबेजीकृत उदाहरण खोज्ने हो भने जलवायु परिवर्तनसम्बद्ध सूचनालाई हेर्दा हुन्छ। जीवाश्म इन्धन उद्योगले यसको प्रयोगले वातावरणीय दुष्परिणाम निम्त्याउने जानकारी सन् १९६० कै दशकमा थाहा पाइसकेका थिए। तैपनि, तिनले वास्तविकतालाई अस्वीकार गर्ने संस्थामाथि दशकौंसम्म लगानी गर्दै आए। यो दुराशययुक्त सूचनाको अभियानले जलवायु परिवर्तन रोक्ने पहलकदमीलाई दशकौं पछाडि धकेल्यो। जलवायु परिवर्तनसँग सम्बन्धित पहलकदमी नीतिमा भएको ढिलाइलाई गलत सूचनाले सिर्जित एक महत्त्वपूर्ण नीतिगत ढिलाइका रूपमा लिन सकिन्छ।

कोभिड-१९ महामारीमा रोगका लागि सञ्चार प्रयोजनका ५ जी टावरलाई समेत जिम्मेवार ठहऱ्याउनेदेखि लकडाउन र खोपमाथि शंका गर्नेसम्मका गलत सूचना तीव्र रूपमा फैलिएका थिए। नतिजा विश्व स्वास्थ्य संगठनले न्यून-गुणस्तरको जानकारी र षड्यन्त्र सिद्धान्तको प्रचुरतालाई वर्णन गर्न 'इन्फोडेमिक' (सूचानामा आएको महामारी) शब्दको समेत सिर्जना गर्नुपऱ्यो।

विभिन्न मिथ्या सूचनालाई जोड्ने कडी : चाखलाग्दो के छ भने जलवायु परिवर्तनलाई अस्वीकार गर्ने केही राजनीतिक शक्तिले नै कोभिडबारे दुराशययुक्त सूचना फैलाउन एकै किसिमको रणनीति अपनाइरहेका छन्। आखिर यी दुई पाटा कसरी जोडिन्छन् ?

जलवायु परिवर्तनका मामिलामा कार्बनको मूल्य निर्धारण र कोभिड-१९ महामारीमा सामाजिक दूरीजस्ता सामाजिक स्तरमा सरकारले लागू गर्न खोजेको समाधानका उपाय शंकाको साझा कारक बन्न पुग्छ। पुरातनपन्थी समूह र खुला-बजार अर्थतन्त्रसम्बद्ध थिंकट्यांकको एक वृत्तले विज्ञानलाई अस्वीकार गर्छ र विज्ञानमा आधारित नियमलाई 'स्वतन्त्रता'को अतिक्रमण मान्छ। चुनाव वा जलवायु परिवर्तन वा खोपसँग



तस्बिर : जोनी सिल्भरक्लाउड/सटरस्टक

सम्बन्धित वा अन्य मामिलामा हुने संगठित दुराशययुक्त सूचना अभियानमा प्रयोग हुने अर्को तिकडम भनेको व्यक्तिगत इमानदारी र विश्वसनीयतालाई कमजोर पार्न गरिने व्यक्तिगत आक्रमण हो। चुनावमा ट्रम्पमाथि अन्याय भयो भन्नेले अमेरिकी चुनावी अधिकारीलाई धोखाधडी गतिविधिमा संलग्न भएको झुटो आरोपसमेत लगाए।

वैज्ञानिकमाथि आक्रमणको नयाँ मोर्चा : आक्रमणको नयाँ मोर्चाले लोकतन्त्रको प्रमाण-आधारित अखण्डता जोगाउने वैज्ञानिक र पैरवीकर्तालाई तारो बनाउनु अस्वाभाविक भने होइन। यी आक्रमण र पूर्वाग्रही आरोप लगाउन मूलतः रिपब्लिकन पार्टीका नेताले उक्साएका छन्। यसरी उक्साहटमा आउनेमा विशेषतः सन् २०२० को चुनावका वेला ट्रम्पको आधारहीन आरोपलाई समर्थन गर्ने कार्यकर्ता छन्। मिथ्या सूचना फैलाउनेले आफ्ना काममाथि भएका जाँच-अध्ययनलाई कमजोर पार्ने लक्ष्य राखेका हुन्छन्, जसमा जलवायु परिवर्तन अस्वीकार र खोपविरोधी अभियानजस्ता रणनीति प्रयोग हुन्छन्। यस अभियानले मिथ्या सूचना अनुसन्धानमा नकारात्मक प्रभाव पारेको छ।

अगाडि कसरी बढ्ने ? : हाम्रो शोधपत्रले डिजिटल सेवा ऐन र अभ्यास संहिताजस्ता युरोपेली संघका कानुन निर्माण गर्न भूमिका खेलेको छ। यी कानुनले मिथ्या र दुराशययुक्त सूचनाविरुद्ध लोकतन्त्रको लचिलोपनलाई बढाउने लक्ष्य राखेका छन्। हाम्रो अनुसन्धानले मिथ्या सूचनामा जनताको प्रतिरोध कसरी बढाउने भनेर पनि खोज गरेको छ। उदाहरणका रूपमा 'इनोकोल्युसन'को विधिलाई लिन सकिन्छ। यो विधिअनुसार मिथ्या सूचना फैलाउने रणनीतिबारे जानकारी दिएर आममानिसलाई त्यसबाट जोगाउन सकिन्छ।


पूर्वी युरोपका तीन करोड ८० लाख मानिसमाझ छोटो शैक्षिक भिडियोको प्रयोगबाट हालै इनोकोल्युसन अभियान चलाइएको थियो। नतिजास्वरूप युक्रेनी शरणार्थीबारे बनेका भ्रामक भाष्य पहिचान गर्ने क्षमतामा वृद्धि भएको छ। अमेरिकालगायत क्षेत्रमा यी पहल र अनुसन्धान खोजको कार्यान्वयन भने अनिश्चित छ। विडम्बना, अमेरिकामा राजनीतिको एक खेमा लोकतन्त्रमा मिथ्या सूचनाबाट हुने खतराभन्दा मिथ्या सूचनामा हुने अनुसन्धानबाट बढी खतरा महसुस गर्छ।

(लेवेन्डोस्की ब्रिस्टोल विश्वविद्यालयका कग्निटिभ साइकोलोजीका अध्यक्ष हुन् भने कुक मेलबर्न स्कुल अफ साइकोलोजिकल साइन्सेस मेलबर्न विश्वविद्यालयका वरिष्ठ अनुसन्धाता हुन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

पृथ्वीका लागि हानिकारक छन् अर्बपति

अर्बपतिहरू आममानिसभन्दा धेरै शक्तिशाली छन्, त्यसलाई उनीहरू पृथ्वीलाई संकटमा पुऱ्याउने गरी प्रयोग गर्नसमेत हिचकिचाउँदैनन्



● रेबेका सोल्नट

रेबेका सोल्नट द गार्जियनकी स्तम्भकार हुन् ।

जलवायु संकटबारे कुरा हुदाँ धेरै जना पृथ्वीमा रहेका मानिसहरूको उच्च संख्यालाई लिएर गम्भीर चिन्ता जनाउन पुग्छन् । तर, जनसंख्या आफैंमा समस्या होइन, किनभने बंगलादेशका किसान वा ब्राजिलका सडक व्यापारीले क्यालिफोर्नियाका भेन्चर क्यापिटालिस्ट (पुँजीपति) वा रुस र मध्यपूर्वका पेट्रोल उत्पादक अर्बपतिको एक छेउ पनि उत्सर्जन गर्दैनन् । विश्वका एक प्रतिशत धनीले विपन्न ६६ प्रतिशतले भन्दा बढी कार्बन उत्सर्जन गर्छन्, (अर्थात् विश्वको एक प्रतिशत जनसंख्याले बाँकी ६६ प्रतिशतले भन्दा धेरै उत्सर्जन गर्छन्) । यसकारण, धनीहरू पृथ्वीका लागि हानिकारक छन् । उनीहरू जति धनी हुँदै जान्छन्, उनीहरूको प्रतिकूल प्रभाव पनि उत्तिकै बढ्दै जानेछ ।

अर्को शब्दमा भन्दा पृथ्वीका हामी सबै मानिस एउटै आकारका छैनौं । हाम्रो राजनीति र वातावरणमा अर्बपतिहरू हाबी छन् । उनीहरू कति हाबी छन् भनेर बुझ्न उनीहरूको सम्पत्तिको आश्चर्यजनक स्केलबारे कुरा गर्नुपर्ने हुन्छ । उनीहरूले गर्ने कार्बन उत्सर्जनको स्केल, राजनीति र सार्वजनिक जीवनमा उनीहरूको छेडखानीको प्रभावको अर्थ उनीहरू बाँकी मानवजस्ता होइनन् भन्ने नै हो । उनीहरू भीमकाय छन् र उनीहरूले आफ्नो भीमकाय शक्ति अक्सर कुरूप तरिकामा प्रयोग गर्छन् । उनीहरूले कति उपभोग गर्छन् र विश्वको जलवायु प्रतिक्रियालाई कति प्रभावित गर्छन् भन्ने दुवै कुरामा उनीहरू कुरूप देखिन्छन् ।



> विश्वका अति धनी एक प्रतिशत ठूला जलवायु विनाशक त हुन् नै, उनीहरू यो संकटप्रतिको विश्वको पहलकदमीलाई पनि प्रभावित तुल्याउँछन्

म यसलाई यसरी राख्न चाहन्छु, यदि तपाईंले हप्तामा १० हजार डलर कमाउनुहुन्छ भने (यतिको कमाइ भनेको अधिकांश मानिसको स्तरअनुसार राजसी आय हो) एक अर्ब डलर कमाउन तपाईंले परमेश्वर यशु जन्मेको वर्षदेखि अहिलेसम्मका प्रत्येक हप्ता काम गर्नुपर्ने हुन्छ । फोर्ब्सका अनुसार हाल एलन मस्कसँग रहेको कुल सम्पत्ति एक खर्ब ८० अर्ब अमेरिकी डलर कमाउन तपाईंले अफ्रिकामा होमो सेपियन्स पहिलोपटक देखापरेकोभन्दा पहिलेको समयदेखि अर्थात् झन्डै साढे तीन लाख वर्षदेखि अहिलेसम्मका कुनै पनि हप्ता नबिराई अविराम काम गर्नुपर्ने हुन्छ ।

यसलाई अर्को तरिकाले भनौं । गत वर्ष एक दिन, सान फ्रान्सिस्कोको पश्चिमी किनारामा प्रशान्त महासागरलाई नियाल्दै हिँड्दा मैले ह्वेलहरूले चीत्कार गरेको सुनें र घर आएपछि आफ्नो झ्यालमा भुनभुनाउँदै गरेको एउटा मौरीलाई उद्धार गरेर बचाएँ । यी दुई प्राणीको शरीरको आकारको अत्यासलाग्दो भिन्नताले मलाई प्रभावित गऱ्यो । यसैले मैले यस्तो हिसाब निकाले, एउटा माहुरीको वजन लगभग ०.११ ग्राम हुन्छ र चार हजार मौरीको तौल बल्ल एक पाउन्ड हुन्छ । एउटा खैरो ह्वेलको तौल ६० हजारदेखि ९० हजार पाउन्डसम्म हुन्छ, जसको अर्थ कम तौलको एउटा ह्वेलमा पनि २५ करोड मौरीको तौल हुन्छ ।

अक्सफामका अनुसार विश्वका ८१ जना अर्बपतिसँग विश्वको आधा जनसंख्यासँग भएकोभन्दा धेरै सम्पत्ति छ । अर्थात् आर्थिक हिसाबले ८१ जना मानिस चार अर्ब मानिसभन्दा ठूला छन् । त्यसैले जब सम्पत्ति र प्रभावको कुरा आउँछ, अर्बपतिहरू ह्वेल हुन् भने विपन्न मानिसहरू मौरी हुन् । यद्यपि ह्वेल मौरीका लागि खतरा होइन, तर अर्बपतिहरू बाँकी हाम्रा लागि खतरा हुन् । उनीहरूको राजनीतिक आकारले हाम्रो सार्वजनिक जीवनलाई खर्लप्पै छोपिदिन्छ । धनी, गोरा र पुरुषहरूले अनिर्वाचित शक्तिका रूपमा कार्य गर्छन् ।

यी भनेका एक प्रकारका स्वतन्त्र विश्वव्यापी अभिजात वर्ग हुन्, जसले अक्सर हामी बाँकीमाथि शासन गर्ने प्रयास गरिरहेका हुन्छन् । केहीको आलोचना छ- यति धेरै आधुनिक अर्बपतिहरू जन्माउने यी सुपरजायन्ट टेक कर्पोरेसनहरू पुँजीवादभन्दा पनि सामन्तवादको झल्को दिने गरी सञ्चालित छन् । र, अधिकांश अर्बपतिहरू यो पृथ्वीका मालिक हुँ जस्तो व्यवहार गर्छन् । उनीहरू आफूलाई यतिविधि धनी र बाँकीलाई अत्यन्त गरिब बनाउने आर्थिक असमानतालाई रक्षा गर्ने अभियान चलाइरहेका छन् । उनीहरू आफ्नो शक्तिलाई स्वेच्छाचारी, लापरबाह र अक्सर वातावरणीय रूपले विनाशकारी तरिकामा प्रयोग गर्छन् ।

अब मस्कले ट्विटर कसरी किने, त्यो हेर्नौं । कसरी विपत्तिमा परेका लाखौं मानिस, पत्रकार र वैज्ञानिकका लागि एउटा महत्त्वपूर्ण समाचार स्रोत ट्विटरलाई एक्समा परिणत गरे । कसरी त्यसलाई जलवायु परिवर्तनलाई अस्वीकार गर्ने, यहुदीप्रति घृणा फैलाउने र निर्बाध झूट विस्तारका लागि स्वर्ग बनाए । कसरी आफ्नो उपग्रह-सञ्जाल र अन्य सम्पत्तिको बलमा विशाल राजनीतिक शक्ति नियन्त्रण गरेका छन्, ती कुरालाई हेर्नौं । न्युयोर्कर लेख्छ, 'कुनै एउटा नागरिक राष्ट्रहरूबीचको युद्धको मध्यस्थकर्ता बनेको कुनै उदाहरण थिएन । साथै, ऊर्जा र यातायातको भविष्यदेखि अन्तरिक्षको अन्वेषणसम्मका विभिन्न क्षेत्रमा मस्कमाथि अमेरिकाको निर्भरताको डिग्री अभूतपूर्व छ । इतिहासमा एउटा व्यक्ति यति शक्तिशाली भएको नजिर छैन ।'

अब बिल गेट्स (१०४ अर्ब अमेरिकी डलरसहित विश्वका छैटौं धनाढ्य)ले कसरी जलवायु नीतिलाई प्रभावित गर्ने निर्णय गरेका छन्, त्यो हेर्नौं । दशकौंअघि वासिंटन तालको किनारमा आफ्नो घर बनाए । ६ वटा भान्सा, २४ वटा बाथरुम भएको घरमा एकजना मानिसले कति मलमूत्र निकाल्छ होला ? सीधा शाब्दिक अर्थमा उनले धेरै खान्छन् र उत्सर्जन गर्छन् । उनी निजी जेटका सौखिन छन् । बिजनेस इन्साइडरको एक लेखअनुसार गेट्सको आलिसान घरअघिको समुद्री किनारामा क्यारेबियन क्षेत्रबाट डुंगामा ओसारिएका बालुवा बिछ्याइएको छ ।

गेट्स विश्वको सबैभन्दा ठूलो निजी फाउन्डेसन चलाउँछन् । र, यसले स्वास्थ्य र जनजीवनमा विशेषगरी अफ्रिकामा पारेको प्रभावको आलोचना हुँदै आएको छ । अहिले चाहिँ उनी जलवायु नीतिलाई प्रभावित पार्ने प्रयास गरिरहेका छन् । यी प्रविधि अर्बपतिहरूको एउटा विशेषता के हुन्छ भने उनीहरूमा आफूले चाहेको कुनै पनि क्षेत्रमा प्रभाव पार्न सक्ने आफ्नो क्षमतामा असीम आत्मविश्वास हुन्छ । पैसा बोल्छ, अझ भनौं चिच्याउँछ नै ।

गेट्सले हामीलाई 'ऊर्जामा चमत्कार' र 'स्वच्छ ऊर्जामा क्रान्ति' चाहिएको कुरामा जोड दिएका छन् । उनले सन् २०१६ मा घोषणा गरेका थिए, 'यदि विश्वले सस्तो, स्वच्छ ऊर्जाको स्रोत फेला पार्न सक्यो भने यसले जलवायु परिवर्तनलाई रोक्नेभन्दा बढी काम गर्नेछ ।' जबकि हामीसँग अहिले नै सस्तो सौर्य तथा वायु ऊर्जा छ । तर गेट्स हामीसँग भएका रोडम्यापहरूलाई बेवास्ता गर्दै स्वच्छ ऊर्जातर्फको संक्रमणको नयाँ योजना देखाउँदै छन् । लाइभ साइन्स नामको साइटले उनको घोषणामा टिप्पणी गरेको छ, 'बिल गेट्सले जलवायु परिवर्तनमा १४ वर्ष पुरानो सूत्र पत्ता लगाए ।' जलवायु वैज्ञानिक माइकल म्यान लेख्छन्, 'गेट्सको डरलाग्दो विचारमा 'सीधै वायु कब्जा'का रूपमा चिनिने अपेक्षाकृत निष्क्रिय तर निषेधात्मक रूपमा महँगो प्रस्तावना (वायुमण्डलबाट कार्बनजन्य प्रदूषणलाई तानेर हटाउने)' समाविष्ट छ ।

मेरो विचारमा सौर्य विकिरण व्यवस्थापन धेरै खतरनाक कुरा हो । यो वायुमण्डलको स्ट्रेटोस्फियर (जमिनदेखि माथितर्फ वायुमण्डलको दोस्रो तह)मा सल्फरडाइअक्साइडको ठूलो परिणाम छर्किएर विकिरणलाई परावर्तन गर्ने च्यादर निर्माण गर्ने र पृथ्वीलाई चिसो राख्न मद्दत गर्ने अप्रमाणित अवधारणा हो । यदि गेट्ससँग औसत व्यक्तिको समान प्रभाव हुन्थ्यो भने जलवायुबारेका उनका गलत अवधारणाले कुनै फरक पार्ने थिएन, तर समस्या के भने उनीसँग अथाह शक्ति छ ।

विश्वका २७ सय हाराहारीका डलर अर्बपतिहरूको एकचौथाइ संयुक्त राज्य अमेरिकामा छ र तीमध्ये दुई टम स्टेयर, जसले विभिन्न जलवायु समूहलाई भव्य दान दिएका छन् र उनको आफ्नै पोलिटिकल एक्सन कमिटी पनि छ । त्यसपछि माइकल ब्लुमबर्ग, जसले बियोन्ड कोइला नामक अभियानमा पर्याप्त राशि दिएका छन्, उनीहरूले वास्तवमा सकारात्मक प्रभाव पारेका छन् । तर, अतिशय सम्पत्ति आफैंमा लोकतन्त्रका लागि खराब हुन्छ । उनीहरूले मतपेटिकालाई प्रभाव तुल्याउँदा एक व्यक्ति एकमत प्रणाली नै सम्झौतामा पर्छ । (थुप्रै अमेरिकी अर्बपतिहरूले उम्मेदवार, पार्टी र चुनावी अभियानहरूलाई सहयोग गरेका छन्, जसले मतदान अधिकारको साथसाथै अमेरिकाको धेरै भागमा जलवायु कार्यलाई कमजोर बनाएको छ) ।

एक अर्बपति हुनुले तपाईंलाई बाँकी मानवताबाट अलग गर्छ र अक्सर तपाईंलाई तपाईं आफैंले बनाएको प्रतिध्वनिको कक्षमा राख्छ । यो आममानिसहरूको मामिलामा सहभागिता जनाउन एउटा अयोग्यता हो । अधिकांश अर्बपतिहरू स्वार्थी वा आत्मकेन्द्रित हुन्छन् । उनीहरू हामी बाँकीभन्दा आफूलाई धेरै धनी बनाउने असमानता र शोषणको रक्षा गर्छन् । धेरै देशका सर्वेक्षणहरूले के देखाउँछ भने अधिकांश जनता जलवायु कार्य र यसको लागि लगानी भएको हेर्न चाहन्छन् । तर, समस्या जनमत होइन, जीवाश्म इन्धन कम्पनी र अभिजात वर्गका निहित स्वार्थ हुन् । यही कारण, अधिकांश अमेरिकी जलवायु र वातावरणीय संगठनहरूले लोकतन्त्र र मतदान अधिकारलाई आफ्नो कामको हिस्सा बनाएका छन् ।

एकाध राम्रा अर्बपतिहरूले यो प्रजातिको अस्तित्वलाई जायज ठहऱ्याउन सक्दैन । त्यसैले किम स्टेन्ली रोबिन्सनको क्लाइमेट फिक्सन 'द मिनिस्ट्री फर द फ्युचर'मा अर्बपतिहरूलाई जलवायु जोखिमको रूपमा उन्मूलन गरिएको छ । उनीहरूको सम्पत्ति पाँच करोड डलरमा झरेको छ । रबिन्सन लेख्छन्, 'पृथ्वीमा उपलब्ध स्रोतसाधन सबै आठ अर्ब मानिसमा समान रूपमा बाँडिएको हुन्थ्यो भने सबैजना ठीक हुने थिए भनेर देखाउने बलिया वैज्ञानिक प्रमाण छन् । वैज्ञानिक प्रमाणले यस्ता मानिस धनी मानिसभन्दा स्वस्थ र खुसहाल हुने कुरालाई बलियो समर्थन गर्छन् ।' समृद्ध पृथ्वीमा मानिस-मानिसकै स्केल(आकार)मा हुनुपर्छ । तर, अति धनाढ्यहरू पूरै अर्को स्केल (आकार)मा छन् । यी भीमकाय राक्षसले प्रकृति र यसको रक्षा गर्ने हाम्रो प्रयास दुवैलाई खुट्टाले किचिमिची पारिरहेका छन् ।

- द गार्जियनबाट

गाजामा चारदिने युद्धविराम ५० बन्दक रिहा गरिने

तेलअबिब/ इजरायल र हमासबीच बुधबार कम्तीमा चार दिन युद्ध रोक्न सहमति भएको छ । यस अवधिमा इजरायलले युद्धग्रस्त गाजामा सहायता सामग्री भित्र्याउन दिने र हमासले कम्तीमा ५० बन्धकलाई रिहा गर्ने सहमति भएको छ । सहमतिअनुसार हमासले बन्धक रिहा गरेसँगै इजरायलले पनि उसका जेलमा कैद रहेका कम्तीमा १५० प्यालेस्टाइनीलाई रिहा गर्नेछ । अक्टोबर ७ मा हमासले इजरायलमा आक्रमण गरेपछि इजरायलले गाजा क्षेत्रमा भीषण बमबारी सुरु गरेको थियो । कम्तीमा चार दिनको युद्धविरामले गाजाका आमनागरिकको पीडा केही कम हुने भएको भन्दै विश्वले स्वागत गरेको छ । पछिल्लो युद्धविराम सम्भव बनाउन कतारले इजरायल र हमासबीच मध्यस्थता गरेको थियो ।



इजरायलको प्रधानमन्त्री कार्यालयले पनि हमाससँग भएको शान्ति सम्झौताको पुष्टि गरेको छ । 'इजरायल सरकार सबै बन्धकलाई घर फर्काउन प्रतिबद्ध छ । यस उद्देश्य पूरा गर्न पहिलो चरणको रूपरेखालाई आज सरकारले मन्जुरी दिएको छ । यसअनुसार ५० बन्धक (महिला र बच्चासमेत)चार दिनभित्र रिहा हुनेछन् । यसक्रममा लडाइँ रोकिनेछ,' इजरायली प्रधानमन्त्री कार्यालयले भनेको छ । बन्धक बनाइएकालाई रिहा गरिसकेपछि भने हमासलाई सफाया गर्ने सैन्य अभियान फेरि सुरु हुने इजरायलले जनाएको छ । उता हमासले पनि मानवीय सहायताका लागि युद्धविराममा सहमति भएको जनाएको छ ।

युद्धविराम र बन्दी रिहाइसम्बन्धी प्रस्ताव इजरायलको मन्त्रिपरिषद्बाट पारित भएपछि चार दिनका लागि युद्ध रोकिन लागेको हो । उता इजरायलले थप बन्धक रिहा भए युद्धविराम लम्बिन सक्ने बताएको छ । एक प्यालेस्टिनी स्रोतलाई उद्धृत गर्दै यस महिनाको अन्त्यसम्ममा १०० बन्धक रिहा हुन सक्ने अन्तर्राष्ट्रिय समाचार एजेन्सी रोयटर्सले लेखेको छ । हमासले अक्टोबर ७ मा इजरायलमा पसेर आक्रमण गरेपछि २०० भन्दा बढीलाई आफूसँगै बन्धक बनाएर लगेको थियो । बन्धक बनाइएकामध्ये एकजना नेपाली युवक विपिन जोशी पनि रहेको इजरायल सरकारले जनाएको छ ।

इतिहासमा आज



सन् १९७१ : संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मा ताइवानले गर्दै आएको चीनको प्रतिनिधित्वलाई बेइजिङस्थित चिनियाँ कम्युनिस्ट पार्टीले प्रतिनिधित्व गर्न थाल्यो ।

सन् १८९० : नेदरल्यान्डका राजा विलियम तृतीयको मृत्युपछि उनका कुनै छोरा नहुँदा कानुन संशोधन गरी छोरीले पनि सत्ता सम्हाल्ने व्यवस्था लागू गरियो । परिवर्तित स्थितिमा राजकुमारी विल्हेलमिना राजगद्दीमा बसिन् ।

सन् १८९७ : अमेरिकी आविष्कारक जोन ली लभले सानो आकारको पेन्सिल तास्ने उपकरणका लागि प्याटेन्ट लिए ।

सन् १९०९ : हवाईजहाजका आविष्कारक राइट दाजुभाइले हवाईजहाज बनाउने करोडौं डलरको कर्पोरेसन गठन गरे ।

सन् १९२१ : अमेरिकी राष्ट्रपति वारेन जी. हार्डिङले एक कानुनमा हस्ताक्षर गर्दै चिकित्सकले बिरामीलाई बियर वा कुनै रक्सीजन्य सामग्री सिफारिस गर्न नपाउने बनाए ।

सन् १९७३ : अरब शिखर सम्मेलनले तेललाई हतियारका रूपमा प्रयोग गर्ने प्रस्ताव अंगीकार गऱ्यो । योसँगै तेल नाकाबन्दी पोर्चुगल, रोडेसिया र दक्षिण अफ्रिकासम्म विस्तार भयो ।

सन् १९९१ : विश्व चर्चित रक ब्यान्ड 'क्विन'का गायक फ्रेडी मर्करीले आफूलाई एड्स भएको सार्वजनिक गरे । रोगबारे सार्वजनिक गरेको भोलिपल्ट उनको मृत्यु भएको थियो ।

सन् २०११ : अरब क्रान्तिका क्रममा ११ महिना विरोध प्रदर्शन सामना गरेपछि अन्ततः यमनी राष्ट्रपति अली अब्दुल्लाह सालेहले आफूलाई कुनै मुद्दा नचलाउने सर्तमा उपराष्ट्रपतिलाई शक्ति हस्तान्तरण गर्ने सहमति जनाए ।

सन् २०२० : एस्ट्राजेनेका कोभिड-१९ विरुद्ध प्रभावकारी (६२ देखि ९० प्रतिशतबीच प्रभावकारी) खोप निर्माण गर्ने तेस्रो खोप निर्माता कम्पनी बन्यो ।

कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा राखिनेबारे कृषि विकास बैंक लि., शाखा कार्यालय, विराटनगरको ३५ दिने सूचना

यस बैंकबाट तपशिलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउनेबारेको २१(एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याजलगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालो सूचीसम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधिबमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राइटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जुरीनामा/व्यक्तिगत जमानत दिनेहरू समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानुनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

कर्जा ग्राहकको नाम	रजिष्टर्ड ठेगाना	फर्मको दर्ता नं, दर्ता भएको कार्यालय, दर्ता मिति र पान नं.	साँवा रकम रु.	मिति २०८०।०८।०५ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
१. क्लासिक विर्इस इन्सटुय मेण्ट ट्रेर्डस	विराटनगर ०२, मोरङ	१६, १९३/०५८, वाणिज्य कार्यालय, मोरङ (विराटनगर), २०५८।०८।०४, पान नं ३००७५५९४९, मिति २०५९।०१।३०	२५०००००/-	४२४३३९/-	२९२४३३९.००

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
जिबेन्द्र धमला	विराटनगर ०२, मोरङ	४३६३५	मोरङ, २०५६।०४।१९	गजेन्द्र धमला	धर्मध्वज धमला

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	पति
भद्रमाया धमला	विराटनगर ०२, मोरङ	१२०६३/५०८७	भोजपुर, २०२८।४।१४	लाल बहादुर कार्की	गजेन्द्र धमला

कर्जा ग्राहकको नाम	रजिष्टर्ड ठेगाना	फर्मको दर्ता नं, दर्ता भएको कार्यालय,दर्ता मिति र पान नं.	साँवा रकम रु.	मिति २०८०।०८।०५ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
२. अञ्जली कृषि फर्म	बुढीगंगा गा.पा, ६ मोरङ	१२६८३/०७२/०७३, घरेलु तथा साना उद्योग कार्यालय, मोरङ (विराटनगर), २०७३।२। ५, पान नं ६०४१५०२४६, मिति २०७३।०२।०६	६३२१८४८/-	९५७४९५/-	७२७९३४३/-

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
देवनारायण तबदार	बुढीगंगा गा.पा, ६ कोयलपुर, मोरङ	४३०४।५४९	मोरङ, २०४५।२।१२	गयालाल तबदार	नेहरू तबदार

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	पति
रामदुर्गावति थरुनि	बुढीगंगा गा.पा, ६ कोयलपुर, मोरङ	४६९३२।४८९३२	०५५।१२।१६, सुनसरी	खेम नारायण चौधरी	देवनारायण तबदार

कर्जा ग्राहकको नाम	रजिष्टर्ड ठेगाना	फर्मको दर्ता नं, दर्ता भएको कार्यालय,दर्ता मिति र पान नं.	साँवा रकम रु.	मिति २०८०।०८।०५ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
३. केचना कृषि फर्म	विराटनगर १५, मोरङ	११८९५/०७१/०७२, घरेलु तथा साना उद्योग कार्यालय, मोरङ (विराटनगर), मिति २०७१।१२।०४,३०४३९८२२३	१५६४३०३/-	१२४०५२/-	१६८८३५५/-

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
मधु कुमार राई	विराटनगर १४ , मोरङ	७९६५	मोरङ, २०५०।०६।०३	देबी बहादुर राई	रण बहादुर

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
देबी बहादुर राई	अमरदह ५, मोरङ	५५३४४	मोरङ, २०३६।१२।४	रण बहादुर	मान बहादुर

कर्जा ग्राहकको नाम	रजिष्टर्ड ठेगाना	फर्मको दर्ता नं, दर्ता भएको कार्यालय,दर्ता मिति र पान नं.	साँवा रकम रु.	मिति २०८०।०८।०५ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
४.सनराईज इन्टरप्राइजेज	विराटनगर १४, मोरङ	२५२०१ , वाणिज्य कार्यालय, विराटनगर २०६९।११।२०, ३०४३९८२२३	३३९९९८८/-	१३०६६३/-	३५३०६५१/-

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
मधु कुमार राई	विराटनगर १४ , मोरङ	७९६५	मोरङ, २०५०।०६।०३	देबी बहादुर राई	रण बहादुर

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	पति
सितादेवी खरेल	सुरुङ्गा ९, हाल : विराटनगर ११, मोरङ	९१५२२१८९	झापा, २०५९।१०।०७	तोयानाथ खरेल	खेमराज दाहाल

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	पति
सितादेवी खरेल	सुरुङ्गा ९, हाल : विराटनगर ११ , मोरङ	९१५२२१८९	झापा, २०५९।१०।०७	तोयानाथ खरेल	खेमराज दाहाल
श्री पाथिभारा ईन होटल एण्ड लज प्रा. लि.	विराटनगर ११, मोरङ	उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय २२५३१९।०७६।०७७ , काठमाडौं, २०७६।०६।०६ ६०९६३२०३७, मितिः २०७६।०९।०६			

कर्जा ग्राहकको नाम	रजिष्टर्ड ठेगाना	फर्मको दर्ता नं, दर्ता भएको कार्यालय, दर्ता मिति र पान नं.	साँवा रकम रु.	मिति २०८०।०८।०५ सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
५.श्री पाथिभारा ईन होटल एण्ड लज प्रा.लि.	विराटनगर ११, मोरङ	उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, २२५३१९।०७६।०७७, काठमाडौं, २०७६।०६।०६, ६०९६३२०३७, मितिः २०७६।०९।०६	२९४८५५०२/-	९७३२५३०/-	३९२१८०३२/-

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	पति
सितादेवी खरेल	सुरुङ्गा ९, हाल : विराटनगर ११, मोरङ	९१५२२१८९	झापा, २०५९।१०।०७	तोयानाथ खरेल	खेमराज दाहाल

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	पति
सितादेवी खरेल	सुरुङ्गा ९, हाल : विराटनगर ११ , मोरङ	९१५२२१८९	झापा, २०५९।१०।०७	तोयानाथ खरेल	खेमराज दाहाल
श्री पाथिभारा ईन होटल एण्ड लज प्रा. लि.	विराटनगर ११, मोरङ	उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय २२५३१९।०७६।०७७ , काठमाडौं, २०७६।०६।०६ ६०९६३२०३७, मिति : २०७६।०९।०६			

कृषि विकास बैंक लि.
कोशी प्रदेश कार्यालय, विराटनगर, मोरङ

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, व्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	१) नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग लहान सिरहामा प्रा.फ.र.नं. ८५५८/०७५/०७६, स्थानीय व्यापार अन्तर्गत मिति २०७५/०५/२२ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको सिराहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. १क हाल सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ५ स्थित **सुमित जनरल स्टोर** **प्रोप्राईटर तथा जमानीकर्ता: राम कुमार मण्डल** स्थायी ठेगाना : सिराहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ३ हालको ठेगाना : सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ५ बाबु : रामदेव खत्वे बाजे : जनका खत्वे	मनचितकी छोरी, जनका खत्वेकी बुहारी, रामदेव खत्वेकी पत्नी, सिराहा जिल्ला, सुखिपुर गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ५ बस्ने सम्पतीया खत्वेको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिराहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. १ क (हाल गोलबजार न.पा. वडा नं. ५) स्थित कित्ता नं. ११६३ को क्षेत्रफल ०-१-१०-० (बिगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

जमानीकर्ताहरुको विवरण

१) रामदेव खत्वे स्थायी ठेगाना : सिराहा जिल्ला, सुखिपुर गा.वि.स. वडा नं. ९ हालको ठेगाना : सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ५ बाबु : जनका खत्वे	**२) अनुरुद्ध मंडल** ठेगाना : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ५ बाबु : राम कुमार मण्डल बाजे : रामदेव खत्वे	**३) श्याम कुमार मण्डल** स्थायी ठेगाना : सिराहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ३ हालको ठेगाना : सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ५ बाबु : रामदेव खत्वे बाजे : जनका खत्वे
४) सम्पतीया खत्वे स्थायी ठेगाना : सिराहा जिल्ला, सुखिपुर गा.वि.स. वडा नं. ९ हालको ठेगाना : सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ५ बाबु : मनचित ससुरा : जनका खत्वे पति : रामदेव	**५) सिता देवि मंडल** स्थायी ठेगाना : सिराहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ३ हालको ठेगाना : सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ५ बाबु : शिव मंडल ससुरा : रामदेव खत्वे पति : राम कुमार मंडल	**६) मंजु देवी मण्डल** स्थायी ठेगाना : सिराहा जिल्ला, असनपुर गा.वि.स. वडा नं. ३ हालको ठेगाना : सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ५ बाबु : रौदी खतवे ससुरा : रामदेव खत्वे पति : श्याम कुमार मण्डल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
२)	प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, कलैया, (बारा) नेपालमा उद्योग दर्ता नं. ६१४६/६६/०७४/७५ अन्तर्गत मिति २०७४/०५/०१ मा औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५ तथा औद्योगिक व्यवसाय नियमावली, २०७६ को नियम ४ बमोजिम दर्ता भएको बारा जिल्ला, आदर्श कोतवाल गा.पा. वडा नं. १, स्थित **तराई पोल्ट्री फार्म** **संचालक तथा जमानीकर्ता: धनमन्ती देवी साह** स्थायी ठेगाना : बारा जिल्ला, महेन्द्र आदर्श गा.वि.स. वडा नं. १ हालको ठेगाना : बारा जिल्ला, आदर्श कोतवाल गा.पा. वडा नं. १ बाबु : गोपाल साह कानु ससुरा : छठु साह पति : सोनालाल प्रसाद साह कानु	१) गोपाल साह कानुकी छोरी, छठु साहकी बुहारी, सोनालाल प्रसाद साह कानुकी पत्नि, बारा जिल्ला, महेन्द्र आदर्श गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल बारा जिल्ला, आदर्श कोतवाल गा.पा. वडा नं. १ बस्ने धनमन्ती देवी साहको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, भगवानपुर गा.वि.स. वडा नं. ८ (हाल आदर्श कोतवाल गा.पा. वडा नं. १) स्थित कित्ता नं. ५८४ को क्षेत्रफल ०-१०-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) तराई पोल्ट्री फार्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) उपेन्द्र प्रसाद साह स्थायी ठेगाना : बारा जिल्ला, महेन्द्र आदर्श गा.वि.स. वडा नं. १ हालको ठेगाना : बारा जिल्ला, आदर्श कोतवाल गा.पा. वडा नं. १ बाबु : सोनालाल साह बाजे : छठु साह	**२) सोनालाल शाह** ठेगाना : बारा जिल्ला, आदर्श कोतवाल गा.पा. वडा नं. १ बाबु : छठु साह बाजे : बहादुर साह	**३) कोशिल्वा कनुइन** स्थायी ठेगाना : बारा जिल्ला, भगवानपुर गा.वि.स. वडा नं. ८ हालको ठेगाना : बारा जिल्ला, आदर्श कोतवाल गा.पा. वडा नं. १ बाबु : महेसी साह ससुरा : बहादुर साह पति : छठु सा कानु	**४) विजान्ती कुमारी** ठेगाना : बारा जिल्ला, आदर्श कोतवाल गा.पा. वडा नं. १ बाबु : गणेश सा कानु ससुरा : सोनालाल साह पति : उपेन्द्र प्रसाद साह

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
३)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर रौतहटमा प्रा.फ.नं. ५९६६/५१० (साविक सा.फ. ९५/९/२०७२/११/२८ अन्तर्गत मिति २०७४/१२/१३ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, नरकटिया गा.वि.स. वडा नं. ६ (हाल रौतहट जिल्ला, परोहा न.पा. वडा नं. ७) स्थित **नेशनल ईट्टा उद्योग** **प्रोप्राईटर तथा जमानीकर्ता : शेख तवरेज आलम**	१) शेख बाल हुसेनको नाती, शेख सफि महमदको छोरा, रौतहट जिल्ला, नरकटिया गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, परोहा न.पा. वडा नं. ७ बस्ने शेख इबने सउदको नाममा मालपोत कार्यालय गौर, रौतहटको लागतमा दर्ता कायम रहेको रौतहट जिल्ला, नरकटिया गा.वि.स. वडा नं. ६/क (हाल परोहा न.पा. वडा नं. ७) स्थित कित्ता नं. २९६,४१७, ७१७ र ६६३ को क्षेत्रफल क्रमशः ०-१-०, ०-८-८, ०-३-११ र ०-३-५ (विगाह) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) शेख सफि महमदको नाती, शेख इबने सउदको छोरा रौतहट जिल्ला, नरकटिया गा.वि.स वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, परोहा न.पा. वडा नं. ७ बस्ने शेख तवरेज आलमको नाममा मालपोत कार्यालय गौर, रौतहटको लागतमा दर्ता कायम रहेको रौतहट जिल्ला, नरकटिया गा.वि.स वडा नं. ६/क (हाल रौतहट जिल्ला, परोहा न.पा. वडा नं. ७) स्थित कित्ता नं. १११४ र १३४९ को क्षेत्रफल क्रमशः ०-३-६ र ०-२-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) नेशनल ईट्टा उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables)उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) शेख तवरेज आलम स्थायी ठेगाना: रौतहट जिल्ला, नरकटीया गा.वि.स. वडा नं. २ हालको ठेगाना: रौतहट जिल्ला, परोहा न.पा. वडा नं. ७ बाबु : शेख इवनेसउद बाजे : से साफि महमद	**२) रबीना खातुन** स्थायी ठेगाना: रौतहट जिल्ला, नरकटीया गा.वि.स. वडा नं. २ हालको ठेगाना: रौतहट जिल्ला, परोहा न.पा. वडा नं. ७ बाबु : शे. मोफिज ससुरा : शेख इवनेसउद पति : शेख तवरेज आलम	**३) नेजावुन सेखिन** ठेगाना: रौतहट जिल्ला, नरकटिया गाउँ पञ्चायत वडा नं. २ बाबु : शे. मजिद ससुरा : शेख सफि महमद पति : शे. इबने सउद	**४) शेख इबने सउद** स्थायी ठेगाना: रौतहट जिल्ला, नरकटिया गा.वि.स. वडा नं. २ हालको ठेगाना: रौतहट जिल्ला, परोहा न.पा. वडा नं. ७ बाबु : शेख सफि महमद बाजे : शेख बाल हुसेन
५) शेख परवेज आलम ठेगाना : रौतहट जिल्ला, नरकटिया गा.वि.स. वडा नं. २ बाबु : शेख इबने सउद बाजे : शेख सफि महमद		**६) शेख अब्दूस सलाम** स्थायी ठेगाना : रौतहट जिल्ला, नरकटीया गा.वि.स. वडा नं. २ हालको ठेगाना : रौतहट जिल्ला, परोहा न.पा. वडा नं. ७ बाबु : शेख इवनेसउद बाजे : से साफि महमद	

ऋणीको विवरण	धितोको विवरण
२) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. ११७२५/३९५ अन्तर्गत मिति २०७८/०५/०३ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, नरकटीया गा.वि.स. वडा नं. २ (हाल परोहा न.पा. वडा नं. ७), स्थित **तराई किराना स्टोर्स** **प्रोप्राईटर तथा जमानीकर्ता : शेख अब्दूस सलाम**	१) सेख सफि महमदको नाति, शेख इवनेसउदको छोरा, रौतहट जिल्ला, नरकटीया गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, परोहा न.पा. वडा नं. ७ बस्ने सेख अवुलैसको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, कनकपुर गा.वि.स. वडा नं. ५ (हाल गुजरा न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३४५ को क्षेत्रफल १-१०-०-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) तराई किराना स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) शेख अब्दूस सलाम स्थायी ठेगाना: रौतहट जिल्ला, नरकटीया गा.वि.स. वडा नं. २ हालको ठेगाना: रौतहट जिल्ला, परोहा न.पा. वडा नं. ७ बाबु : शेख इवनेसउद बाजे : से साफि महमद	**२) सेख अवुलैस** स्थायी ठेगाना: रौतहट जिल्ला, नरकटीया गा.वि.स. वडा नं. २ हालको ठेगाना: रौतहट जिल्ला, परोहा न.पा. वडा नं. ७ बाबु : शेख इवनेसउद बाजे : सेख सफि महमद	**३) शेख तवरेज आलम** स्थायी ठेगाना: रौतहट जिल्ला, नरकटीया गा.वि.स. वडा नं. २ हालको ठेगाना: रौतहट जिल्ला, परोहा न.पा. वडा नं. ७ बाबु : शेख इवनेसउद बाजे : से साफि महमद	**४) शेख फैजुल्लाह** ठेगाना: रौतहट जिल्ला, परोहा न.पा. वडा नं. ७ बाबु : सेख अवुलैस बाजे : शेख इवनेसउद
५) रबीना खातुन स्थायी ठेगाना : रौतहट जिल्ला, नरकटीया गा.वि.स. वडा नं. २ हालको ठेगाना : रौतहट जिल्ला, परोहा न.पा. वडा नं. ७ बाबु : शे. मोफिज ससुरा : शेख इवनेसउद पति : शेख तवरेज आलम		**६) अनजुमैरा खातुन** स्थायी ठेगाना : रौतहट जिल्ला, नरकटीया गा.वि.स. वडा नं. २ हालको ठेगाना : रौतहट जिल्ला, परोहा न.पा. वडा नं. ७ बाबु : सेख मोजाहिर ससुरा : शेख इवनेसउद पति : सेख अवुलैस	

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय : बागबजार, काठमाण्डौ फोन: ०१-४२५२२६०	शाखा कार्यालय: बनेपा, काभ्रेपलाञ्चोक फोन: ०११-६६०७०१	शाखा कार्यालय भरतपुर, चितवन फोन: ०५६-५३३२४०/४२

को

शाखा कार्यालय बागबजार, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०८/०७ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय बागबजार, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरूको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, बबरमहल, काठमाण्डौंमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६४/०४/२१ मा प्रा.फ.र.नं. ७८७९६/६४/६५ स्था. व्या. कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २२, सुन्धारा स्थित **नमस्ते फेशन** **प्रोप्राइटर : केशरी माया दर्लामी मगर**

२. ऋणीको विवरण

कृष्ण बहादुर दर्लामीको बुहारी, हरि बहादुर दर्लामीको पत्नी, रामेछाप जिल्ला, तिल्पुङ गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **केशरी माया दर्लामी मगर (ना.प्र.प.नं.: ३७८९१, रामेछाप)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. खड्ग बहादुर दर्लामी मगरको नाति, कृष्ण बहादुर दर्लामीको छोरा, रामेछाप जिल्ला, तिल्पुङ गा.वि.स./न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **हरि बहादुर दर्लामी (ना.प्र.प.नं.: २०४२८, रामेछाप)**
२. कृष्ण बहादुर दर्लामीको बुहारी, हरि बहादुर दर्लामीको पत्नी, रामेछाप जिल्ला, तिल्पुङ गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **केशरी माया दर्लामी मगर (ना.प्र.प.नं.: ३७८९१, रामेछाप)**

धितोमा रहेको सम्पत्तिको विवरण

१. **केशरी माया दर्लामी मगरको** नाममा मालपोत कार्यालय मनमैजु, काठमाण्डौंको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला, धर्मस्थली गा.वि.स./न.पा. वडा नं. ५ ग स्थित कित्ता नं. ५०७ को क्षेत्रफल ०-८-२-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
२. **केशरी माया दर्लामी मगरको** नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौंको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १६ स्थित कित्ता नं. ३३ को क्षेत्रफल ११९.८१ (ब.मि) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

नोट: माथि उल्लेखित दुबै ऋणीहरुको लागि धितोमा रहेको सम्पत्तिको विवरण र व्यक्तिगत जमानतकर्ताहरु एकै भएको ।

३. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति: २०७४/०९/१६ मा दर्ता नं. १८०८९७/०७४/०७५ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. १, गागलफेदी स्थित दर्ता कार्यालय रहेको **माउन्ट एभरेष्ट बर्ड एण्ड एग्रिकल्चर फार्म प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. हर्क बहादुर गजमेरको नाति, कृष्ण बहादुर गजमेरको छोरा, काठमाण्डौ जिल्ला, चन्द्रागिरी गा.वि.स./न.पा. वडा नं. १५ स्थित स्थायी ठेगाना भएको **सुक बहादुर गजमेर (ना.प्र.प.नं. ३५-५८४३, काठमाण्डौ)**
२. केशर बहादुर क्षेत्रीको नाति, धन बहादुर क्षेत्रीको छोरा, काठमाण्डौ जिल्ला, जोरपाटी गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **प्रकाश क्षेत्री (ना.प्र.प.नं. ३२३९९/४१४१५, काठमाण्डौ)**
३. हर्क बहादुर गजमेरको बुहारी, कृष्ण बहादुर गजमेरको पत्नी, चितवन जिल्ला, गुन्जनगर गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **डिल माया कामी (ना.प्र.प.नं. २३७, चितवन)**
४. केशर बहादुर क्षेत्रीको नाति, धन बहादुर क्षेत्रीको छोरा, काठमाण्डौ जिल्ला, जोरपाटी गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **सुवास क्षेत्री (ना.प्र.प.नं. ४४/३६५११/४१३९६, काठमाण्डौ)**
५. धन बहादुर क्षेत्रीको बुहारी, प्रकाश क्षेत्रीको पत्नी, काठमाण्डौ जिल्ला, जोरपाटी गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **दिपा पौडेल क्षेत्री (ना.प्र.प.नं. ९९०१०९२०/४१७६०, काठमाण्डौ)**
६. धन बहादुर क्षेत्रीको बुहारी, सुवास क्षेत्रीको पत्नी, काठमाण्डौ जिल्ला, जोरपाटी गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **अम्बिका पनेरु क्षेत्री (ना.प्र.प.नं. ४८५/०४४/४१४१३/४२३८९, काठमाण्डौ)**
७. कृष्ण बहादुर गजमेरको बुहारी, सुक बहादुर गजमेरको पत्नी, काठमाण्डौ जिल्ला, चन्द्रागिरी गा.वि.स./न.पा. वडा नं. १५ स्थित स्थायी ठेगाना भएको **विन्दु वि.क. गजमेर (ना.प्र.प.नं. ४४३३१, काठमाण्डौ)**

धितोमा रहेको सम्पत्तिको विवरण

१. **डिल माया कामीको** नाममा मालपोत कार्यालय चनौली, चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, गुन्जनगर गा.वि.स/न.पा. वडा नं. ८ घ स्थित कित्ता नं. १२७ को क्षेत्रफल ०-४-३-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
२. **सुक बहादुर गजमेरको** नाममा मालपोत कार्यालय चनौली, चितवनको लगतमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, गुन्जनगर गा.वि.स/न.पा. वडा नं. १ क स्थित कित्ता नं. १५८६ को क्षेत्रफल ०-२-५-० (बिघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
३. **सुवास क्षेत्री र प्रकाश क्षेत्रीको** सयुंक्त नाममा मालपोत कार्यालय चावहिल, काठमाडौंको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला, साबिक जोरपाटी गा.वि.स/न.पा. वडा नं. २ स्थित कित्ता नं. १९१ को क्षेत्रफल ११३.१४ (ब.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

४. ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

हरि बहादुर श्रेष्ठ नाति, शिव बहादुर श्रेष्ठको छोरा, सिन्धुपाल्चोक जिल्ला, टेकनपुर गा.वि.स. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **कुमार श्रेष्ठ (ना.प्र.प.नं. २४३०१५/२३२, सिन्धुपाल्चोक)** र शिव बहादुर श्रेष्ठको बुहारी, कुमार श्रेष्ठको पत्नी, सिन्धुपाल्चोक जिल्ला, टेकनपुर गा.वि.स. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **शान्ती श्रेष्ठ (ना.प्र.प.नं. २४३०१५/२३७, सिन्धुपाल्चोक)** को संयुक्त नाममा ।

धितोमा रहेको सम्पत्तिको विवरण

शान्ती श्रेष्ठ र कुमार श्रेष्ठको संयुक्त नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकको लगतमा दर्ता श्रेस्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला, नासीका स्थान सांगा गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. ३६९४ र ३८२५ को क्रमशः क्षेत्रफल ०-०-२-३ र ०-३-३-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/०८/०७ गते बिहिबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु बागबजार, काठमाण्डौ, बनेपा, काभ्रेपलाञ्चोक र भरतपुर, चितवनबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८०/०८/२१ गते बिहिबार कार्यालय समय भित्र ऋणीको विवरण नं. ३ को धितोको विवरण नं. १ र २ को हकमा यस बैंकको शाखा कार्यालय भरतपुर, चितवनमा तथा ऋणीको विवरण नं. ४ को धितोको हकमा शाखा कार्यालय बनेपा, काभ्रेपलाञ्चोकमा र अन्य सम्पूर्ण धितोमा रहेको सम्पतिहरुको हकमा यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाधि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरू उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८०/०८/२२ गते शुक्रबार दिउँसो १:०० बजे ऋणीको विवरण नं. ३ को धितोको विवरण नं. १ र २ को हकमा यस बैंकको शाखा कार्यालय भरतपुर, चितवनमा तथा ऋणीको विवरण नं. ४ को धितोको हकमा शाखा कार्यालय बनेपा, काभ्रेपलाञ्चोकमा र अन्य सम्पूर्ण धितोमा रहेको सम्पतिहरुको हकमा यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु बागबजार, काठमाण्डौ, बनेपा, काभ्रेपलाञ्चोक र भरतपुर, चितवनमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

मर्जरपछि पनि बिमाको पहुँच र नयाँ व्यवसायमा गिरावट, बढ्यो पोलिसी सरेन्डर

मिलन विश्वकर्मा/नयाँ पत्रिका

बिग मर्जरपछि बिमा क्षेत्रमा उत्साह आउन नसकेको देखिएको छ। गत आवमा देखिएको मर्जर लहरले बिमा क्षेत्रमा उत्साह आउने अपेक्षा गरिए पनि चालू आवको पहिलो त्रैमासमा बिमा व्यवसायमा संकुचन देखिएको छ। यो अवधिमा निर्जीवन बिमा व्यवसाय ३.५८ प्रतिशतले घटेको छ भने जीवन बिमा (प्रथम बिमाशुल्क) मा ५.२५ प्रतिशतको ह्रास देखिएको छ। यति मात्रै होइन, बिमा पोलिसी समर्पण (सरेन्डर) गर्ने बिमितको संख्या झन् बढ्दै गएको छ। फलस्वरूप असोज मसान्तसम्म बिमितको संख्या अर्थात् बिमाको पहुँच घटेको तथ्यांकले देखाएको छ। नियामक निकाय नेपाल बिमा प्राधिकरणको तथ्यांकअनुसार मर्जरपछि बिमा क्षेत्रमा उल्टै निराशा अर्थात् 'डाउन ट्रेन्ड' देखिएको हो।

नेपाल बिमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले सार्वजनिक रूपमै मर्जर र पुँजी बढाउने नीतिले बिमा क्षेत्रमा सिनर्जी आउने दाबी गरेका थिए। तर, चालू आवको पहिलो तीन महिना बित्दा बिमा क्षेत्रमा अपेक्षाकृत नतिजा भने देखिएको छैन। अघिल्ला आवहरूमा बिमा व्यवसायको वृद्धिदर दोहोरो अंकमा थियो। तर, गत आवमा त्यो एकल अंकमा अर्थात् कुल बिमा व्यवसाय २.८५ प्रतिशतले मात्रै बढेको थियो। मर्जरका कारण चालू आवदेखि भने व्यवसाय बढ्ने आशा बिमा क्षेत्रमा थियो। तर, पहिलो त्रैमाससम्मको तथ्यांकले भने बिमा क्षेत्रमा निराशा देखाएको छ।

गत आवको पहिलो त्रैमासमा निर्जीवन बिमा कम्पनीहरूको बिमा शुल्क संकलन १० अर्ब ८४ करोड २४ लाख रुपैयाँ थियो। तर, चालू आवमा ३८ करोड घटेर १० अर्ब ४५ करोड ४७ लाखमा सीमित भएको छ। समीक्षा अवधिमा निर्जीवन बिमा लेखको संख्या पनि ०.७३ प्रतिशतले घटेको छ। गत आवको पहिलो त्रैमासमा ६ लाख ८९ हजार चार सय ६८ वटा निर्जीवन बिमालेख जारी भएको थियो। अहिले त्यो ६ लाख ८४ हजार चार सय ३६ वटामा सीमित भएको छ।

यसैगरी, गत आवको पहिलो त्रैमासमा जीवन बिमा कम्पनीहरूले सात अर्ब नौ करोड ५५ लाख रुपैयाँबराबरको नयाँ व्यवसाय गरेका थिए। तर, चालू आवको पहिलो त्रैमासमा जीवन बिमा कम्पनीको नयाँ व्यवसाय ६ अर्ब ७२ करोड २६ लाखमा सीमित भएको छ। यद्यपि, नवीकरण र वैदेशिक रोजगारसहितको कुल जीवन बिमा व्यवसाय भने १४.०५ प्रतिशतले बढेको छ। गत आवको समीक्षा अवधिमा ३५ अर्ब ७७ करोड ६८ लाख रुपैयाँबराबरको कुल जीवन बिमा व्यवसाय भएका थियो। चालू आवको समीक्षा अवधिमा भने त्यो बढेर ४० अर्ब ८० करोड ४६ लाख रुपैयाँ पुगेको छ। मुख्यतः नवीकरण व्यवसायका कारण कुल जीवन बिमा व्यवसाय बढेको देखिन्छ। नयाँ जीवन बिमा व्यवसायमा भने ह्रास नै देखिएको छ। नवीकरण व्यवसाय पनि सन्तोषजनक नभएको कम्पनीहरू बताउँछन्।

■ २९.२१% ले बढ्यो पोलिसी सरेन्डर

चालू आवको पहिलो त्रैमासमा बिमा पोलिसी सरेन्डर गर्ने बिमितको संख्या २९.२१ प्रतिशतले बढेको छ। गत आवको पहिलो तीन महिनामा २२ हजार पाँच सय ३७ जनाले बिमा पोलिसी सरेन्डर गरेका थिए। चालू आवको पहिलो तीन महिनामा त्यस्तो संख्या २९ हजार एक सय २० पुगेको छ। रकमका आधारमा भने यस्तो सरेन्डर १९ प्रतिशतले बढेको छ। गत आवको असोज मसान्तसम्म तीन अर्ब सात करोड ४५ लाख रुपैयाँबराबरको पोलिसी सरेन्डर भएको थियो। यसपालि तीन अर्ब ६४ करोड ८२ लाख रुपैयाँबराबरको पोलिसी सरेन्डर भएको प्राधिकरणको तथ्यांकमा उल्लेख छ।

यो वर्ष साउनमा एक अर्ब २८ करोड ३३ लाखबराबरको नौ हजार सात सय ९८, भदौमा एक अर्ब १८ करोड २० लाख बराबरका नौ हजार तीन सय ८६ र असोजमा एक अर्ब १८ करोड २९ लाख बराबरको नौ हजार नौ सय ३६ वटा पोलिसी सरेन्डर भएका छन्।

आममानिसले निश्चित अवधि तोकेर जीवन बिमा गर्ने गर्छन्। बिमा कम्पनीले पनि सोही अवधिभर नै सम्बन्धित बिमितको जोखिम कभर गर्छ। तर, उक्त अवधि नसकिँदै बिमितहरूले पोलिसी बन्द (सरेन्डर) गरेर आफूले पाउनुपर्ने रकम फिर्ता पनि लैजान सक्छन्। यस्तो प्रवृत्ति पछिल्लो समय बढ्दै गएको कम्पनीहरू बताउँछन्। पोलिसी सरेन्डर गर्दा बिमितले तिरेको बिमा शुल्क र पोलिसी सरेन्डर गर्ने मितिसम्मको बोनस रकम एकमुस्ट बिमितलाई भुक्तानी गरिन्छ। त्यसपछि पोलिसी बन्द हुनेछ।

■ घट्यो बिमा पहुँच

यसपालि बिमाको दायरामा भएको नेपालीको संख्या अर्थात् बिमा पहुँच नै घटेको छ। सरेन्डरदर बढेको कारण यसअघि बिमाको दायरामा रहेका नेपाली पनि अहिले बिमाको दायराभन्दा बाहिर छन्।



यी हुन् बिमा क्षेत्रको निराशा देखाउने तथ्यांक (रकम रु. करोडमा)

सूचक	असोज ०७९	असोज ०८०	परिवर्तन
निर्जीवन बिमा शुल्क	१०८४.२४	१०४५.४७	-३.५८%
प्रथम जीवन बिमा शुल्क	७०९.५५	६७२.२६	-५.२५%
बिमा पहुँच (प्रतिशतमा)	४३.६२%	४३.४२%	-०.२% बिन्दु
पोलिसी सरेन्डर (संख्यामा)	२२५३७	२९१२०	२९.२१%
पोलिसी सरेन्डर (रकममा)	३०७.४५	३६४.८२	१९%

स्रोतः नेपाल बिमा प्राधिकरण

गत आवको असोजसम्ममा ४३.६२ प्रतिशत र असार मसान्तसम्ममा ४४.३८ प्रतिशत नेपाली बिमाको पहुँचमा थिए। तर, चालू आवको असोजसम्म आउँदा बिमाको पहुँच घटेर ४३.४२ प्रतिशतमा सीमित भएको छ। पुराना पोलिसीको सरेन्डर बढ्ने र नयाँ पोलिसीको बिक्री घट्ने समस्याले यस्तो अवस्था आएको जानकारवालाहरू बताउँछन्।

■ यसकारण भए कम्पनी मर्जर

विशेषगरी, चुक्तापुँजी बढाउने नीति ल्याएपछि बिमा कम्पनीहरू मर्जरमा गएका थिए। यसअघि जीवन बिमा कम्पनीको दुई अर्ब र निर्जीवन बिमा कम्पनीको एक अर्ब रुपैयाँ न्यूनतम चुक्तापुँजी हुनुपर्ने व्यवस्था थियो। अहिले जीवन बिमा कम्पनीको पाँच अर्ब र निर्जीवन बिमा कम्पनीको दुई अर्ब ५० करोड न्यूनतम चुक्तापुँजी हुनुपर्ने व्यवस्था छ। त्यसपछि अधिकांश कम्पनीले मर्जरमार्फत चुक्तापुँजी बढाएका छन्। मर्जरमार्फत १९ जीवन बिमा कम्पनी र २० निर्जीवन बिमा कम्पनीको संख्या १४-१४ वटामा झरेको छ।

मर्जरमा नगएका कम्पनीहरू पनि हकप्रद, सम्पत्ति बिक्री, साझेदारलगायतका माध्यमबाट पुँजी बढाउँदै छन्।

यसरी बिमा कम्पनीको चुक्तापुँजीलगायतका वित्तीय सूचक बढेको मात्रै छैन, व्यवसाय विस्तार गर्ने क्षमता पनि बढेको छ। सञ्चालन खर्च, शाखा संख्या र कर्मचारी संख्यामा आएको कमीले कम्पनीलाई व्यवसाय विस्तारमा लगानी गर्ने सहज अवस्था आएको छ। सोही कारण मर्जरपछि बिमा क्षेत्रमा नयाँ सिनर्जी आउने, व्यवसाय विस्तार हुने आमअपेक्षा थियो।

■ किन देखिएन उत्साह ?

मुख्यतः अर्थतन्त्रमा देखिएको शिथिलताले नै बिमा क्षेत्रमा मर्जरको प्रभाव नदेखिएको सरोकारवालाहरू बताउँछन्। प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले आर्थिक शिथिलताका कारण मर्जरको फाइदा लिन नसकिएको बताए। 'मर्जरपछि बिमा कम्पनीहरू बलियो बनेका छन्। तर, आर्थिक शिथिलताका कारण मर्जरको फाइदा लिन सकिएको छैन,' उनले भने, 'पछिल्लो परिस्थिति हेर्दा मर्जरको फाइदा देखिन केही समय लाग्ने देखिन्छ।'

निर्जीवन बिमा व्यवसाय प्रत्यक्ष रूपमा देशको आर्थिक गतिविधिसँग सम्बन्धित हुन्छ। किनकि, अधिकांश निर्जीवन बिमा व्यवसाय आर्थिक गतिविधि (उद्योग, उद्योगको उत्पादन, निर्माण, आयात तथा निर्यात, अटो)सँग सम्बन्धित हुन्छ। निर्जीवन बिमामा सबैभन्दा धेरै हिस्सा सवारी बिमाको छ। तर, पछिल्लो समय देखिएको आर्थिक संकटका कारण उद्योगहरूको उत्पादन घटेको छ। त्यसले गर्दा स्वतः बिमा कम भएको छ।

यसैगरी, निर्माण क्षेत्र पनि खस्किँदा इन्जिनियरिङ बिमा प्रभावित भएको छ। आयात र निर्यातमा पनि कमी आउँदा ढुवानी बिमा प्रभावित भएको छ। साथै, सवारीसाधनको खरिद-बिक्रीमा कमी आउँदा सवारी बिमा कमी आएको छ। त्यसमाथि तत्काल आर्थिक गतिविधि चलायमान हुने संकेत पनि देखिएको छैन। बैंकको कर्जा प्रवाह पनि न्यून छ। त्यसैले बिमा क्षेत्रमा मर्जरको प्रभाव नदेखिएको नेपाल बिमक संघका अध्यक्ष चंकी क्षेत्रले बताए। 'मुख्यतः आर्थिक संकटकै कारण बिमा क्षेत्रमा मर्जरको प्रभाव देखिएको छैन। मर्जरको प्रभाव देखिन न्यूनतम दुई वर्ष लाग्ने देखिन्छ,' मर्जर कम्पनी सगरमाथा लुम्बिनीको सिइओसमेत रहेका उनले भने, 'बिमा क्षेत्रको विकास हुन आर्थिक गतिविधि बढ्नैपर्छ।'

यसैगरी, अर्थतन्त्रसँग जीवन बिमा व्यवसायको पनि प्रत्यक्ष सरोकार हुन्छ। पछिल्लो समय देखिएको आर्थिक शिथिलताले आमउपभोक्ताको क्रयशक्ति घटेको छ। त्यसले गर्दा नयाँ बिमा पोलिसीको बिक्री घटेको छ।

बिमितहरूले ठुल्ठूलो रकमको बिमाको प्रिमियम बैंकबाट कर्जा लिएर नै तिर्ने गर्छन्। तर, पछिल्लो समय बैंकबाट कर्जा प्रवाह नहुँदा ग्राहकहरूले प्रिमियम तिर्न सकेका छैनन्। फलस्वरूप, बिमा पोलिसी नवीकरण नहुने समस्या देखिएको छ। उल्टै घरखर्च धान्न बिमितहरूले बिमा पोलिसी बन्द गर्ने प्रवृत्ति बढेको छ।

फलस्वरूप बिमामा मर्जरको सिनर्जी नदेखिएको कम्पनीहरू बताउँछन्। समग्रमा पछिल्लो समय देखिएको आर्थिक शिथिलताकै कारण मर्जरको फाइदा लिन नसकेको मर्जर कम्पनी हिमालयन लाइफका सिइओ मनोजकुमार लाल कर्णले बताए।

आर्थिक शिथिलताले गर्दा मर्जरको फाइदा लिन सकिएन

राजुरमण पौडेल
कार्यकारी निर्देशक, नेपाल बिमा प्राधिकरण

मर्जरपछि बिमा कम्पनीहरू बलियो बनेका छन्। तर, आर्थिक शिथिलताका कारण मर्जरको फाइदा लिन सकिएको छैन, पछिल्लो परिस्थिति हेर्दा मर्जरको फाइदा देखिन केही समय लाग्ने देखिन्छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

'सेयर र जग्गामा कर्जा बढ्दा अर्थतन्त्रमा समस्या देखियो'



काठमाडौं/ अर्थमन्त्री डा. प्रकाशशरण महतले घरजग्गा र सेयरमा कर्जा प्रवाह बढी भएको कारण अर्थतन्त्रमा समस्या देखिएको बताएका छन्। मध्यपुरथिमि नगरपालिकाले शंखधर साख्वा दिवसको अवसरमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री डा. महतले यस्तो बताएका हुन्। 'हिजोको दिनमा धेरै ऋण प्रवाह गरियो, धेरै मानिसले जग्गा र सेयरमा लगानी गरे। यसैको प्रतिफल अहिले हातमा नगद छैन, ऋण तिर्न धौधौ परेको छ,' उनले भने, 'जसले धेरै ऋण लिएका थिए, ऊ नै किन तिर्ने भन्दै हिँडिरहेका छन्।'

ऋणको दुरुपयोग गर्नेलाई राज्यले नछोड्ने उल्लेख गर्दै समस्यामा परेकाहरूलाई सहजीकरण गर्ने उनको भनाइ छ। 'दुरुपयोग गर्नेको कुरा छाडौँ, तर कोही गर्दागर्दै पनि साँच्चिकै समस्यामा परेका छन्। जो काम गर्न खोज्दाखोज्दै विविध परिस्थितिले अप्ठ्यारोमा परे त्यसलाई राज्यले हेर्नेछ। ऋण लिने, दश ठाउँमा लगानी गर्ने, तर तिर्दिनँ भन्न पाइँदैन।'

उनले रेमिट्यान्स र पर्यटक आगमनका कारण अर्थतन्त्र सकारात्मक दिशातर्फ केन्द्रित भएको बताए। उनले भने, 'हाम्रो अर्थतन्त्र बिस्तारै सकारात्मक दिशामा गइरहेको छ। विप्रेषण आइरहेको छ, अहिले पर्यटक सबैभन्दा धेरै आइरहेका छन्। सरकारले सडक सञ्जाल विस्तार गरेको छ, यसले आर्थिक रूपान्तरणमा ठूलो सहयोग पुग्नेछ।' मध्यपुरथिमिमा खानाको परिकार पनि विशिष्ठ खालको भएको उनले बताए। उनले भने, 'मध्यपुरथिमिको समृद्धिसँगै यहाँको घरहरू, पाटी पौवालगायत विशिष्ट कलाले सुसज्जित छन्। नेपालको पहिचान भनेर देखाउने भनेको यही हो। यसको सम्मान मात्रै होइन, यसको संरक्षण पनि गर्नुपर्छ।'

चोभार सुक्खा बन्दरगाह सञ्चालनको जिम्मा ट्रान्स नेपाललाई

पौने तीन करोडको ठेक्का, पाँच वर्षसम्म सञ्चालन तथा व्यवस्थापनको जिम्मा

नयाँ पत्रिका

चोभार सुक्खा बन्दरगाह सञ्चालनको जिम्मा निजी क्षेत्रले पाएको छ। काठमाडौंको एक मात्रै सुक्खा बन्दरगाह सञ्चालन तथा व्यवस्थापनको जिम्मा ट्रान्स नेपाल फ्रेट सर्भिस जेभीले पाएको हो।

ट्रान्स नेपाल फ्रेट सर्भिस जेभी नेपाल र भारतका कम्पनीको संयुक्त उपक्रम (जेभ) रहेको कम्पनी हो। जसमा नेपालको ट्रान्स नेपाल फ्रेट सर्भिस र भारतको टिआरएस लिफ्ट एन्ड सिफ्ट प्रालि रहेका छन्। कम्पनीले पाँच वर्षका लागि पौने तीन करोड रुपैयाँमा पट्टाबन्दरगाह सञ्चालन तथा व्यवस्थापनको जिम्मा पाएको हो।

काठमाडौं र आसपासबाट हुने आयात-निर्यात व्यापारलाई लक्षित गरेर सरकारले निर्माण गरेको चोभार सुक्खा बन्दरगाह २२ चैत ०७८ देखि नेपाल इन्टरमोडेल यातायात विकास समितिले सञ्चालन तथा व्यवस्थापन गर्दै आएको थियो।

टर्मिनल पट्टाबहालमा दिनेसम्बन्धी नियमावली, २०७० बमोजिम सुक्खा बन्दरगाहको सञ्चालनको जिम्मा प्रतिस्पर्धामार्फत निजी कम्पनीलाई दिइएको समितिका कार्यकारी निर्देशक आशिष गजुरेलले बताए। 'नियमावलीमा व्यवस्थापन र सञ्चालन प्रतिस्पर्धात्मक प्रणालीमार्फत छनोट भई आएको कम्पनीमार्फत सञ्चालन गर्नुपर्ने स्पष्ट प्रावधान छ,' उनले भने, 'सोहीअनुसार हामीले बोलपत्र आह्वान गर्‍यौँ र प्रतिस्पर्धाबाट छनोट भएको कम्पनीलाई सार्वजनिक निजी साझेदारी (पिपिपी) मोडेलमा पाँच वर्षका लागि भाडामा सञ्चालन गर्न जिम्मा दिन लागिएको हो।' कम्पनीसँग चाँडै करार सम्झौता गरी चोभार सुक्खा बन्दरगाहको सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण गरिने उनले बताए।

समितिले चोभार सुक्खा बन्दरगाहको सञ्चालन तथा व्यवस्थापनका लागि ८ साउन ०८० मा अन्तर्राष्ट्रियस्तरको बोलपत्रको आह्वान गरेको थियो। बोलपत्रउपर दुईवटा कम्पनी ट्रान्स नेपाल र न्यु नेपाल ढुवानी सेवाले प्रतिस्पर्धामा भाग लिएका थिए। प्रतिस्पर्धीमध्ये मूल्यांकनबाट पाँच वर्षका लागि दुई करोड ८८ लाख रकम न्यूनतम पट्टाबहाल र नियमानुसार महसुल बाँडफाँट गर्ने गरी चोभार सुक्खा बन्दरगाह सञ्चालनको जिम्मा ट्रान्स नेपालले पाएको हो।

चोभार सुक्खा बन्दरगाह सञ्चालन सुरु भएको करिब २० महिनाको अवधिमा व्यापारिक प्रयोगमा वृद्धि भइरहेको छ। निजी क्षेत्रबाट हुने प्रभावकारी सञ्चालन एवं व्यवस्थापनले व्यापार सहजीकरण हुनुका साथै नेपाल सरकारलाई प्राप्त हुने राजस्वमा तुलनात्मक वृद्धि हुने उनले बताए। यद्यपि, उक्त सुक्खा बन्दरगाह पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन नेपाल सरकारका निकायबीच समन्वय आवश्य रहेको उनले बताए। 'यसको अलावा चोभार सुक्खा बन्दरगाहलाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउनका लागि बल्खु-दक्षिणकाली सडक खण्डको कीर्तिपुरस्थित ल्याबोरेटरी उच्च माध्यमिक विद्यालयको मुख्य द्वारदेखि चोभार सुक्खा बन्दरगाहसम्मको सडक चौडा गरी चार लेनको बनाउने कार्य र निजगड-काठमाडौं द्रुतमार्गको कार्य चाँडो सम्पन्न गर्न अत्यावश्यक रहेको छ,' कार्यकारी निर्देशक गजुरेलले भने।

व्यवसाय प्रवर्द्धनमा सहजीकरण गर्न राष्ट्र बैंकको निर्देशन

ऋण तिर्दिनँ भन्नेलाई बैंकिङ कसुरको दायरामा ल्याउनुपर्छ : गभर्नर अधिकारी

नयाँ पत्रिका

शिथिल अर्थतन्त्रलाई सुधार गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले ११ बुँदे घोषणा सार्वजनिक गरेको भोलिपल्टै नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले उद्यम-व्यवसायको प्रवर्द्धनमा सहजीकरण गरिदिन बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिएका छन्। बुधबार वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीसम्बद्ध बैंकर्स संघका अध्यक्ष तथा प्रतिनिधिहरूसँग अन्तर्क्रिया गर्दै उनले परिस्थितिजन्य कारणले अप्ठ्यारोमा परेका उद्यम तथा व्यवसायलाई सहयोग गर्न निर्देशन दिएका हुन्।

अर्थतन्त्रको सुधार गर्ने उद्देश्यसहित प्रधानमन्त्री प्रचण्डले मंगलबार ११ बुँदे घोषणा गरेका थिए। मंगलबार सरकारका विभिन्न निकायका प्रतिनिधि तथा निजी क्षेत्रसँग छलफल गरेपछि प्रधानमन्त्री प्रचण्डले बैंक तथा वित्तीय संस्थाबाट ऋण लिई सदुपयोग गरेका, तर आर्थिक शिथिलताका कारण ऋण भुक्तानी गर्न समस्या भएका ऋणीहरूको हकमा नेपाल राष्ट्र बैंकले अध्ययन गरी ऋण भुक्तानीमा सहजीकरण गर्ने घोषणा गरेका थिए। त्यसबाट ऋणीहरूलाई ठूलो राहत मिल्ने उनको भनाइ थियो। त्यसको भोलिपल्टै अर्थात् बुधबार गभर्नर अधिकारीले बैंकहरूलाई उद्यम-व्यवसायको प्रवर्द्धनका निम्ति आवश्यक सहजीकरण गर्न निर्देशन दिएका हुन्।



'असल मनसायले व्यवसाय सञ्चालन गर्दागर्दै पनि अर्थतन्त्रको प्रतिकूल अवस्था र परिस्थितिजन्य कारणले कसैलाई अफ्ठ्यारो परेको छ भने त्यस्ता व्यवसायीलाई सहजीकरण गरिदिनुस्,' उनले भने, 'उद्योग-व्यवसाय सहज रूपमा सञ्चालन हुने आवश्यक वातावरण बनाऔँ। त्यसका निम्ति आवश्यक नीतिगत समन्वय र अभिभावकत्व ग्रहण गर्न राष्ट्र बैंक सधैँ तयार छ।'

यद्यपि, गभर्नर अधिकारीले तत्काल के-कस्तो सुविधा दिने भनेर तोकेका भने छैनन्। अर्थतन्त्रमा देखिएको शिथिलतालाई दृष्टिगत गर्दै राष्ट्र बैंकले आगामी पुस मसान्तसम्मका लागि ऋण पुनर्तालिकीकरण र पुनर्संरचना गर्ने सुविधा यसअघि नै ल्याइसकेको छ। बुधबारको छलफलबाट अब थप के-कस्ता व्यवस्था तथा सुविधा ल्याउने भनेर राष्ट्र बैंकले बैंकहरूसँग सुझाव पनि मागेको छ। बैंकहरूलाई आगामी आइतबारसम्म आवश्यक सुझाव पेस गर्न भनिएको छ। त्यसरी आउने सुझावकै आधारमा थप नीतिगत निर्णय गरिने राष्ट्र बैंकका प्रवक्ता डा. गुणाकर भट्टले जानकारी दिए।

'अर्थतन्त्र अप्ठ्यारोमा हुँदा, त्यसको असर बैंकहरूमा पनि पर्छ। त्यसैले अहिले अर्थतन्त्रमा देखिएको शिथिलतालाई हामीले बेवास्ता गर्ने कुरा हुँदैन। सोहीअनुसार यसअघि पनि उद्यम-व्यवसायलाई सहजता प्रदान गर्न विभिन्न सुविधा ल्याइसकेका छौँ। यद्यपि, त्यो पर्याप्त नहुन सक्छ। त्यसैले बैंकहरूलाई आइतबारसम्म यसबारे थप सुझाव मागेका छौँ,' उनले भने, 'उनीहरूबाट आएको सुझावका आधारमा थप निर्णय गर्नेछौँ।'

यसैगरी, गभर्नर अधिकारीले वित्तीय स्थायित्वमा असर पार्ने गरी वित्तीय क्षेत्रविरुद्ध हुने अवाञ्छित गतिविधिप्रति कुनै किसिमको सम्झौता हुन नसक्ने पनि बताए। बैंकको ऋण नतिर्ने भन्दै विभिन्न समूहले वित्तीय क्षेत्रविरुद्ध आन्दोलन गर्न थालेका छन्। सोही विषयलाई लक्षित गर्दै उनले यस्तो बताएका हुन्।

अन्तर्क्रियामा नेपाल बैंकर्सहरूले पछिल्लो समय कर्जाको साावाँ-ब्याज असुली तथा खराब कर्जाको व्यवस्थापन चुनौतीपूर्ण रहेको बताएका थिए।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय पुरानो भन्सार, धनगढीको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०८/०७ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय पुरानो भन्सार, धनगढीबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **८ औं दिन अर्थात मिति २०८० मंसिर १४ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय पुरानो भन्सार, धनगढीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीहरुको विवरणः

१. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी, कैलालीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम, दर्ता नं. ११८२७/०६३/६४ अन्तर्गत मिति २०६३/०५/१९ मा दर्ता कायम भएको कैलाली जिल्ला, धनगढी उ.म.न.पा., वडा नं. ०४, कैलाली स्थित रजिष्टर्ड कार्यालय रहेको **एभरेष्ट डिजिटल एण्ड सप्लायर्स** (प्रोप्राईटर सर्प सिँह कुवरको नाति, गोरख बहादुर कुवरको छोरा, खुश्वु के.सी.को पति, अछाम जिल्ला, बुढाकोट गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा, वडा नं. ०४ बस्ने **जगत बहादुर कुवर**, ना.प्र.नं.२२४०७, जारी मिति २०५९/०१/१८, जिल्ला प्रशासन कार्यालय अछाम)।
२. सर्प सिँह कुवरको नाति, गोरख बहादुर कुवरको छोरा, खुश्वु के.सी.को पति, अछाम जिल्ला बुढाकोट गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा, वडा नं. ०३ बस्ने **जगत बहादुर कुवर** (ना.प्र.नं.२२४०७, जारी मिति २०५९/०१/१८, जिल्ला प्रशासन कार्यालय अछाम)।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. डम्मर बहादुर के.सी.को नातिनी, मोहन बहादुर के.सी.को छोरी, जगत बहादुर कुवरको पत्नी, कैलाली जिल्ला, धनगढी उ.म.न.पा वडा नं. ०१ स्थायी ठेगना भइ हाल कैलाली जिल्ला, धनगढी उ.म.न.पा, वडा नं. ०४ बस्ने **खुश्वु के.सी.** (ना.प्र.नं.५९५७४, जारी मिति २०६१/०३/२१, जिल्ला प्रशासन कार्यालय कैलाली)।

लिलाम हुने सम्पत्तिको विवरणः

१. **खुश्वु के.सी.**को नाममा मालपोत कार्यालय, धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा, वडा नं. ०४ स्थित कित्ता नं. ४०० को जग्गा क्षेत्रफल ३४०.०० (व.मी) घर/जग्गा र सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **खुश्वु के.सी.**को नाममा मालपोत कार्यालय, धनगढी, कैलालीमा दर्ता कायम रहेका कैलाली जिल्ला, चुहा न.पा, वडा नं. ०१ स्थित कित्ता नं. ९०९ को जग्गा क्षेत्रफल ३३८६.४० (व.मी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले **मितिले ७ (सातौं) दिन अर्थात २०८० मंसिर १३ गते** भित्र बैंकको शाखा कार्यालय पुरानो भन्सार, धनगढीमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय पुरानो भन्सार, धनगढीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको मितिले **८ औं दिन अर्थात मिति २०८० मंसिर १४ गते ०३:००** बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय पुरानो भन्सार, धनगढीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय पुरानो भन्सार, धनगढीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० मंसिर १४ गते बिहीबार अपरान्ह ०३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय पुरानो भन्सार, धनगढी फोन नं. ०९१- ५२६१५६

अपर बलेफी जलविद्युत्को विद्युत् खरिद सम्झौता

काठमाडौं/ सिन्धुपाल्चोकको बलेफी नदीमा प्रस्तावित जलविद्युत् परियोजनाको विद्युत् खरिद सम्झौता भएको छ। गोल्याण ग्रुपको ऊर्जा विभागअन्तर्गत सञ्चालनमा रहेको ४९ मेगावाट क्षमताको अपर बलेफी जलविद्युत् परियोजनाको विद्युत् नेपाल विद्युत् प्राधिकरणसँग खरिद सम्झौता भएको हो।

सम्झौतामा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र हाइड्रोपावरका अध्यक्ष उमेश कसजूले हस्ताक्षर गरेको जनाइएको छ। हस्ताक्षर कार्यक्रममा गोल्याण ग्रुपको ऊर्जा विभागका प्रमुख कार्यकारी अधिकृत प्रवीण अर्याल तथा गोल्याण ग्रुपका प्रमुख वित्तीय अधिकृत सञ्जयकुमार साहको उपस्थिति रहेको उल्लेख छ।

छैटौं लुम्बिनी प्रादेशिक महोत्सव– २०८० सुरु

भैरहवामा **दिपेश पछाई**

उद्योग व्यापार संगठन, रुपन्देहीको आयोजनामा भैरहवामा छैटौं लुम्बिनी प्रादेशिक महोत्सव २०८० सुरु भएको छ। महोत्सवको संघीय सरकारका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले मेलाको उद्घाटन गरेका हुन्।

मेलाको उद्घाटन गर्दै मन्त्री रिजालले देश बनाउनका लागि उद्योगी-व्यवसायीहरूको भूमिका महत्त्वपूर्ण रहेको बताए। 'स्थानीय बजारमा खरिद गरौँ, स्थानीय बजारको प्रवर्द्धन गरौँ, स्वदेशी वस्तुको प्रयोग गरौँ, स्वाभिमानी नेपालीको पहिचान बचाऔँ' भन्ने नाराका साथ सिद्धार्थनगर नगरपालिका- ८ को अञ्चलपुरमा बौल्दै उनले भने, 'तपाईंहरू निराश हुनुपर्ने आवश्यकता छैन। बैंक तथा वित्तीय संस्थाको ब्याजदर घटाउनुपर्छ भन्ने तपाईंहरूको भावना छ, हिजोको प्रधानमन्त्रीज्यूको कुराबाट अवगत हुनुभएको होला, निराश हुनुपर्नेछैन।'

देश आर्थिक संकटमा छ भनिरहँदा उद्योग-व्यापारमा लगानी गर्ने मानिसहरूमा अलि नैराश्यता उत्पन्न भएको आफूले महसुस गरेको उनको भनाइ थियो। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण रूपमा सञ्चालनमा नआउँदा औद्योगीकरण र व्यापार विविधीकरणमा केही असहजता भएको महसुस भएको उनले बताए। उनले भने, 'विमानस्थल पूर्ण सञ्चालनका लागि सरकार प्रयासरत छ। मेरो पनि पहल रहने विश्वास दिलाउन चाहन्छु।'

संघीय सरकारका संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनितादेवी साहले देश विकासका लागि शिक्षाको कुरा उठाउन जरुरी रहेको बताइन्। उनले समग्र विकासका लागि शिक्षाले प्रेरित गर्नेमा जोड दिइन्।

नेपाल चेम्बर अफ कमर्सका केन्द्रीय अध्यक्ष राजेन्द्र मल्लले भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल यथाशीघ्र पूर्ण सञ्चालनमा ल्याउनुपर्ने बताए। एक-आपसमा सहकार्य गरेर अघि बढ्नुपर्ने उनको भनाइ थियो। सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खानले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण सञ्चालनमा नआए आमरण अनशनमा बस्ने चेतावनी दिए।

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय चिप्लेढुङ्गा, पोखराको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०८/०७ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय चिप्लेढुङ्गा, पोखराबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानून बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानूनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीको विवरण:
दयाशंकर पालिखेको बुहारी, विश्व शंकर पालिखेको पत्नी, काठमाण्डौ जिल्ला, काठमाण्डौ नगरपञ्चायत वडा नं. २६ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ०४ बस्ने **सुनयना श्रेष्ठ** (ना.प्र.नं. ६२३/०४२, जारी मिति २०४२/४/८, जिल्ला प्रशासन कार्यालय, काठमाण्डौ)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:
१. जगत सेर पालिखेको नाति, दयाशंकर पालिखेको छोरा, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ०९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ०४ बस्ने **विश्व शंकर पालिखे** (ना.प्र.नं.४७८९, जारी मिति २०४९/१०/१२, जिल्ला प्रशासन कार्यालय, कास्की)।
२. दयाशंकर पालिखेको नाति, विश्व शंकर पालिखेको छोरा, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ०९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ०४ बस्ने **विजेश शंकर पालिखे** ना.प्र.नं.४६१००१/२९६, जारी मिति २०६३/११/१८, जिल्ला प्रशासन कार्यालय, कास्की।

धितो सुरक्षणको विवरण:
१. **सुनयना श्रेष्ठ**को नाममा मालपोत कार्यालय, कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा वडा नं. १८ स्थित कित्ता नं. ५९ र ६६ को क्षेत्रफल क्रमश २८८.१९६ र ४६५.९३४ (ब.मी) को जग्गा तथा सोको सम्पूर्ण लिगलिगापातहरु समेत।
२. **विश्व शंकर पालिखे**को नाममा मालपोत कार्यालय, कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा वडा नं. १८ स्थित कित्ता नं. ६० र ६७ को क्षेत्रफल क्रमश ३२५.५३२ र ४९७.४३९ (ब.मी) को जग्गा तथा सोको सम्पूर्ण लिगलिगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय चिप्लेढुङ्गा, पोखरा फोन नं. ०६१-५४३२६६, ५४३२६७

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय खाँदबारी, संखुवासभाको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०८/०७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीहरुले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण

१. संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. ९ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, संखुवासभामा मिति २०७५/१२/१८ गते रोज २ मा प्रा.फ.र.नं. १११६/०७५/०७६ तथा आन्तरिक राजश्व कार्यालय, धरान तथा करदाता सेवा कार्यालय खाँदबारीमा मिति २०७६/०१/११ मा स्थायी लेखा नम्बर (PAN) ६१०५६६३०१ अन्तर्गत दर्ता कायम भएको **भावना स्टोर्स**।
प्रोप्राईटर : पौष बहादुर चौहान

व्यक्तिगत जमानीकर्ताको विवरण

१. बल बहादुर चौहानको नाति, टेक बहादुर चौहानको छोरा, संखुवासभा जिल्ला, साविक मनकामना गा.वि.स./न.पा. वडा नं. ९ स्थाई ठेगाना भई हाल संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. ९ बस्ने **पौष बहादुर चौहान** (ना.प्र.नं. ९६८/२४९१, जारी मिति २०४४/१२/०६, जि.प्र.का. संखुवासभा)।	२. टेक बहादुर चौहानको बुहारी, पौष बहादुर चौहानको पत्नी, संखुवासभा जिल्ला, साविक खराङ्ग न.पा./गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. ९ बस्ने **मन माया दाहाल** (ना.प्र.नं. १४७६/२३३९, जारी मिति २०४४/१२/१४, जि.प्र.का. संखुवासभा)।
३. पौष बहादुर चौहानको बुहारी, सुमन चौहानको पत्नी, संखुवासभा जिल्ला, साविक चैनपुर न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. ९ बस्ने **मनिसा कार्की** (ना.प्र.नं. १०-०२-७५-००७७३, जारी मिति २०७५/०७/१३, जि.प्र.का. संखुवासभा)।	४. टेक बहादुर चौहानको नाति, पौष बहादुर चौहानको छोरा, संखुवासभा जिल्ला, साविक खाँदबारी न.पा. वडा नं. ९ स्थाई ठेगाना भई हाल संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. ९ बस्ने **सुमन चौहान** (ना.प्र.नं. १०-०१-७६-००१७६, जारी मिति २०७६/०१/२३, जि.प्र.का. संखुवासभा)।

धितोको विवरण

१. बल बहादुर चौहानको नाति, टेक बहादुर चौहानको छोरा, संखुवासभा जिल्ला, साविक मनकामना गा.वि.स./न.पा. वडा नं. ९ स्थाई ठेगाना भई हाल संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. ९ बस्ने पौष बहादुर चौहान (ना.प्र.नं. ९६८/२४९१, जारी मिति २०४४/१२/०६, जि.प्र.का. संखुवासभा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको संखुवासभा जिल्ला, साविक मनकामना गा.वि.स. वडा नं. ९ हाल संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. ९ स्थित कि.नं. १५०६ को क्षेत्रफल ४४६ (ब.मि.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. ९ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, संखुवासभामा मिति २०७५/१२/१८ गते रोज २ मा प्रा.फ.र.नं. १११६/०७५/०७६ तथा आन्तरिक राजश्व कार्यालय, धरान तथा करदाता सेवा कार्यालय खाँदबारीमा मिति २०७६/०१/११ मा स्थायी लेखा नम्बर (PAN) ६१०५६६३०१ अन्तर्गत दर्ता कायम भएको भावना स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Bills and Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

ऋणीको विवरण

२. मित्रलाल भट्टराईको नाति, पदमराज शर्मा भट्टराईको छोरा, संखुवासभा जिल्ला, वाना गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. १ बस्ने **भोजराज भट्टराई** (ना.प्र.नं. ६०२/४५६९९, जारी मिति २०४८/०५/११, जि.प्र.का.संखुवासभा)।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. पदमराज शर्मा भट्टराईको बुहारी, भोजराज भट्टराईको पत्नी, संखुवासभा जिल्ला, वाना गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल, संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. १ बस्ने **समिता भट्टराई** (ना.प्र.नं. ७९२, जारी मिति २०५४/०७/२८, जि.प्र.का. संखुवासभा)।	२. पदमराज शर्मा भट्टराईको नाति, भोजराज भट्टराईको छोरा, संखुवासभा जिल्ला, वाना गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल, संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. १ बस्ने **रोसन भट्टराई** (ना.प्र.नं. १०२०२२/१२०७, जारी मिति २०७२/०७/११, जि.प्र.का. संखुवासभा)।

धितोको विवरण

पदमराज शर्मा भट्टराईको बुहारी, भोजराज भट्टराईको पत्नी, संखुवासभा जिल्ला, वाना गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल, संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. १ बस्ने समिता भट्टराई (ना.प्र.नं. ७९२, जारी मिति २०५४/०७/२८, जि.प्र.का. संखुवासभा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको संखुवासभा जिल्ला, साविक मनकामना गा.वि.स. वडा नं. ७ हाल खाँदबारी न.पा. वडा नं. ९ स्थित कि.नं. १४६६ र १४६८ को क्षेत्रफल क्रमशः २०५ र १४४ (ब.मि.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

ऋणीको विवरण

३. जयध्वज राईको नाति, अम्बर वहादुर राईको छोरा, संखुवासभा जिल्ला, माल्टा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल संखुवासभा जिल्ला, खादँबारी न.पा. वडा नं. ५ बस्ने **विर्खराज राई** (ना.प्र.नं. १९०७/३८५४२, जारी मिति २०४४/०३/१०, जि.प्र.का. संखुवासभा)।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. अम्बर वहादुर राईको बुहारी, विर्खराज राईको पत्नी, संखुवासभा जिल्ला, धुपू गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. ५ बस्ने **रुपा राई** (ना.प्र.नं. ११०२४२, जारी मिति २०६१/०९/०८, जि.प्र.का. संखुवासभा)।	२. अम्बर वहादुर राईको नाति, विर्खराज राईको छोरा, संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. ५ बस्ने **सन्देश राई** (ना.प्र.नं. १०१००१/९६४, जारी मिति २०६६/०१/२९, जि.प्र.का. संखुवासभा)।

धितोको विवरण

अम्बर वहादुर राईको बुहारी, विर्खराज राईको पत्नी, संखुवासभा जिल्ला, धुपू गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. ५ बस्ने रुपा राई (ना.प्र.नं. ११०२४२, जारी मिति २०६१/०९/०८, जि.प्र.का. संखुवासभा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको संखुवासभा जिल्ला, साविक माल्टा गा.वि.स. वडा नं. ३ हाल खाँदबारी न.पा. वडा नं. ५ स्थित कि.नं. २३६ र २४२ को क्षेत्रफल क्रमशः ७५९० र ३३०० (ब.मि.) बमोजिमको जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत।

ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ताको विवरण
४. देवि प्रसाद न्यौपानेको बुहारी, ओमनाथ न्यौपानेको पत्नी, मोरङ जिल्ला, साविक विराटनगर गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ५ बस्ने **इन्द्रकला तिमल्सेना** (ना.प्र.नं. ८०४०७, जारी मिति २०६३/०६/०९, जि.प्र.का. मोरङ)।	लक्ष्मान न्यौपानेको नाति, देवि प्रसाद न्यौपानेको छोरा, सुनसरी जिल्ला, साविक भरौल गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ५ बस्ने **ओमनाथ न्यौपाने** (ना.प्र.नं. ०६ ९५५२०/९६५२०, जारी मिति २०६१/११/२७, जि.प्र.का. सुनसरी)।

धितोको विवरण

देवि प्रसाद न्यौपानेको बुहारी, ओमनाथ न्यौपानेको पत्नी, मोरङ जिल्ला, साविक विराटनगर गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ५ बस्ने इन्द्रकला तिमल्सेना (ना.प्र.नं. ८०४०७, जारी मिति २०६३/०६/०९, जि.प्र.का. मोरङ) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको संखुवासभा जिल्ला, साविक मनकामना गा.वि.स. वडा नं. ९ हाल संखुवासभा जिल्ला, खाँदबारी न.पा. वडा नं. ९ स्थित कि.नं. १५५४ को क्षेत्रफल १६० (ब.मि.) र सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ५ ग स्थित कि.नं. २९१७ र २९१९ को क्षेत्रफल क्रमशः ०-०-५-० र ०-०-१३-० (बिगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

Siddhartha Bank
शाखा कार्यालय : खाँदबारी, संखुवासभा
फोन नं. ०२९-५६३१७२
Website : www.siddharthabank.com

जुम्ली घोडाको माग लगातार घट्दो



दार्चुलामा **नरेन्द्रसिंह कार्की**

एक महिना लगाएर जुम्लाबाट दार्चुलाको जौलजीवी मेलाका लागि जुम्ली घोडा पुगेका छन्। घोडा व्यापारीहरूले मेलामा बिक्रीका लागि भन्दै यो वर्ष २२ वटा घोडा जौलजीवी पुऱ्याइएको छ।

विगतमा सयौं घोडाको व्यापार हुँदै आएको जौलजीवी मेलामा हरेक वर्ष घोडाको व्यापार भने लगातार घट्दै गएको छ। जौलजीवी मेलाको आकर्षणको रूपमा घोडाको कारोबार यस वर्ष भएको छैन। हरेक मेलाका लागि जुम्ला र बाजुराबाट घोडा ल्याइने गरेको छ।

जुम्ला, बझाङ र बाजुराबाट मेलामा घोडा पुगेको तीन दिनसम्म पनि व्यापार भने भएको छैन। घोडा व्यापारी पुचौडी ४ बैतडीका अनु बोहराले एक-दुईजना मात्रै घोडाका लागि सम्पर्कमा आएको बताए। विगतमा पहाडी जिल्लामा घोडाको राम्रो व्यापार हुँदै आएको थियो। अहिले पहाडसम्मै गाडी पुग्नु, हरेक वस्तुको महँगाइ बढेको कारण घोडा व्यापार सुस्ताएको उनको बुझाइ छ। सातजना व्यापारीले ल्याएको घोडा नबिक्ने उनीहरूलाई चिन्ता छ।

जुकोट- ३ बाजुराका सत्यराज शाही घोडाको कारोबार नभएकोमा चिन्तित छन्। 'हाम्रा बाबुबाजेको समयदेखि जौलजीवी मेलामा घोडा व्यापार गर्न सुरु गरेका हौं। जौलजीवी मेलामा मात्रै विगतमा राम्रो व्यापार थियो,' उनले भने, 'दुई-चार वर्षयता घोडाको व्यापार कम हुँदै आएको छ।' शाहीका अनुसार घोडाका लागि चाहिने दाना, घाँस महँगो हुँदै गएको छ। पहिलो १० रुपैयाँमै एक मुठा घाँस घोडाका लागि पाइनेमा अहिले ५० रुपैयाँ पर्ने उनले बताए। 'तर हाम्रो घोडाको ३५-४० हजार रुपैयाँ भारुमा पनि बिक्री हुने अवस्था छैन। यो मूल्य नै बढी भयो भन्छन्,' शाहीले भने, 'लागत मूल्य नै नआएपछि कसरी कारोबार गर्नु।'

'पहाड चढ्नका लागि भारतको हल्दानीमा पाइने घोडा भन्दा जुम्ली घोडा राम्रो मानिने गरेको छ,' भारतीय नागरिक विवेक जोशीले भने, 'घोडाको आयु मान्छेकै जस्तै हो। तर अहिले सबैतिर महँगी र सडक पहुँचका कारण कमैले चासो दिन्छन्।'

लमजुङमा उत्पादित आलुको बजार निश्चित

लमजुङ/ लमजुङमा उत्पादन भएको आलुले बजार पाउने निश्चित भएको छ। जिल्लामा उत्पादन भएको आलु सीधै उद्योगमा बेच्नका लागि सम्झौता गरिएपछि कृषकलाई बजार समस्या नहुने भएको हो।

कृषि ज्ञान केन्द्र लमजुङले आलु उत्पादन गर्ने किसान र आलुचिप्स उत्पादन गर्ने कम्पनी भैरहवाको फर्स्ट च्वाइस फुड प्रालिबीच किनबेचको सम्झौता गरेको छ। आलु उत्पादन गरी सीधै बिक्री हुने भएपछि किसानहरू खुसी भएका छन्। हिउँदयाममा आलु धेरै उत्पादन हुने हुँदा किसानलाई बजारको समस्या हुने र बजारमा बिक्री भए पनि कम मूल्य पाउने समस्या भएकाले उत्पादित आलु सीधै कम्पनीमा बेच्नका लागि पहल गरेको कृषि ज्ञान केन्द्र लमजुङका प्रमुख सुदीप खतिवडाले बताए।

सम्झौतामा हिउँदे आलु उत्पादन भएपश्चात् कम्पनी आफैँले गाडी ल्याएर लैजाने र प्रतिकिलो न्यूनतम २० रुपैयाँ दिने सम्झौता भएको छ। उक्त समयमा बजारमूल्य बढी भएमा केही रकम थप गर्ने पनि उल्लेख गरिएको प्रमुख खतिवडाले बताए। लमजुङको राइनास नगरपालिका वडा नम्बर ३, ४ र ६ , मध्य नेपाल नगरपालिकाको वडा नम्बर १० र ४ र सुन्दरबजारको १० वडाका आठवटा कृषक समूहसगँ सम्झौता भएको छ।

गण्डकी प्रदेश सरकारको समुदायस्तरमा प्रविधियुक्त कृषि उत्पादन प्रवर्द्धन कार्यक्रमअन्तर्गत यो वर्ष लमजुङ जिल्लाको ५० हेक्टर अर्थात् एक हजार रोपनी क्षेत्रफलमा आलुखेती गरिनेछ। जसका लागि एक करोड ४० लाख रुपैयाँ बजेट विनियोजन भएको कृषि ज्ञान केन्द्रका प्रमुख खतिवडाको भनाइ छ।

ज्ञान केन्द्रले बिउ खरिद र यन्त्र उपकरणका लागि ७५-७५ प्रतिशत, सिँचाइ पूर्वाधार र बजारीकरणका लागि ८५-८५ प्रतिशत र ढुवानीका लागि ५० प्रतिशत गरी जम्मा ५० देखि ८५ प्रतिशतसम्म सहयोग गर्ने भएको छ।

समुदायस्तरमा प्रशोधनयोग्य आलु प्रवर्द्धन कार्यक्रमअन्तर्गत यो वर्ष जिल्लामा वार्षिक आठ सय मेट्रिकटन आलु उत्पादन हुने अनुमान गरिएको छ।

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८०।०८।०७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शीर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तर ताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन अर्थात मिति २०८०।०८।२२ (उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयम् वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखि दिनुहुने तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्धारा गराईन्छ। गोप्य शिलवन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंबाट रू. १००।- तिरी खरिद गर्न सकिनेछ।

तपसिल

सि.नं.	कर्जा शिर्षक	ऋणी तथा ब्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	लिलाम हुने धितोको विवरण
१.	ओभरड्राफ्ट कर्जा	ऋणीको नामः पन्चवटी स्टोर (नेपाल सरकार, बाणिज्य तथा आपूर्ती मन्त्रालय, बाणिज्य विभागमा मा दर्ता रहेको) दर्ता नं.: २८९२९/०६८/६९ दर्ता मितिः २०६८/०५/२६ स्थायी लेखा नं.: ३००५१७६५१ ठेगानाः पर्सा जिल्ला, वीरगंज म.न.पा., वडा नं ७, महावीर स्थान। प्रोप्राईटरः नवीन केयाल ना.प्र.प.नं (जारी मिति/स्थान): १६०३२७८४८ (२०५८/०६/०३/पर्सा) बाजेको नामः श्याम सुन्दर केयाल बाबुको नामः गोपाल प्रसाद केयाल ठेगानाः पर्सा जिल्ला, विरगंज उ.म.न.पा., वडा नं. ८। व्यक्तिगत जमानतकर्ताहरुः १. प्रविन केयाल ना.प्र.प.नं (जारी मिति/स्थान): १६०३२७८४९ (२०५८/०६/०३/पर्सा) बाजेको नामः श्याम सुन्दर केयाल बाबुको नामः गोपाल प्रसाद केयाल ठेगाना. पर्सा जिल्ला, विरगंज उ.म.न.पा., वडा नं. ८। २. मञ्जु देवी केयाल ना.प्र.प.नं (जारी मिति/स्थान): ५६९ (२०५०/१०/१४/पर्सा) बाबुको नामः गिगं राज अग्रवाल ससुराको नामः श्याम सुन्दर केयाल पतिको नामः गोपाल प्रसाद केयाल ठेगाना. पर्सा जिल्ला, विरगंज उ.म.न.पा., वडा नं. ८।	(क) गिगं राज अग्रवाल को छोरी, श्याम सुन्दर केयाल को बुहारी, गोपाल प्रसाद केयाल को पत्नी, पर्सा जिल्ला, विरगंज उ.म.न.पा., वडा नं. ८ बस्ने मञ्जु देवी केयाल -१ श्याम सुन्दर केयाल को नाती, गोपाल प्रसाद केयाल को छोरा, पर्सा जिल्ला, विरगंज उ.म.न.पा., वडा नं. ८ बस्ने नवीन केयाल -१ श्याम सुन्दर केयाल को नाती, गोपाल प्रसाद केयाल को छोरा, पर्सा जिल्ला, विरगंज उ.म.न.पा., वडा नं. ८ बस्ने प्रविन केयाल -१ समेत जम्मा ३ जनाको को संयुक्त नाममा मालपोत कार्यालय पर्सा, विरगंजको लगतमा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला, नगवा वी गा.वि.स, वडा नं. २ स्थित कि.न. ३७४ को क्षेत्रफल ०-१-३-३.७५ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। (ख) ऋणीले धनी बैंकको नाममा ईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको स्वामित्व/स्टकहरुको मौजदात।
२.	ओभरड्राफ्ट कर्जा	ऋणीको नामः जय मा लक्ष्मी ट्रेडर्स (नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभागमा दर्ता रहेको) दर्ता नं.: ८७९-०६५/६६ दर्ता मितिः २०६५/१०/२९ स्थायी लेखा नं.: ३०३३६६६४३ ठेगानाः चितवन जिल्ला, भरतपुर न.पा., वडा नं ०३। प्रोप्राईटरः अवधेश प्रसाद ना.प्र.प.नं (जारी मिति/स्थान): ३३३०९६/५६५ (२०६३-१२-१५/ बारा) बाजेको नामः सेउजी साह बाबुको नामः छोटेलाल प्रसाद ठेगानाः बारा जिल्ला, रघुनाथपुर गा.पा., वडा नं. ०९ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं ०२। व्यक्तिगत जमानतकर्ताः किरण देवी ना.प्र.प.नं (जारी मिति/स्थान): ३३१०९६/१३०९ (२०६५/१२/१७/बारा) बाबुको नामः सत्यनारायण प्रसाद कलवार ससुराको नामः छोटेलाल प्रसाद पतिको नामः अवधेश प्रसाद ठेगानाः बारा जिल्ला, रघुनाथपुर गा.वि.स, वडा नं. ०९ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं ०२।	सत्यनारायण प्रसाद कलवार को छोरी, छोटेलाल प्रसाद को बुहारी, अवधेश प्रसाद को पत्नी, बारा जिल्ला, रघुनाथपुर गा.वि.स, वडा नं. ०९ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं ०२ बस्ने किरण देवी को नाममा मालपोत कार्यालय चितवन को लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, नारायणगढ गा.पा./न.पा., वडा नं. ४/४क स्थित कि.न. २८४५ को क्षेत्रफल ०-०-७-० (११८.५० वर्ग मि.) जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
३.	सम्पति धितो कर्जा	ऋणीको नामः दिल कुमार राई ना.प्र.प.नं (जारी मिति/स्थान): ०३०२९३/१२०९(२०६३/११/२३/इलाम) बाजेको नामःधनवीर राई बाबुको नामः हिरामान राई ठेगानाः इलाम जिल्ला, फिक्कल गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल इलाम जिल्ला, सुर्योदय न.पा. वडा नं.१०। व्यक्तिगत जमानतकर्ताः बिमला राई ना.प्र.प.नं (जारी मिति/स्थान): ०३०३-१-०२९/९११०३(२०६६/०१/३०/इलाम) बाबुको नामः टेक बहादुर राई ससुराको नामः हिरा मान राई पतिको नामः दिल कुमार राई ठेगानाः इलाम जिल्ला, कन्याम गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल इलाम जिल्ला, सुर्योदय न.पा. वडा नं. १०।	(क) धनवीर राईको नाति, हिरामान राईको छोरा, इलाम जिल्ला, फिक्कल गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल इलाम जिल्ला, सुर्योदय न.पा., वडा नं. १० बस्ने दिल कुमार राईको नाममा मालपोत कार्यालय इलाम को लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नाअनुसारको घरजग्गाहरुः १. इलाम जिल्ला, फिक्कल गा.वि.स./न.पा., वडा नं. ८/ख स्थित कि.न. १४८ र ३४७ को क्षेत्रफल १-४-३-० र २-०-०-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। २. इलाम जिल्ला, फिक्कल गा.वि.स./न.पा., वडा नं. ८/ग स्थित कि.न. २०८ को क्षेत्रफल ३-०-०-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
४.	विपन्न वर्ग कर्जा	ऋणीको नामः चन्द्र प्रकाश खालीङ राई ना.प्र.प.नं (जारी मिति/स्थान): ६५८८०(२०५९/०५/३०/इलाम) बाजेको नामःजस बहादुर राई बाबुको नामः वीर बहादुर राई ठेगानाः इलाम जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल इलाम जिल्ला, माई न.पा. वडा नं. १०। व्यक्तिगत जमानतकर्ताः चन्द्रकला खालिङ राई ना.प्र.प.नं (जारी मिति/स्थान): ०३०१८३/२९८(२०६३/१०/१०/इलाम) ससुराको नामः वीर बहादुर राई पतिको नामः चन्द्र प्रकाश खालीङ राई ठेगानाः इलाम जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल इलाम जिल्ला, माई न.पा. वडा नं. १०।	जस बहादुर राईको नाति, वीर बहादुर राईको छोरा, इलाम जिल्ला, चिसापानी गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल इलाम जिल्ला, माई न.पा., वडा नं. १० बस्ने चन्द्र प्रकाश खालीङ राईको नाममा मालपोत कार्यालय इलाम को लगतमा दर्ता श्रेष्ता कायम रहेको इलाम जिल्ला, चिसापानी गा.वि.स./न.पा., वडा नं. ५ स्थित कि.न. १३८ र १३० को क्षेत्रफल ४-०-०-१ र ०-८-३-३ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७

दर्ता नं. ३२८६/०६६/०६७

परिकल्पना बचत तथा ऋण सहकारी संस्था लि.
PARIKALPANA SAVING AND CREDIT CO-OPERATIVE LTD.
"आर्थिक आधार, सफलताको पूर्वाधार"
का.म.न.पा.-१४, कलंकी, काठमाडौं, फोनः ०१-५२३४८८५, धादिङ सेवा केन्द्रः गजुरी गा.पा.-०६, आदमघाट, फोनः ०१०-४०४०२१, Email: parikalpanasahakari@gmail.com

चौधौं वार्षिक साधारणसभा बस्ने सम्बन्धि सूचना

प्रकाशित मिति : २०८०/०८/०७

आदरणीय शेयरधनीमहानुभाव

परिकल्पना बचत तथा ऋण सहकारी संस्था लिमिटेड को मिति २०८०/०६/२७ गते बसेको सञ्चालक समितिको १५३ औं बैठकको निर्णय अनुसार यस संस्थाको चौधौं वार्षिक साधारण सभा निम्न मिति, समय, स्थान मा निम्न प्रस्तावहरुउपर छलफल गरि निर्णय गर्न बस्ने भएको हुँदा सदस्य महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

साधारणसभा बस्ने मिति, समय र स्थान :
मिति : २०८०/०८/२३ गते शनिबार
समय : बिहान ११:०० बजे
स्थान : धादिङ जिल्ला गल्छि गा.पा.-०८, गल्छि छांगेश्वर मन्दिर परिसर

छलफलका बिषयहरु :
(क) साधारणसभामा पेश हुने प्रस्ताब (विषय)हरु :
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.ब. २०७९/८० को वार्षिक प्रतिवेदन सम्वन्धमा।
२. आ.ब. २०७९/८० को लेखापरिक्षण प्रतिवेदन सम्वन्धमा।
३. आ. ब. २०७९/८० को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्वन्धमा।
४. आ.ब. २०८०/८१ को लागि वार्षिक नीति तथा कार्यक्रम एवं अनुमानित बजेट अनुमोदन सम्वन्धमा।
५. लाभांश वितरण सम्वन्धमा।
६. चुक्ता शेयर पूंजी एवं सदस्य बृद्धि अनुमोदन सम्वन्धमा।
७. आ.ब. २०७९/८० मा सञ्चालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा।
८. आ.ब. २०८०/८१ को लागि लेखापरिक्षक नियुक्ति तथा निजको पारिश्रमिक तय गर्ने सम्वन्धमा।
९. साधारणसभाको निर्णय पुस्तिका प्रमाणित गर्न आवश्यक प्रतिनिधिहरु चयन गर्ने सम्वन्धमा।

(ख) विशेष प्रस्ताब :
१. संस्थाको विनियममा आवश्यक संशोधन सम्वन्धमा।
२. संस्थाको कार्यक्षेत्र विस्तार गर्ने सम्वन्धमा।
३. सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्वन्धमा।

(ग) विविध :

नोट : १. बिहान १० बजे देखि ११ बजे सम्म सभास्थलमा उपस्थित भई निर्णयपुस्तिकामा दस्तखत गर्न बिनम्र अनुरोध गरिन्छ।
२. निर्वाचन सम्वन्धी कार्यक्रम तालिका, सभा हुने मिति भन्दा १ हप्ता अघि सूचना पाटीमा टांसीने छ।

हरिशरण रेग्मी
सचिव

राष्ट्रिय सभाका...

पृष्ठ १ बाट क्रमशः

प्रवक्ता शालिग्राम शर्मा पौडलले राष्ट्रिय तथ्यांक कार्यालयबाट प्राप्त ०७८ को जनगणनाको प्रतिवेदनअनुसार नयाँ मतभार कायम गरिएको बताए। निर्वाचनका लागि आवश्यक अन्य तयारी भइरहेको उनको भनाइ छ। संसद् सचिवालयका सूचना अधिकारी दशरथ धमलाका अनुसार एमालेका आठ, कांग्रेसका चार, माओवादी तीन, एकीकृत समाजवादी दुई, जसपा एक र स्वतन्त्र दुईजनाको कार्यकाल सकिँदै छ।

रिक्त हुन लागेका २० सिटमध्ये बागमतीमा चार, गण्डकी, कर्णाली र सुदूरपश्चिममा तीन/तीन तथा कोशी, मधेश र लुम्बिनी प्रदेशमा दुई/दुई सिट छन्। प्रत्येक प्रदेशबाट आठजना र राष्ट्रपतिबाट तीनजना मनोनीतसहित ५९ सदस्यीय राष्ट्रिय सभामा एकतिहाइ सदस्यहरूको निर्वाचन प्रत्येक दुई वर्षमा हुन्छ। अहिले हुन लागेको तेस्रो निर्वाचनमा प्रदेशगत दलीय मतभार हेर्दा सत्तागठबन्धनको पकड देखिन्छ। आयोगले मतभार तोकेसँगै रिक्त हुने पदमा दलीय मतभार पनि प्रस्ट भएको छ।

संविधानको धारा ८६(३) बमोजिम राष्ट्रिय सभाका एकतिहाइ सदस्यहरूको पदावधि २० फागुनमा समाप्त हुँदै छ। कार्यकाल सकिन लागेका २० जना सांसदहरू ०७४ मा निर्वाचित भई गोलाप्रथाबाट ६ वर्षे पदावधि प्राप्त गरेकाहरू हुन्। जसमा एमालेबाट निर्वाचित राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, प्रमुख सचेतक भैरवसुन्दर श्रेष्ठ, राष्ट्रिय सरोकार तथा समन्वय समिति सभापति दिलकुमारी रावल थापा, इन्दु कडरिया, कुमार दसौंदी, दीपा गुरुङ, नरपति लुहार, रामचन्द्र राई छन्। कांग्रेसबाट संसदीय दलका नेता रमेशजंग रायमाझी, प्रमुख सचेतक अनिता देवकोटा, दिगो विकास तथा सुशासन समिति सभापति प्रकाश पन्थ र जितेन्द्रनारायण देव छन्। माओवादीबाट विना पोखरेल, महेशकुमार महरा र हरिराम चौधरी छन्। एकीकृत समाजवादीबाट भौतिक राज्यमन्त्री नन्दा चपाईं र सिंहबहादुर विश्वकर्मा छन्। जसपाबाट शिक्षा राज्यमन्त्री प्रमिलाकुमारी यादव छिन्। राष्ट्रपतिबाट मनोनीत विमला राई पौड्याल र स्वतन्त्र खिमलाल देवकोटा पनि कार्यकाल सकेर बिदा हुनेछन्।

गण्डकी कुल मतभार : ६ हजार ४१०
६० प्रदेश सांसद र १७० (प्रमुख/उपप्रमुख)

	सांसद	मतभार	पालिका प्रमुख/उपप्रमुख	मतभार	जम्मा मतभार
कांग्रेस	२७	१४३१	६७	१२७३	२७०४
एमाले	२२	११६६	६८	१२९२	२४५८
माओवादी	७	३७१	३०	५७०	९४१
राप्रपा	२	१०६	०	०	१०६
ए. समाजवादी	१	५३	१	१९	७२
नेसपा	१	५३	०	०	५३
जनमोर्चा	०	०	३	५७	५७
स्वतन्त्र	०	०	१	१९	१९

लुम्बिनी कुल मतभार : ८ हजार ७५३
८७ प्रदेश सांसद र २१८ (प्रमुख/उपप्रमुख)

	सांसद	मतभार	पालिका प्रमुख/उपप्रमुख	मतभार	जम्मा मतभार
कांग्रेस	२७	१४३१	९२	१७४८	३१७९
एमाले	२९	१५३७	६७	१२७३	२८१०
माओवादी	९	४७७	४०	७६०	१२३७
जसपा	३	१५९	६	११४	२७३
राप्रपा	४	२१२	३	५७	२६९
नागरिक उन्मुक्ति	४	२१२	०	०	२१२
लोसपा	३	१५९	४	७६	२३५
जनमत	३	१५९	०	०	१५९
जनमोर्चा	१	५३	४	७६	१२९
ए. समाजवादी	१	५३	०	०	५३
जनता प्रगतिशील	०	०	२	३८	३८
स्वतन्त्र	३	१५९	०	०	१५९

कर्णाली कुल मतभार : ५ हजार १२२
४० प्रदेश सांसद र १५८ (प्रमुख/उपप्रमुख)

	सांसद	मतभार	पालिका प्रमुख/उपप्रमुख	मतभार	जम्मा मतभार
कांग्रेस	१४	७४२	५९	११२१	१८६३
माओवादी	१४	७४२	४८	९१२	१६५४
एमाले	९	४७७	३५	६६५	११४२
ए. समाजवादी	१	५३	१०	१९०	२४३
राप्रपा	१	५३	०	०	५३
स्वतन्त्र	१	५३	६	११४	१६७

सुदूरपश्चिम कुल मतभार : ६ हजार १५३
५३ प्रदेश सांसद र १७६ (प्रमुख/उपप्रमुख)

	सांसद	मतभार	पालिका प्रमुख/उपप्रमुख	मतभार	जम्मा मतभार
कांग्रेस	१९	१००७	८६	१६३४	२६४१
एमाले	१०	५३०	५०	९५०	१४८०
माओवादी	११	५८३	२५	४७५	१०५८
नागरिक उन्मुक्ति	७	३७१	७	१३३	५०४
ए. समाजवादी	४	२१२	५	९५	३०७
राप्रपा	१	५३	०	०	५३
स्वतन्त्र	१	५३	३	५७	११०

कोशीका...

पृष्ठ १ बाट क्रमशः

विभागीय जिम्मेवारी नभए पनि मुख्यमन्त्री कार्कीले प्रतिस्थापन विधेयक तयारी पार्न मन्त्रीहरूलाई विभिन्न मन्त्रालयको जिम्मेवारी दिएका छन्। विनाविभागीय मन्त्री उप्रेतीले मन्त्रालयको जिम्मा नतोकिए पनि मुख्यमन्त्री कार्कीलाई सहयोग गरिरहेको बताए। सरकारका प्रवक्ता तथा विनाविभागीय मन्त्री शमशेर राईले सबै मन्त्रीले मिलेर काम गरिरहेको बताए। उनले बजेट अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक निर्माणका सन्दर्भमा पनि सबै मन्त्रालयको जिम्मेवारी बाँडफाँट गरेर काम गरिहेको बताए। प्रतिस्थापन विधेयक संसद्बाट पारित भएपछि मन्त्रीहरूको जिम्मेवारी तोकिने उनको भनाइ छ।

सरकार फरक परिस्थितिबाट बनेका कारण मन्त्रीहरूले जिम्मेवारी नपाउनुलाई अन्यथा लिन नमिल्ने माओवादी कोशी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोको भनाइ छ। 'अहिले मुख्यमन्त्रीकै मातहतमा मन्त्रालयहरू भए पनि बजेट बनाउन मुख्यमन्त्रीले कार्यविभाजन गर्नुभएको छ। फरक परिस्थितिमा बनेका कारण सहज रूपमा बनेको जस्तो बुझ्न हुँदैन,' उनले भने, 'स्वाभाविक रूपमा सबै विभागीय मन्त्री भएको जस्तो सहज भएको जस्तो हुँदैन। तर, भएका मन्त्रीलाई जिम्मेवारी दिएर प्रतिस्थापन विधेयक बन्दै छ।'

कोशी प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित आठ मन्त्रालय छन्। २७ असोजमा एमालेको समर्थनमा कांग्रेसबाट विद्रोह गर्दै कार्की मुख्यमन्त्री नियुक्त भए। त्यस समयमा कांग्रेसका शमशेर राई र एमालेका रामबहादुर मगर जिम्मेवारीविहीन मन्त्रीका रूपमा नियुक्त भएका थिए। प्रदेशको गठबन्धन भत्किएर केन्द्रकै गठबन्धनले निरन्तरता पाउने निश्चित भएपछि एमालेका मगरले सरकार छाडे। त्यसपछि १७ कात्तिकमा एकीकृत समाजवादीबाट कमलप्रसाद जबेगू र माओवादीबाट गणेश उप्रेती मन्त्री नियुक्त भए।

भूकम्पपीडितले...

पृष्ठ १ बाट क्रमशः

सरकारले प्रतिपरिवार एउटा अस्थायी आवासका लागि मात्र अनुदान दिन्छ। लाभग्राहीलाई अस्थायी आवास निर्माणका लागि राष्ट्रिय विपत् प्राधिकरणले जिल्लास्थित विपत् कोषमा ४ मंसिरमै पहिलो किस्ताबापतको एक अर्ब ४१ करोड निकासा गरेको थियो।

भौगोलिक विकटता र क्षतिको विवरण संकलनका लागि दिइएको प्रश्नावली लामो भएका कारण क्षतिको विवरण संकलनमा ढिलाइ भइरहेको जाजरकोटको भेरी नगरपालिकाका प्रमुख डम्बरबहादुर रावतले बताए। 'हामीले क्षतिको विवरण संकलनको काम गरिरहेका थियौँ। जिल्ला विपत् व्यवस्थापन समितिले पुनः विवरण संकलन गर्न भनेपछि ढिलाइ भएको हो,' रावतले भने, 'समितिले भनेबमोजिम विवरण संकलनका लागि टोली परिचालन गरिएको छ। बस्न नमिल्ने र मिल्ने भनेर घरलाई दुई भागमा वर्गीकरण गर्न लागिएको छ।' भेरीमा १० मंसिरसम्म विवरण संकलन भइसक्ने उनले बताए।

रुकुम पश्चिममा बिहीबारसम्म विवरण पठाइसक्न भनिएको छ। तर, यहाँ पनि अझै केही समय लाग्ने देखिन्छ। रुकुम पश्चिमको चौरजहारी नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत शेरप्रसाद ढकालले वडाबाट आएको विवरणलाई रुजु गर्ने काम भइरहेको बताए। 'हामीले क्षतिको यकिन गरेर विवरण पठाइसकेका थियौँ, फेरि बस्न मिल्ने र नमिल्ने गरी दुई क्याटागोरीमा विवरण माग भएपछि सोही ढाँचामा विवरण पठाउने तयारी छ,' उनले भने।

रुकुम पश्चिममा पीडितको खातामा पैसा पठाउन अझै १० दिन लाग्ने, जाजरकोटमा झन् ढिला

तथ्यांक संकलनमा केही अगाडि देखिएको रुकुम पश्चिममा अस्थायी आवासका लागि व्यक्तिको खातामा पहिलो किस्ता पठाउन अझै १० दिन लाग्ने देखिएको छ। सहायक प्रमुख जिल्ला अधिकारी प्रवेश बढुवालले लाभग्राही छनोट, प्रमाणीकरण र खातामा रकम जम्मा गर्न कम्तीमा १० दिनजति लाग्ने बताए। तर, चिसो अध्यधिक बढेको र चिसोका कारण भूकम्पपीडितहरू बिरामी पर्न थालेपछि जिल्लामा जतिसक्दो छिटो अस्थायी आवासको प्रक्रिया थाल्ने योजनाअनुसार काम भइरहेको उनले बताए।

प्रारम्भिक तथ्यांकअनुसार रुकुम पश्चिममा १६ हजार पाँच सय ७० वटा घरमा पूर्ण र नौ हजार नौ सय ६१ घर आंशिक गरी कुल २६ हजार पाँच सय ३१ घरमा क्षति पुगेको छ।

जाजरकोटमा त झन् तथ्यांक संकलनमै समय लाग्ने देखिएको छ। सहायक प्रमुख जिल्ला अधिकारी हरिश्चन्द्र शर्माका अनुसार २ मंसिरको जिल्ला विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको बैठकले सात दिनभित्र अस्थायी आवासका लागि घरसंख्या यकिन गरी समितिमा पठाउन स्थानीय तहलाई पत्राचार गरेको थियो। उक्त समय ९ मंसिरमा सकिँदै छ। तर, पालिकाले तोकिएको समयमा क्षतिको विवरण यकिन गर्न मुस्किल हुने बताइरहेको शर्माले बताए। यो आधारमा जाजरकोटका भुकम्पपीडितले आवासको रकम कहिले पाउँछन् टुंगो छैन र जाजरकोटमा कुल ३४ हजार चार सय ९८ घरमा क्षति पुगेको प्रारम्भिक विवरण छ। जसमा नौ हजार सात सय ९४ घरमा पूर्ण र २४ हजार सात सय सात घरमा आंशिक क्षति पुगेको छ।

चिसोबाट जाजरकोटमा १० पीडितको मृत्यु

चिसोका कारण जाजरकोटमा बुधबार थप एकसहित १० भूकम्पपीडितको ज्यान गइसकेको छ। कुशे गाउँपालिका-९, मोताई गाउँमा पालमा बसेका ५३ वर्षीय रामसिलम गिरीको बुधबार दिउँसो मृत्यु भएको वडाध्यक्ष शिवराज गिरीले जानकारी दिए।

उपत्यकामा...

पृष्ठ १ बाट क्रमशः

परिचालन हुनेछन्। त्यसबाहेक सडक र चोकमा जडान गरिएका सिसिक्यामेरामार्फत पनि नारा-जुलुस निगरानीमा रहनेछन्।

उनले भने, 'दुवै ठाउँमा हुने प्रदर्शनको सुरक्षार्थ प्रविधिको उच्चतम प्रयोग गरिनेछ। कार्यक्रमस्थल ड्रोन क्यामेराबाट निगरानीमा रहनेछ। नारा-जुलुस हुने ठाउँमा पनि ड्रोन क्यामेरा परिचालन गरिनेछ। त्यसबाहेक सडक र चोकमा जडान गरिएका सिसिक्यामेराबाट समेत नारा-जुलुसको निगरानी गरिनेछ।'

कार्यक्रमस्थलमा र नारा-जुलुसमा सहभागी हुने समर्थकसँगै सादा पोसाकका सुरक्षाकर्मी पनि खटिनेछन्। उनीहरूले प्रत्येक समर्थकको गतिविधि निगरानी गर्नेछन्। अवाञ्छित गतिविधि हुने सुइँको पाउना साथ उनीहरूलाई प्रहरीले पक्राउ गर्नेछ। सूचना संकलनमा राष्ट्रिय अनुसन्धान विभागका गुप्तचार पनि समर्थकसँगै खटिनेछन्। पोसाकसहित खटिएका सुरक्षाकर्मी सुरक्षाका अग्रपंक्तिमा खटिनेछन्। हतियारसहित खटिने उनीहरूले कार्यक्रममा सहभागी हुने भिभिआइपीको सुरक्षा गर्नेछन्।

उपत्यका प्रहरी कार्यालय काठमाडौंका अनुसार सादा पोसाकका सुरक्षाकर्मी बुधबार नै समर्थक बस्ने होटेल, गेस्ट हाउस तथा पार्टी प्यालेसमा खटिइसकेका छन्। उनीहरूले होटेल, गेस्ट हाउस तथा पार्टी प्यालेसमा रहेका प्रदर्शनकारीको सूक्ष्म निगरानी गरिरहेका छन्। सँगै प्रहरीले उपत्यका भित्रिने सबै नाकाको सुरक्षालाई पनि कडा तुल्याएको छ। उपत्यका भित्रिने यात्रुको खनतलासी गर्ने, शंकास्पद व्यक्तिलाई नियन्त्रण गर्नेलगायतका काम प्रहरीले मंगलबारबाटै सुरु गरेको छ।

आज युवा संघ र प्रसाईंको प्रदर्शन

एमाले भातृ संगठन राष्ट्रिय युवा संघ नेपाल र मेडिकल व्यवसायी दुर्गा प्रसाईंले नेतृत्व गरेको अभियानले बिहीबार काठमाडौंमा शक्ति प्रदर्शन गर्दै छन्। प्रशासनले माइतीघर मण्डलालाई निषेधित क्षेत्र तोकपछि युवा संघले तीनकुनेमा र प्रसाईंको अभियानले बल्खुमा प्रदर्शन गर्ने तयारी गरेका छन्।

राष्ट्रिय युवा संघले तीनकुने क्षेत्रमा विरोध र्‍याली र प्रदर्शन गर्ने तयारी गरेको छ। संघले अनेरास्ववियुसहित एमालेसम्बद्ध जनवर्गीय संगठनहरूको सहयोगमा भ्रष्टाचार, महँगी र अराजकताविरुद्ध प्रदर्शन गर्न लागेको हो।

प्रदर्शनको प्रचारका सिलसिलामा युवा संघ र अनेरास्ववियुले बुधबार काठमाडौं, भक्तपुर र ललितपुरको एक दर्जनभन्दा बढी स्थानमा साँझ मसाल जुलुस प्रदर्शन गर्दै सहभागिताका लागि अपिल गरेका थिए। विरोध प्रदर्शन सुरु हुनुअघि संघको अगुवाइमा बालकुमारी क्षेत्र, जडीबुटी क्षेत्र, बानेश्वर क्षेत्र र एयरपोर्ट क्षेत्रबाट छुट्टाछुट्टै र्‍याली निकाली केहीबेर तीनकुने-कोटेश्वर क्षेत्रमा प्रदर्शन हुने संघका प्रवक्ता निरोज पौडेलले बताए। त्यसलगत्तै तीनकुनेस्थित चौरमा विरोधसभा आयोजना गरिने पनि उनले जानकारी दिए।

सभालाई एक एमाले शीर्ष नेतासहित स्थायी समिति सदस्य भानुभक्त ढकाल, संघका पूर्वअध्यक्ष महेश बस्नेत, अहिलेका अध्यक्ष क्षितिज थेबे, अनेरास्ववियुका पूर्वअध्यक्ष किशोरबिक्रम मल्ल र अहिलेका अध्यक्ष समिक बडाल तथा एकजना महिला प्रतिनिधिले सम्बोधन गर्ने कार्यक्रम रहेको आयोजकले जानकारी दिएको छ।

विरोध प्रदर्शनलाई व्यवस्थित गर्न युवा-विद्यार्थीले कम्तीमा ३ हजार स्वयंसेवक परिचालन गर्दै छन्। दुवै संगठनले काठमाडौं उपत्यकासहित बागमती क्षेत्रबाटसमेत पार्टीसम्बद्ध कमिटीका नेता-कार्यकर्तालाई पनि परिचालन गरेका छन्।

प्रसाईंको संयोजकत्वमा 'नेपालीहरूको मुक्तिको दिन' नारासहित आज काठमाडौंकेन्द्रित प्रदर्शन हुन लागेको हो। 'राष्ट्र राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान' नाम दिइएको प्रदर्शनमा सहभागी हुन देशभरबाट नागरिकको सहभागिता हुने दाबी गरिएको छ।

प्रसाईंले हिन्दुराज्य कायम गर्नुपर्ने, राजसंस्था पुनर्स्थापना गर्नुपर्ने, संघीयता खारेज गर्नुपर्ने, लघुवित्त आतंक र आर्थिक संकटका कारण आत्महत्या गर्नुपर्ने अवस्था अन्त्य हुनुपर्ने, बैंक तथा वित्तीय संस्थाको चर्को ब्याज अन्त्य हुनुपर्नेलगायतका मुद्दासहित अभियान सुरु गरेको बताएका छन्। 'अहिलेको व्यवस्था परिवर्तन नभइन्जेलसम्म यो प्रदर्शन जारी रहन्छ,' नयाँ पत्रिकासँग प्रसाईंले भने, 'बिहीबार काठमाडौंमा उद्घाटन मात्रै हो। यहाँबाट घन्टी मात्रै बजाउने हो, त्यसपछि देशैभर यो प्रदर्शन जारी रहन्छ। सरकारको रबैया हेरेर थप कदम चालिनेछ।'

प्रदर्शनका लागि देशभरबाट कम्तीमा पाँच लाख नागरिकको उपस्थिति हुने अनुमान गरिएको प्रसाईंले दाबी गरे। विभिन्न स्थानबाट समूह बनाएर बल्खु आइपुग्ने कार्यक्रम रहेको र देशका स्वतन्त्र व्यक्तिले सम्बोधन गर्ने प्रसाईंले दाबी गरे। अभियानका लागि राष्ट्रप्रेमी राजनीतिक दल, धार्मिक संघसंस्था, विभिन्न गुरुकुल, आश्रमहरू, विभिन्न धर्मका धर्म गुरूहरू, कर्मचारी संघ संगठनहरू, पूर्वसुरक्षाकर्मी संघसंगठनहरू, पेसागत संघसंगठनहरूलगायत ४६ वटा संघ संस्थाले समर्थन र ऐक्यबद्धता जनाएको प्रसाईंले दाबी गरे।

अभियानका लागि प्रसाईंले काठमाडौंस्थित पेरिसडाँडामा कार्यालय नै स्थापना गरेका छन्। अभियान सफल पार्न सातसदस्यीय अध्यक्षमण्डल नै गठन गरिएको छ, जसमा दुर्गा प्रसाईं, हरि कार्की, राजु पनेरू, आनन्द प्याकुरेल, ईशा खड्का, रमा सिंह र प्रेमदीप लिम्बू छन्। कार्यक्रम गर्न सुरक्षा व्यवस्थादेखि खाद्यान्नलगायत २१ वटा समिति बनाइएको छ। काठमाडौंमा आउने मानिसलाई दुई दर्जन बढी पार्टी प्यालेसमा बस्ने-खाने व्यवस्था मिलाइएको छ।

भक्तपुरको एक...

पृष्ठ १ बाट क्रमशः

छ। भक्तपुरको च्यामासिंह र कमलविनायकमा रहेको बागिश्वरी माविमा हाल विद्यालय तहमा चार हजार एक सय १६ विद्यार्थी अध्ययनरत छन्। सामुदायिक विद्यालय भएर पनि विद्यार्थीको चाप रहेको यस माविले कैयौं विद्यालयलाई पनि हराभरा पारेको छ। बागिश्वरीले लिवालीस्थित भीम आदर्श मावि, भक्तपुर नगरपालिका-१० क्वाख्डौंमा रहेको ब्रह्मचारिणी आधारभूत मावि, ब्रह्मायणी आधारभूत विद्यालय, सिद्धि शारदा प्रावि, सरस्वती विद्यागृह माविलगायतलाई विद्यार्थी दिँदै आएको छ।

बागिश्वरीका कक्षा ११ र १२ इन्चार्ज ज्ञानसागर प्रजापतिका अनुसार पठनपाठनमा कमीकमजोर नहुने गरी विद्यालय, अभिभावक र विद्यार्थीसँग सहमतिमा नै छिमेकी विद्यालयमा विद्यार्थी पठाइको हो। विद्यार्थी पठाएको विद्यालयमा बागिश्वरीले समय-समयमा अनुगमन तथा अवलोकनसमेत गर्दै आएको छ। 'एउटा विद्यालयले विद्यार्थी दिएर सहयोग गरेको अन्यन्त्र उदाहरण छैन, छिमेको विद्यालय बन्द भएको हेर्न सक्दैनौं,' उनले भने, 'ती विद्यालयको अस्तित्व जोगाउन विद्यार्थी दिएका हौं। यसो हुँदा पठनपाठनबारे पनि हामीले नै वेलावेलामा अवलोकन गर्छौं।'

६ महिनाअघि बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयका शिक्षा निर्देशक पूर्णप्रसाद नेपालीको टोली भक्तपुरका विद्यालयहरूको अनुगमन गरेको थियो। सो क्रममा निर्देशक नेपालीले बागिश्वरीले गरिरहेको अभ्यासको प्रशंसा गरेका थिए।

बागिश्वरीको सहयोगले बाँचे पाँच विद्यालय

लिवालीमा रहेको भीम आदर्श मावि बागिश्वरीले जोगाएको मध्येको एक हो। ६ वर्षअघि यस विद्यालयमा जम्मा १८ जना मात्रै विद्यार्थी थिए। तत्कालीन जिल्ला शिक्षा कार्यालयले त्यसवेला आदर्श माविलाई मर्ज गर्न खोजेको थियो। तर, बागिश्वरीले विद्यार्थी दिएर सहयोग गर्‍यो। त्यतिवेला बागिश्वरीले एक सयभन्दा बढी विद्यार्थी दिएको थियो। यस माविमा हाल ८२ जना विद्यार्थी अध्यनरत छन्। विद्यार्थी फेरि न्यून हुन थालेको भन्दै आदर्श माविले बागिश्वरीको सहारा माग्न थालेको छ। विद्यालयमा १५ भन्दा बढी शिक्षक कर्मचारी छन्।

भक्तपुर नगरपालिका- १० क्वाख्डौंमा रहेको ब्रह्मचारिणी आधारभूत मावि पनि विद्यार्थी अभावका कारण बन्द हुने अवस्थामा पुगेको थियो। तीन वर्षअघि विद्यालयमा दुईजना मात्रै विद्यार्थी थिए। विद्यार्थी कम भएर मर्ज गर्नेबारे बहस चलिरहेकै वेला बागिश्वरीले विद्यार्थी दिएर अस्तित्व बचाइदियो। त्यतिवेला बागिश्वरीले ५० जनाभन्दा बढी विद्यार्थी दिएको थियो। तर, अहिले फेरि यहाँ विद्यार्थी घट्दै गएका छन्। विद्यालयको तल्लो तह अर्थात् प्रि-प्राइमेरीमा अध्ययनरत विद्यार्थी संख्या कम हुँदा माथिल्ला तहमा पनि विद्यार्थी घट्दो अवस्थामा छ। यो विद्यालयमा नर्सरीमा २० जना विद्यार्थी छन्। विद्यालय सञ्चालन भइरहेको भवन पनि बागिश्वरीकै हो।


बागिश्वरीले विद्यार्थी बाँडेर सञ्चालन भएको अर्को विद्यालय ब्रह्मायणी आधारभूत विद्यालय हो। यो बागिश्वरीमातहत नै छ। ०४८ सालमा बागिश्वरीले आफ्ना विद्यार्थी कटौती गरेर ब्रह्मायणीमा सारेको थियो। यस विद्यालयका संस्थापक अध्यक्ष ज्ञानसागर प्रजापति हुन् भने उनैको अग्रसरतामा ब्रह्मायणीको अस्तित्व जोगिएको छ। हाल यस विद्यालयमा एक सय १२ जना विद्यार्थी छन्। लिवालीमा रहेको सिद्धि शारदा प्राविमा पनि ६ वर्षअघि विद्यार्थी संकट भयो। तत्कालीन समयमा यसलाई मर्ज गर्ने छलफल चलिरहे पनि बागिश्वरीले नै विद्यार्थी दिएर अस्तित्व जोगाइदियो। ६ वर्षअघि यस विद्यालयमा विद्यार्थी संख्या शून्य थियो। तत्कालीन समयमा त्यसमा कार्यरत सबै शिक्षक जिल्ला शिक्षा कार्यालयले बागिश्वरीमा पठायो। तर, बागिश्वरीले विद्यार्थी दिएर सहयोग गर्ने भए पनि शिक्षकहरू पनि फिर्ता भए भने विद्यालयको अस्तित्व पनि जोगियो। हाल विद्यालयको आफ्नै भवन छ भने करिब एक सयजना विद्यार्थी अध्ययनरत छन्।

चालू शैक्षिक सत्रमा भक्तपुरमै रहेको सरस्वती विद्यागृह मावि पनि विद्यार्थी खडेरी भएर बन्द हुने अवस्था आयो। कक्षा १० सम्म जम्मा एक सय विद्यार्थी मात्रै थिए। नगरपालिकाले यस विद्यालयलाई मर्ज गर्ने तयारीसमेत गरेको थियो। तर, बागिश्वरीले एक सयजनाभन्दा बढी विद्यार्थी पठाएपछि विद्यालयको अस्तित्व जोगिएको छ। 'बागिश्वरीमा भर्ना हुन आएकालाई सरस्वतीमा पठायौँ,' बागिश्वरी माविका कक्षा ११ र १२ इन्चार्ज ज्ञानसागर प्रजापतिले भने, 'आफ्नैमातहत र क्यालेन्डर एउटै छ भनेर विद्यार्थी र अभिभावकलाई मनाएपछि उहाँहरू सहमत हुनुभयो,' उनले भने, 'हाल यस विद्यालयमा तीन सय विद्यार्थी छन्।' सरस्वती विद्यालय गृहबाट गत वर्ष आठजनाले मात्रै एसइई दिएका थिए भने यसपटक १५ जना विद्यार्थी कक्षा १० मा अध्ययनरत छन्। यस विद्यालयका लागि बागिश्वरीले नै प्राइमरी भवन निर्माण गरिदिएको छ।

सुर्खेत जिल्ला अदालतबाट जारी भएको गोरा रावलको नाती मृगु रावलको छोरा जिल्ला बांके कोहलपुर न.पा. वडा नं. ४ बानियाभार वोरिङ बस्ती बस्ने अं. वर्ष ३८ को लाल बहादुर रावल मो.नं. ९८४०८७५६८९ का नाउंको इतलायनामा म्याद ....

उप्रान्त पार्वती रावलले तपाइका नाउँमा यस अदालतमा मिति २०७९/८/२८ गते सम्बन्ध विच्छेद मुद्दा (मु.नं. ०७९-CP-०३४९) को फिराद पत्र दर्ता गराएकाले यो इतलायनामा म्याद जारी गरिएको छ। यो म्याद प्रकाशित भएका मितिले बाटोको म्याद बाहेक २१ दिन भित्र कानून बमोजिम आफ्नो प्रमाण लिई हाजिर हुन आफै वा कानुन बमोजिम वारेस मार्फत लिखित रुपमा प्रतिउत्तरपत्र लिई हाजिर हुन आउनुहोला नआई अटेर गरेमा मुद्दा कानुन बमोजिम फैसला हुनेछ। पछि तपाईको कुनै उजुर बाजुर लाग्ने छैन। इति सम्बत २०८० साल मंसिर ७ गते रोज ५ शुभम .... ।

लिजमा भवन निर्माण गर्ने सम्बन्धी जानकारी



ललितपुर म.न.पा. वडा नं. ४ धोविघाट अफलडोल (राम मन्दिर) स्थित कि.नं. ९६५ र ९६६ को क्षेत्रफल ०-९-१-२ क्षेत्रफल रहेको जग्गामा लिजमा भवन निर्माण गर्न इच्छुक व्यक्ति वा संस्थाहरुबाट पत्रिकामा प्रकाशित मितिबाट ३ महिना भित्र सम्पर्क गर्नहुनको लागि सूचित गरिन्छ।

सम्पर्क : रोशन शाक्य : ९८४१२२०२१६
: शैलेन्द्र शाक्य : ९८४३१६३७२१

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कैलाली, नेपाल

MBBS अध्ययन छात्रवृत्तिका लागि आवेदन पेश गर्ने सम्बन्धी १५ दिने सूचना

सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयबाट मिति २०८०/०८/०६ गते प्रकाशित चिकित्सा शिक्षा तर्फको MBBS अध्ययन छात्रवृत्तिका लागि आवेदन पेश गर्ने सम्बन्धी १५ दिने सूचना मन्त्रालयको वेवसाइट mosd.p7.gov.np मा राखिएको छ। सूचना बमोजिम आवेदन दिन हुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

सुपर बागमती हाइड्रोपावर लि.
कुपण्डोल, ललितपुर

जग्गा उपलब्ध गराउने सम्बन्धी सूचना

मिति : २०८०/०८/०७

सुपर बागमती हाइड्रोपावर लि. कुपण्डोल, ललितपुरले निर्माण गर्न लागेको सुपर तल्लो बागमती जलविद्युत आयोजना(४१.८६ मेगावाट) को बिभिन्न संरचना निर्माणको लागि वन ऐन २०७६ र नियमावली, २०७९ बमोजिम जग्गा प्राप्ति गर्ने सम्बन्धमा तपशिल बमोजिमको विवरण अनुसारको दर्ता भई जग्गाधनी पुर्जा भएको निजी नम्बरी जग्गा उपलब्ध गराउन इच्छुक जग्गाधनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस आयोजनाको कार्यालयमा आवेदन पेश गर्नहुन जग्गा प्राप्ति सहजीकरण समिति, ललितपुरको मिति २०८०/०८/०६ गतेको निर्णयानुसार सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :

१) सम्भव भएसम्म आयोजनास्थलको नजिक पर्ने राष्ट्रिय वन क्षेत्रसँग जोडिएको र समान भौगोलिक र पारिस्थितिकीय क्षेत्रमा पर्ने तथा जग्गाको विकास गर्न सकिने भु-बनोट भएको हुनुपर्ने।
२) दर्ता भई जग्गाधनी पुर्जा भएको निजी नम्बरी जग्गा हुनुपर्ने।
३) महांकाल गाउँपलिका, ललितपुर, वडा नं. ०६ भित्र जग्गा आयोजनास्थलको नजिक पर्ने राष्ट्रिय वन क्षेत्रसँग जोडिएको क्षेत्रमा ३.५१९ हेक्टरको एउटै क्लष्टरमा रहेको हुनुपर्नेछ।

प्रभु बैंक लिमिटेड शाखा कार्यालय गोठाटार, काठमाण्डौका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई धितोमा रहेको सवारी साधन बुझाउन ल्याउने तथा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०८/०७ गते विहिबार, नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धित शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको तथा धितोमा रहेको तपसिलमा उल्लेखित सवारी साधन बैंककमा बुझाउन अनुरोध गरिएकोमा धितोमा रहेको तपसिलमा उल्लेखित सवारी साधन बैंकलाई नबुझाएको र बैंक आफैले खोजतलास गर्दा समेत फेला नपरेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न सम्बन्धित ऋणीलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। अतः यो सूचना प्रकाशित भएको मितिल ३५ दिन भित्र तपसलिमा उल्लेखित धितोमा रहेको सवारी साधन बैंकमा बुझाउनु हुन तथा बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउन हुन तपाईं ऋणी, सञ्चालक तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र धितोमा रहेको तपसिलमा उल्लेखित सवारी साधन बैंकमा नबुझाएमा तथा बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाईं ऋणी फर्म, ऋणी फर्मको प्रोप्राइटर तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईन सकिने र उक्त सवारी साधन गायव बनाएको मानी बैंकले लेना रकम असुल उपर गर्न तहाँको अन्य कुनै वा सबै सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिबाट बैंकको कर्जा चुक्ता नभएको खण्डमा तहाँ ऋणी तथा जमानतकर्ता समेतबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं। आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा तथा बैंकको उल्लेखित काम कारवाहीबाट तपाई उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जा चुक्ता फछ्र्यौट गर्नु हुने अपेक्षा गरिएको छ।

तपसिल

क. ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण:

ऋणी : नेपाल सरकार उद्योग मन्त्रालय घरेलु तथा साना उद्योग विभाग, मन्थली नगरकार्यपालिका उद्योग विकास शाखा रामेछाप काग्मती प्रदेश नेपालमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ अन्तर्गत मिति २०७४/०८/२९ मा प्रा.फ.र.नं. २३९७/०७४/०७५ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, कोटेश्वरबाट मिति २०६८/०६/०२ मा करदताको नाम हरिवंश कडरिया कारोबारको नाम के.एच ट्रेडर्स भई मिति २०७५/०९/३० (मु.अ.क.मा समेत दर्ता) मा अतिरिक्त कारोवार न्यु.बि.एम निर्माण सेवा दर्ता भई स्थायी लेखानम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६००३२११८३ को प्रमाणपत्र प्राप्त **न्यु.बि.एम निर्माण सेवा**। ठेगाना : रामेछाप जिल्ला लिखु गा.पा.वडा नं.६, खिम्ती।

प्रोप्राईटर तथा जमानतकर्ता : हरिबंश कडरिया	**जमानतकर्ता : कमला अधिकारी**
(ना.प्र.नं. ५१९१८ जारी मिति २०५८/०९/२९, जि.प्र.का. रामेछाप)। ठेगाना : रामेछाप जिल्ला, लिखु गा.पा वडा नं ३ (साविक खिम्ती गा.बि.स वडा नं १)। बाबु : मुकुन्द कडरिया। बाजे : नरदेव कडरिया।	(ना.प्र.नं.६१९५७/३२८७ जारी मिति २०५८/०६/२६, जि.प्र.का.इलाम)। ठेगाना : इलाम जिल्ला, चुलाचुलि गा.पा.वडा नं २ (साविक चुलाचुलि गा.बि.स वडा नं ३)। बाबु :तेज नाथ अधिकारी। पति/ससुरा: हरिबंश कडरिया/मुकुन्द कडरिया।

बैंकलाई बुझाउनु पर्ने Heavy Equipment सवारी साधनहरुको विवरण :
धनी प्रभु बैंक लि. ऋणी न्यु बि.एम. निर्माण सेवा भई नेपाल सरकार श्रम रोजगार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था बिभाग, यातायात व्यवस्था कार्यालय, साना/ठूला सवारी बाग्मती प्रदेश, ललितपुर नेपालमा दर्ता रहेको दर्ता नः बा ३ क ४१६१ च्यासिस नं : HAR3DXSUK02716503 इन्जिन नं :H00202246 मोडेल : Backhoe loader क्रसर।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

बिहीबार ७ मंसिर ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

दोस्रो एनएसएल लिगमा सबैको ध्यान विदेशी खेलाडीमा

रमेश सुवेदी/नयाँ पत्रिका

दोस्रो नेपाल सुपर लिग (एनएसएल) शुक्रबारबाट दशरथ रंगशालामा सुरु हुँदै छ। आयोजक नेपाल स्पोर्टस् एन्ड इभेन्ट म्यानेजमेन्ट प्रालिले प्रतियोगिताको सबै तयारी पूरा भएको जानकारी गराएको छ। साथै, लिगमा सहभागी नौ टोलीले पनि आफ्नो तयारी पूरा भएको जनाएका छन्। यसपटक सहभागी क्लबले पाँच विदेशी, मार्कीसहित २३ खेलाडी एनएसएलका लागि तयार गरेका छन्। यसैको भरमा उनीहरूले उपाधि जित्ने लक्ष्य राखेका छन्।

पहिलो संस्करणको तीन वर्षपछि दोस्रो संस्करण आयोजना हुन लागेको हो। यसअघि आ-आफ्नो अस्तित्वको विषयमा विवाद हुँदा दोस्रो संस्करणका लागि फुटबल समर्थकले तीन वर्ष प्रतीक्षा गर्नुपऱ्यो। नेपाली फुटबलको सर्वोच्च निकाय अखिल नेपाल फुटबल संघ (एन्फा)भित्रको आन्तरिक विवाद एनएसएलभित्र छिरेपछि यसले उग्र रूप लिएको थियो। जसका कारण चौधरी ग्रुपको स्वामित्वमा रहेको आयोजकले पहिलोपटक ल्याएको फ्रेन्चाइज लिग हुने वा नहुने निष्कर्षमा पुग्न सकेन।

प्राविधिक सहयोग गरेको एन्फा यसपटक प्रतियोगिताको मिति घोषणा गर्न सफल भयो। ८ मंसिरदेखि १४ पुससम्म चल्ने प्रतियोगिताको अक्सन १९ असोजमा भएको थियो। लिगमा सहभागी क्लबले अक्सनबाट १४ घरेलु, पाँच विदेशी र एक मार्की गरी २१ खेलाडी तय गरिसकेका छन्। पहिलो संस्करणमा चार विदेशी खेलाडी अनुबन्ध गर्न पाउने र तीन खेलाडीले मैदानमा खेल्न पाउने नियम बनाइएको थियो।

यसपटक आयोजकले पाँच विदेशी खेलाडी मैदान उतार्न मिल्ने निर्णय गरेको छ। सहभागी टोलीकै आग्रहमा पाँच विदेशी खेलाडी खेलाउने निर्णय भएको हो। घरेलु लिग खेलिरहेका ६० जनाभन्दा बढी खेलाडी यस अवधिमा अस्ट्रेलियालगायत विभिन्न देश पुगेपछि एनएसएल लिगमा विदेशी खेलाडीको संख्या बढाइएको हो। यसैअनुरूप सहभागी नौ क्लबले नै समान पाँच विदेशी खेलाडी अनुबन्ध गरेका छन्।



दशरथ रंगशालामा हुने एनएसएल लिगको तयारीबारे जानकारी दिँदै आयोजक। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

१४ पुससम्म चल्ने एनएसएल विजेताले कम्तीमा ७० लाख रुपैयाँ पाउने

यसपटक प्रत्येक टोलीले पाँच विदेशी खेलाडी अनुबन्ध गरेका छन्

सहभागी क्लबका प्रशिक्षकको यस्ता छ रणनीति

■ विदेशी खेलाडीबाट आशा छ

बालगोपाल महर्जन, प्रशिक्षक, काठमाडौं रेजर्स

मुख्य प्रशिक्षक र साबिक विजेता भएको नाताले यस वर्ष पनि उपाधि जित्ने योजना बनाएका छौं। १ नोभेम्बरदेखि तयारी थालेका थियौं। मार्की, विदेशी खेलाडीदेखि सबै सन्तुष्ट छन्। पाँच विदेशी खेलाडी राख्न पाउँदा प्रदर्शन अझै राम्रो गर्न सकिन्छ। यसपटक पनि लिगमा विदेशी खेलाडी नै निर्णायक हुनेछन्। गत सिजन पनि विदेशी र स्थानीय खेलाडीको भरमा जितेका थियौं। चाडपर्व र राष्ट्रिय टोलीका खेल हुँदा समस्या भयो। क्यामरुन र उज्बेकिस्तानका खेलाडीबाट धेरै आशा गरेका छौं।

■ स्थानीय खेलाडीलाई क्षमता देखाउने अवसर

मेहराजुद्दिन वाडु, प्रशिक्षक, एफसी चितवन

भारतीय फुटबलमा २० वर्ष काम गरेको अनुभव छ। प्रशिक्षकका रूपमा रहेको सात वर्ष भयो। पहिलोपटक नेपालमा आउँदा मेरा लागि चुनौती छ। लिगका लागि तीन साता तयारी गर्‍यौं। आशा छ, यो सिजन राम्रो हुनेछ। एनएसएल भारतको आइएसएलजस्तै हो। एनएसएल भनेको स्थानीय खेलाडीलाई क्षमता देखाउने अवसर हो। सुरुवाती अभ्यासमा सात खेलाडी थिए। अहिले सबै खेलाडी छन्। एक दिन मात्रै सबै खेलाडी भएर अभ्यास गर्न पायौं। घानाका चार खेलाडी हुँदा टोली राम्रो छ।

■ स्पेनिस फुटबलको झल्को देख्न सकिन्छ

ओलिओल मोहदानो सेगुरा, प्रशिक्षक, झापा एफसी

स्पेनबाट आएका कारण टिम हेर्ने समय छोटो भयो। हाम्रो अनुभव खेलाडीमा लागू गर्नुपर्नेछ। खेलाडीलाई अनुभव बाँड्दै च्याम्पियन बनाउने हो। धेरै समय तयारी गर्न अवसर पाएनौं। एनएसएल खेल्न उत्साहित छौं। सबैलाई चुनौती छ। लाकेनको चोटले चिन्ता बढाएको छ। उनको अवस्था के छ, सल्लाहको क्रममा छौं। स्पेनिस फुटबलको झल्को झापामा पनि देख्न पाउँछौं।

■ पहिलो लक्ष्य क्वालिफायर हो

नवीन न्यौपाने, प्रशिक्षक, पोखरा थन्डर्स

सबै टोलीले आजबाट मात्रै सबै खेलाडीलाई तयारी गराएका छन्। विदेशी र स्वदेशी खेलाडीको सेट मिलाउन गाह्रो छ। पोखरामा हामीसँग नेपालमै खेलिरहेका विदेशी खेलाडी रहेकाले सहज भएको छ। अक्सनबाट युवा खेलाडी लियौं। हामीहरूको लक्ष्य क्वालिफायरमा पुग्ने हो। त्यसपछि योजना बनाएर खेल्छौं।

■ छोटो समयको तयारी

सनोज श्रेष्ठ, प्रशिक्षक, वीरगन्ज युनाइटेड

हाम्रो तयारी आज मात्रै पूरा भएर गर्न पाएका छौं। अक्सनबाट युवा खेलाडी र विदेशी पाँचजना गर्दा राम्रो भएको छ। छोटो समयको तयारीमा राम्रो टोली बनेको छ। पहिलो संस्करण बुटबलबाट खेल्दा र यसपटक सातदोबाटोमा खेलेका विलियम छन्। अरू विदेशी नयाँ हुन्।

■ तयारीको समय छोटो भयो

विजय महर्जन, प्रशिक्षक, बुटवल लुम्बिनी एफसी

हामीहरूको तयारी पनि छोटो नै भयो। टिम बुटवलमै छ। आज सबै जम्मा हुन्छौं र त्यसपछि मात्रै राम्रो तयारी हुन पाउँछ। हामहरूको व्यवस्थापन राम्रो छ। मेरो लागि यो ठूलो चुनौती हो।

■ तीन साताको तयारी हो

मेघराज केसी, प्रशिक्षक, स्पोर्टिङ इलाम एफसी

दोस्रोपटक एनएसएल हुँदै छ। हामी आफैं यस खालको फुटबलमा सिक्दै छौं। सिक्ने र सिकाउने जहाँ भए पनि फरक पर्दैन। तीन हप्ताको तयारी भएको छ। अहिलेको अवस्थामा फुटबल भइरहेको छ। टिममा प्रोफेसनल खेलाडी छन्। खेलाडीबीच तालमेल मिलाउन दुई हप्ता नै काफी हो। सबै खेलाडीले फिटनेसमा ध्यान दिँदा चाँडै टोली तयार हुन्छ। हामीले विदेशहरू सेनेगलको एकेडेमीका युवा खेलाडी ल्याएका छौं।

■ हरेक खेल कठिन हुनेछ

इयान आन्द्रे गियान, प्रशिक्षक, ललितपुर सिटी एफसी

ललितपुरको प्रशिक्षक हुँदा खुसी छु। हाम्रोमा राष्ट्रिय टोलीका चार खेलाडी र पाँच विदेशी खेलाडी छन्। दुईजना यू-१९ का छन्। एक जना यू-१६ बाट पस्केका छन्। मलाई मात्रै होइन, हरेक प्रशिक्षकलाई दबाब हुन्छ। हरेक कोचको भैं मेरो पनि उपाधि जित्ने लक्ष्य छ। साथै हरेक खेल कठिन हुन्छ। खेल्न सहज हुनेछैन। हामीले राम्रो गरेका छौं।

■ स्वदेशी र विदेशी खेलाडीबीच राम्रो छ

युगलकिशोर राई, प्रशिक्षक, धनगढी

हामीले लिगको तयारीका रूपमा दुई मैत्रीपूर्ण खेल्यौं। टोलीको तयारी उत्साहजनक छ। विदेशी खेलाडी र नेपाली खेलाडीबीचको तालमेल राम्रो हुँदै छ। पछिल्लोपटक उपविजेता भएकाले यसपटक विजेता बन्न प्रतिस्पर्धा गर्नेछौं। सोहीअनुसार विदेशी खेलाडी अनुबन्ध गरेका हौं। नेपाली खेलाडी पनि राम्रा छन्।

खेल संक्षेप

रेडिअन्ट कप आजदेखि

काठमाडौं/ रेडिअन्ट पब्लिक बोर्डिङ स्कुलको आयोजनामा नवौं रेडिअन्ट कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिता बिहीबारदेखि हुने भएको छ। प्रतियोगितामा ४८ विद्यालयको सहभागिता रहने बुधबार आयोजित पत्रकार सम्मेलनमा रेडिअन्टका प्रिन्सिपल सूर्यबहादुर केसीले जानकारी गराएका छन्। सिनियर पुरुष २४ टोली रहनेछ। जुनियर पुरुष र सिनियर महिलामा समान १२ टोली रहनेछन्। सिनियरलाई आठ समूहमा विभाजन गरिएको छ। बाँकी दुई टोलीलाई चार समूहमा खेलाइनेछ। सिनियर पुरुष र महिलामा निम्स साबिक विजेता हो। जुनियर पुरुषमा युनिक डिफेन्डिङ च्याम्पियन हो।

सौगात र अञ्जुलाई स्वर्ण

काठमाडौं/ कोशी प्रदेशका सौगात लामा र अञ्जु खवासले दोस्रो राष्ट्रिय लेजर रन प्रतियोगितामा स्वर्ण जितेका छन्। मोर्डन पेन्टाथलन संघद्वारा बुधबार आयोजित प्रतियोगिताको यू-१७ उमेर समूहको पुरुषमा सौगात र महिलामा अञ्जुले स्वर्ण जितेका हुन्। यू-१९ को पुरुषमा बागमती प्रदेशका सुलभ सुनुवार र महिलामा गण्डकी प्रदेशकी विनिता सार्की पहिलो भए। जुनियरको पुरुषमा बागमतीका राहुल दर्शन र महिलामा कोशीकी इन्द्रकला नेम्वाङ शीर्ष स्थानमा रहे। यू-९ पुरुषमा बागमतीका पविनजंग गुरुङ र महिलामा बागमतीकै सुविज्ञा सुवेदीले उपाधि हात पारे। यू-१३ पुरुषमा कोशीका युसन कार्की र महिलामा कोशीकै स्नेहा राजवंशीले फाइनलमा आ-आफ्ना प्रतिद्वन्द्वीलाई हराए।

गैंडाकोटले चितवनलाई हरायो

भरतपुर/ चितवनमा चलिरहेको लेडी जेसिज कप राष्ट्रिय महिला फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ। प्रतियोगिताअन्तर्गत बुधबार भएका तीन खेलपछि अन्तिम चारमा पुग्ने टोली टुंगो लागेको आयोजकले जनाएको छ। नेपाल प्रहरी शिक्षालय (भरतपुर तालिम केन्द्रमा) भएको पहिलो खेलमा गैंडाकोट एफसीले चितवन- ११ लाई ४-१ ले हराउँदै अन्तिम चारको स्थान पक्का पाऱ्यो। गैंडाकोटकी मनमाया परियारले दुई गोल गरिन्। अर्को खेलमा रौतहट महिला फुटबल एकेडेमीले बागमती खेलकुद विकास समिति मकवानपुरलाई १-० ले हरायो।

आजदेखि केपी ओली कप

कास्की/ पोखरामा बिहीबारदेखि प्रथम केपी ओली कप राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिता हुँदै छ। मदन भण्डारी स्पोर्टस् एकेडेमीको आयोजना तथा एकेडेमीको कास्की शाखाको व्यवस्थापनमा हुने प्रतियोगिताको उद्घाटन खेलमा बागमती प्रदेश र आयोजक एकेडेमीको रातोबीच प्रतिस्पर्धा हुनेछ। पोखरा रंगशालास्थित क्रिकेट मैदानमा १५ मंसिरसम्म हुने प्रतियोगिताको उद्घाटन एमाले अध्यक्ष केपी ओलीले गर्नेछन्। आइसिसीको नियमअनुसार खेलाइने प्रतियोगितामा १२ टोलीले प्रतिस्पर्धा गर्ने आयोजकले जनाएको छ।

अलराउन्डर सोनुले लिए सन्न्यास

काठमाडौं/ घरेलु क्रिकेटमा हिटर ब्याट्समयानको छवि बनाएका अलराउन्डर सोनु तामाङले सन्न्यास घोषणा गरेका छन्। त्रिभुवन आर्मी क्लबका सोनुले पहिलो केपी ओली कप टी-२० क्रिकेट प्रतियोगिताअघि सन्न्यासको घोषणा गरे। उनले सोसल मिडियाबाट आफूले घरेलु क्रिकेटबाट विश्राम लिएको जनाएका छन्। साढे दुई दशक लामो क्रिकेट यात्राबाट अलग हुँदा उनले दुःख व्यक्त गरेका छन्। प्रतिभाशाली युवा क्रिकेटर भए पनि उनले एकपटक पनि राष्ट्रिय क्रिकेट टोलीमा स्थान बनाउन सकेनन्।



करिअरमा उनी एकपटक २०१५ मा राष्ट्रिय टोलीको क्लोज क्याम्पमा अटाएका थिए। राष्ट्रिय टोलीको बन्द प्रशिक्षणमा रहँदा हर्ष लागेको उनले बताए। उनले भारतबाट आफ्नो क्रिकेट करिअर सुरु गरेका थिए। त्यसपछि बिस्तारै उनी नेपालको घरेलु प्रतियोगितामा स्थान बनाउँदै थिए। ३९ वर्षका सोनुले आगामी दिनमा क्रिकेट प्रशिक्षणमा लाग्ने जनाएका छन्।

'अब प्रशिक्षणमा पुनः क्रिकेटमा फर्किनेछु,' उनले भने। उनले मुम्बईका स्थानीय क्लबदेखि बालुवाटार क्रिकेट क्लब, महावीर क्लब, काठमाडौं जिल्ला, पञ्चकन्या तेज, काठमाडौं गोल्डेन्स, ललितपुर प्याट्रिओट्स, चितवन राइनोज र त्रिभुवन आर्मी क्लबबाट खेलेका छन्।

सद्भावको चार स्ट्रोकको अग्रता

काठमाडौं/ सूर्य नेपाल गल्फ टुर २०२३/२४ अन्तर्गत सूर्य नेपाल सेन्ट्रल ओपनको तेस्रो दिन राष्ट्रिय टिमका एमेच्योर गल्फर सद्भाव आचार्यले दोस्रो स्थानमा रहेका दिनेश प्रजापतिविरुद्ध ४ स्ट्रोकको अग्रता लिएका छन्। गोकर्ण गल्फ क्लबमा सद्भावले बुधबार ४ अन्डर ६८ स्कोर गरे। सिजनको पहिलो प्रतियोगितामा उनले समग्रमा १४ अन्डर २०२ कार्ड लेखाएका छन्। प्रोफेसनल गल्फर दिनेशले ३ अन्डर ६९ स्कोर गरे। उनले तेस्रो दिनको खेल समाप्तिसम्म १० अन्डर २०६ कार्ड लेखाएका छन्। प्रोफेसनलतर्फ उनी अगाडि छन्। ७ अन्डर ३०९ कार्ड लेखाएका भुवन नगरकोटी तेस्रो स्थानमा उक्लिए।

प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरिरहेका सद्भावले आकर्षक सुरुवात गरेका थिए। दोस्रोदेखि पाँचौं होलमा लगातार उनले चार बर्डी प्रहार गरे। ३ पारको आठौं होलमा एक सट खेर फालेका उनले नवौं होलको बर्डीले फ्रन्ट नाइन ४ अन्डर ३२ कार्ड लेखाएका थिए। ब्याक नाइनको सुरुवात पनि उनले राम्रो गरे। १०औं होलमा बर्डी र ५ पारको ११औं होलमा इगल निकालेका सद्भावले ब्याक नाइनमा इभनपार ३६ खेलेका थिए।

Pokhara Metropolitan City
Office of Municipal Executive
Gandaki Province, Nepal
Newroad, Pokhara

NOTICE OF INTENT OF ACCEPTANCE

Date of Publication : 2080/08/07 (23th November 2023)

For the provision on sub clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is notifying to all Bidders who submitted their bids for the contract as per the IFB Notice published on Nayapatrika National Daily on 28th Bhadra 2080 that the following mentioned lowest evaluated substantial responsive bidder is intended to award the Contract.

S.N.	Name of Project	Contract Identification No.	Name of Successful Bidders	Bid Amount (Excluding VAT& PS), NRs	IFB Notice Publication Dates
1.	Rental of Vehicle for supervision of Talchowk Begnas Road Project	Contract ID: 5/PMC/NCB/G/080-081 IFB No : 5.1/PMC/080-081	Spark Tours Pvt. Ltd, Thapathali	26,48,638.00	28th Bhadra 2080

Chief Administrative Officer

ब्राजिलमाथि अर्जेन्टिनाको कठिन जित

एजेन्सी

दुईपक्षीय समर्थकबीच झडपका कारण निर्धारित समयभन्दा आधा घन्टापछि सुरु भएको विश्वकप २०२६ अन्तर्गत दक्षिण अमेरिकी छनोटमा अर्जेन्टिनाले ब्राजिलमाथि १-० को जित निकालेको छ। गत साता अर्जेन्टिना उरुग्वेसँग २-० ले पराजित भएको थियो। कोलम्बियाले ब्राजिलमाथि २-१ को जित निकालेको थियो। विश्वकप छनोटमा ब्राजिलले सुरुका दुई खेलमा जित निकालेको छ। त्यसपछिका खेलमा ब्राजिल संघर्ष गरिरहेको छ। अर्जेन्टिनाले छनोटमा लगातार चार खेलमा जित निकालेको थियो। अर्जेन्टिनी टोली पाँचौं खेलमा पराजित भएको थियो।

विश्व फुटबलमा ब्राजिल र अर्जेन्टिनाबीचको खेल सर्वाधिक हेरिनेमा पर्छ। यसलाई फुटबल समर्थकलाई 'सुपर क्लासिको' भन्ने गर्छन्। बुधबार बिहान भएको खेलको पहिलो हाफमा निकै फल भएको थियो। पहिलो हाफ गोलरहित बराबरी भएको थियो। खेलको ६३औं मिनेटमा अर्जेन्टिनाले १-० को अग्रता लियो। अर्जेन्टिनालाई ओटामेन्डीले अग्रता गोल गरेका थिए।

खेलको ८१औं मिनेटमा ब्राजिल १० जनामा सीमित भएको थियो। जोलिङटनले रोपड्गो डे पलमाथिको फलका लागि रातो कार्ड पाए। ब्राजिलले अन्तिम १० मिनेट १० खेलाडीमा प्रतिस्पर्धा गरेको थियो। यसैगरी, अन्य खेलमा उरुग्वे, कोलम्बिया र इक्वेडरले जित निकालेका छन्। उरुग्वेले बोलिभियालाई ३-० ले हरायो। कोलम्बियाले पेरुमाथि १-० को जित हात पाऱ्यो। इक्वेडरले चिलीलाई १-० ले पाखा लगायो। पेरु र भेनेजुएलाले १-१ को बराबरी खेले।

दक्षिण अमेरिकी छनोटमा अहिले ६ चरण समाप्त भएको छ। अर्जेन्टिना १५ अंकका साथ शीर्ष स्थानमा छ। दोस्रो स्थानमा रहेको उरुग्वेले १३ अंक जोडेको छ। कोलम्बिया १२ अंकका साथ तेस्रो स्थानमा छ। ९ अंक जोडेको भेनेजुएला चौथो स्थानमा छ। इक्वेडर ८ अंकका साथ पाँचौं र ७ अंक बटुलेको ब्राजिल छैटौं स्थानमा छ।

माराकाना रंगशालामा अर्जेन्टिनी र ब्राजिलियन समर्थकबीच झडप

२०२६ को विश्वकपअन्तर्गत दक्षिण अमेरिकी छनोटमा विश्व विजेता अर्जेन्टिना र पाँचपटकको विजेता ब्राजिलले एकआपसमा प्रतिस्पर्धा गरेका थिए। दुवै टोलीको नजरमा यो खेल महत्त्वपूर्ण थियो। यसै साता यी दुवै विश्व च्याम्पियन टोलीले अघिल्लो खेल गुमाएका थिए। स्पष्ट २ अंक हात पार्ने उद्देश्यका साथ ब्राजिल र अर्जेन्टिनाले माराकाना रंगशालामा प्रतिस्पर्धा गरे। तर, खेलमा दुई पक्षका समर्थकबीच झडप भयो। जसका कारण ब्राजिल र अर्जेन्टिनाबीचको खेल केहीबेर अवरुद्ध हुन पुग्यो।

रियो दी जेनेरियोस्थित माराकाना रंगशालामा खेल सुरु हुनअघि नै अर्जेन्टिनी र घरेलु ब्राजिलियन दर्शकले एकआपसमा बोतल फ्याँकेका थिए। सुरुमा सामान्य रूप लिएको थियो, तर त्यसपछि समर्थक समूहबीच हानाहान भयो। ब्राजिलको माराकाना रंगशाला केहीबेर तनावग्रस्त बन्यो। दुवै टोली मैदानमा उत्रिएर राष्ट्रिय गान सकिएलगतै फ्यानहरूबीच झडप भएको थियो।

यसक्रममा समर्थकहरू कुटाकुट गर्दा घाइतेसमेत भएका छन्। घाइतेलाई प्रहरीले नजिकको अस्पतालमा पुऱ्याइको थियो। दक्षिण अमेरिकी फुटबलकै कट्टर प्रतिस्पर्धीबीच खेलअघि समर्थकबीचको तनाव स्थितिलाई नियन्त्रणमा लिन प्रहरीलाई हम्मेहम्मे परेको थियो।

Government of Nepal
Armed Police Force, Nepal Headquarters,
Procurement Division
Kathmandu, Nepal

Letter of Intent

Date of publication: 2080/08/07

As per section 27(2) of Public Procurement Act-2063, This is to notify all the concerned Parties that it is our intention to award below mentioned contracts (IFQ No: APF/NCB/G/03/2080/081), published on National Daily Newspaper Naya Patrika on 2080/05/29) to the substantially responsive lowest evaluated bids as mentioned in respective column.

S. N	Contract ID No.	Name of Procurement	Selected Bidder	Bid Amount (without VAT) NRs.
1.	APF/NCB/G/ 03/2080/081/01	Office Stationery Items	Shree Champadevi Trading Company , Kathmandu	93,20,702/-
2.	APF/NCB/G/ 03/2080/081/02	Miscellaneous Items	Mater Trading Company Pvt. Ltd., Kathmandu	41,24,185/-
3.	APF/NCB/G/ 03/2080/081/03	Printing Items	3G Printers, Lalitpur	25,55,908/50
4.	APF/NCB/G/ 03/2080/081/04	Communications Items	Mater Trading Company Pvt. Ltd., Kathmandu	96,01,250/-
5.	APF/NCB/G/ 03/2080/081/05	Armourer Items	Mater Trading Company Pvt. Ltd., Kathmandu	16,71,330/-
6.	APF/NCB/G/ 03/2080/081/06	Maintenance Items	Mater Trading Company Pvt. Ltd., Kathmandu	49,34,150/-
7.	APF/NCB/G/ 03/2080/081/07	Vehicle Spare Parts	CM Auto Center Pvt. Ltd., Lalitpur	56,71,575/-

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com